संघीय तहमा आन्तरिक रोजगारी सृजना सम्बन्धी नीतिगत अध्ययन

(प्रतिवेदन)

पेश गरिएको निकाय

प्रधानमन्त्री रोजगार कार्यक्रम

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

पेश गर्ने

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

२०७७

अध्ययन समूह

श्री बिष्णु प्रसाद लम्साल – विज्ञ सल्लाहकार

श्री राजेन्द्र अधिकारी – संयोजक

श्री तुलसी शरण सिग्देल – विज्ञ (आन्तरिक)

श्री रोशनी भुजेल – अनुसन्धान अधिकृत

क्षेत्रगत विज्ञहरू –

श्री प्रताप कुमार पाठक

श्री पुष्पलाल शाक्य

श्री रघुराज काफ्ले

कृतज्ञता

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको अनुरोधमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट 'संघीय तहमा आन्तरिक रोजगारी सृजनासम्बन्धी नीतिगत अध्ययन' गरी यो प्रतिवेदन तयार पारिएको छ । अध्ययन कार्यका लागि अवसर प्रदान गरेकोमा मन्त्रालयको उच्च व्यवस्थापन र अध्ययनका क्रममा आवश्यक सहजीकरण गरीदिने प्रधानमन्त्री रोजगार कार्यक्रम परिवार प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । तोकिएका नीतिहरूको लेखाजोखा र समीक्षा गर्नका लागि ती नीतिहरू कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय र निकायहरूबाट आवश्यक तथ्यांक, विवरण तथा अन्य उपयुक्त सामग्रीहरू संकलन गर्दा तथा पटक-पटक छलफल र अन्तर्वार्ता गर्ने क्रममा सहभागिता जनाउने तथा सहयोग गर्ने उच्च व्यवस्थापन र नीति व्यवस्थापन गर्ने सम्बन्धित महाशाखा परिवारप्रति अध्ययन समूह हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । अध्ययनका क्रममा अन्तर्वार्ता, छलफल तथा अन्तरक्रियामा सहभागी भै महत्वपूर्ण सूचना, जानकारी र विचार प्रदान गर्नु हुने स्थानीय सरकारका जनप्रतिनिधिहरू, विश्वविद्यालयका प्राध्यापकहरू, स्वतन्त्र अध्येता, गैह्र-सरकारी क्षेत्रका विज्ञहरू आदि सबैमा कृतज्ञता व्यक्त गर्दछौं । यो अध्ययन गर्न विश्वासका साथ जिम्मेवारी प्रदान गर्ने प्रतिष्ठानको उच्च व्यवस्थापन प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

- **अध्ययन समूह**

कार्यकारी सारांश

रोजगारीको सृजना कुनै एक नीति तथा कार्यक्रम वा कुनै एक क्षेत्रबाट मात्र सम्भव नहुने भएकाले यसलाई बहुआयामिक विषयको रूपमा हेरीन्छ । विभिन्न क्षेत्रहरुको समन्वयात्मक र सामूहिक प्रयासबाट रोजगारी सृजनालाई बढाउँदै आर्थिक विकासका अवसरहरुको समाजमा न्यायिक वितरण गर्नु जरुरी रहन्छ । नेपालको वर्तमान अवस्थामा रहेको जनसांख्यिक लाभ क्रमशः कम हुदै जाने भएकाले आर्थिक रूपमा सक्रिय हुनसक्ने युवाशक्तिको अधिकतम उपयोग गर्दै सोबाट आर्थिक सम्बृध्दि हासिल गर्न राष्ट्रिय नीतिहरू बढी भन्दा बढी रोजगारी सृजना गर्नेतर्फ परिलक्षित हुनुपर्छ ।

यसै सन्दर्भमा, नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमले रोजगारीका क्षेत्रहरूको पहिचान गर्दै थप अवसरहरु सृजना गर्न योजनाबद्ध कार्यहरु गरिरहेको परिप्रेक्ष्यमा राष्ट्रिय रोजगार नीति तथा रोजगारी सृजना तथा प्रदान गर्ने क्षेत्रगत नीतिहरूको अन्तरसम्बन्ध पुनरावलोकन गरी आगामी दिनका लागि अरु प्रभावकारी नीतिगत उपायहरूको पहिचान गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ ।

उक्त आवश्यकताको महशुस गरी रोजगारीका अवसर सृजना गर्नमा निर्देशित वा सम्वन्धित भएका क्षेत्रगत/विषयगत नीतिहरुको अध्ययन गरी नीति, कार्यक्रम तथा बजेट (स्रोत परिचालन) मा सुधारका उपायहरू सुझाउने मूल उद्देश्यसहित यो अध्ययन गरिएको छ । यस अध्ययनमा क्षेत्रगत रोजगारीको विद्यमान अवस्था एवं आन्तरिक रोजगारीसम्बन्धी नीतिगत व्यवस्थाको समीक्षा, सम्बन्धित क्षेत्रमा रोजगारी सिर्जनाको सम्भावनाको आंकलन गर्दै सो क्षेत्रमा रहेको आन्तरिक रोजगारी सिर्जनाको सम्भावनालाई उजागर तथा उपयोग गर्न आगामी दिनमा अवलम्बन गर्नु पर्ने स्पष्ट नीति तथा कार्यक्रम र स्रोत सुनिश्चितताका पक्षमा गर्नुपर्ने सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा रोजगारसम्बन्धी संबैधानिक व्यवस्था, रोजगारीको हकसम्बन्धी कानूनी व्यवस्थाको दृष्टिकोण, विद्यमान आवधिक योजना तथा दीर्घकालिन रणनीतिक योजनामा रोजगारसम्बन्धमा भएका व्यवस्था र दृष्टिकोणकासाथै दीगो विकासका लक्ष्य (एजेन्डा २०३०) ले अवलम्बन गरेका पक्षहरूलाई सैध्दान्तिक दिशानिर्देशका रूपमा लिईएको छ । यो अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा विभिन्न क्षेत्रगत नीतिहरू (कृषि नीति, औद्योगिक नीति,पर्यटन नीति, वन तथा वातावरण नीति, सिंचाई तथा जलश्रोत नीति, भौतिक पूर्वाधारसम्बन्धी नीति, गरिबी निवारण नीति, राष्ट्रिय रोजगार नीति, सूचना तथा संचार प्रविधि नीति, वन र वातावरण नीति, यातायात नीतिका साथै आवधिक योजनाहरू) को पुनरावलोकन एवं विश्लेषण; संम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रियाबाट नीतिहरुमा अवलम्बन गरिएका दूरदृष्टि, परिलक्ष्य, लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति तथा कार्यक्रम समेतको

समीक्षात्मक र बहुपक्षीय मुल्यांकन गरिनुका साथै विभिन्न स्रोतबाट प्राप्त गरिएका तथ्यांक तथा सूचनाहरूलाई स्थापित ***'नीति विश्लेषण तथा पुनरावलोकन खाका'***को उपयोग गर्दै समीक्षा गरिएको छ।

अध्ययनका क्रममा नेपालको समग्र विकास र रोजगारी सम्बन्धी राज्यको पहल र नीतिगत व्यवस्थालाई ऐतिहासिक सिंहावलोकन गर्दा दुईवटा धारणामा हेर्न सकिन्छ। खासगरी बि.सं. २०४६ अघिसम्म मूलत: राज्यकेन्द्रित अवधारणा र सो पश्चात उदार तथा बजारकेन्द्रित अवधारणा प्रभावी देखिन्छन्। अध्ययनका क्रममा लिइएका क्षेत्र/विषय र अवलम्बन गरिएका नीतिहरू मूलत: दोश्रो अवधारणाका आधारमा नीति व्यवस्थापन गरिएको सन्दर्भका रहेका छन्।

रोजगारीका दृष्टिले नेपालमा कार्यान्वयनमा ल्याइएका विभिन्न क्षेत्रगत/विषयगत नीतिको विश्लेषण र समीक्षाका क्रममा नीतिको रोजगार योग्यता, कार्यान्वन क्षमता, नीति कार्यान्वयन दक्षता र उपलव्धि तथा दीगोपनालाई मूख्य: सूचकको रूपमा लिईएको छ। साथै, रोजगारी सिर्जनाको दृष्टिकोणबाट उल्लेखित क्षेत्रगत नीतिहरूले लिएका *रोजगारसम्बद्ध मूख्य नतिजाका क्षेत्र, परिमाणात्मक लक्ष्य, नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था, कार्यान्वयनको अवस्था, प्रगतिको स्थितिमा देखिएको अन्तरको समीक्षा (Gap Analysis)* जस्ता सुचकहरुको आधारमा समीक्षात्मक विश्लेषण गरिएको छ।

साथै रोजगारसम्वद्ध नीतिको विश्लेषण र समीक्षा गर्दा रोजगारी सृजनाका लागि नीतिगत प्राथमिकता र प्रतिवद्धता एवम् पर्याप्त लगानी वा श्रोतको परिचालन; रोजगारीका लागि मानव पूँजी र उद्यमशील संस्कारको विकासका लागि रोजगारमूलक शिक्षा र तालिम, उद्यमशीलता तथा सीप अभिवृद्धि; रोजगारी सृजनालाई सवल र अनुकूल तुल्याउन व्यवसाय सन्चालन र नवप्रवर्तनी उत्पादनका क्रियाकलापका लागि सहजीकरण, सहयोग र वित्तीय प्रोत्साहन; रोजगारी सृजनाका लागि सक्षम र जवाफदेही संस्थागत व्यवस्था; रोजगारमैत्री लगानी र रोजगारी सृजनाका लागि निजी, सहकारी/समुदाय र विकास साझेदारसंग सहकार्य र साझेदारीको दृष्टिकोण; रोजगारी सृजना र प्रवर्द्धनका लागि श्रमबजार सूचना व्यवस्थापन; श्रममैत्री प्रविधिको उपयोगको दृष्टिकोण; उत्पादनशील कामको संस्कारको विकास तथादक्षतामा आधारित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पूँजीको परिचालन गरी उत्पादनशील रोजगारीको दायरा वृद्धिगर्न सकिने दृष्टिकोण समेत राखिएको छ।

रोजगारसम्बध्द मूल नीतिका रूपमा राष्ट्रिय रोजगार नीति, २०७१ र अन्य क्षेत्रगत नीतिहरूको नतिजामूलक सूचकहरूको आधारमा समीक्षा गर्दा सबैजसो नीतिहरूमा रोजगारसम्बद्ध स्पष्ट परिमाणात्मक लक्ष्य किटान गर्न तथा नीति कार्यान्वयनका लागि उचित वातावरण निर्माण गर्न, प्राथमिकता निर्धारण गर्न र रोगगारी सृजनागर्ने कार्यहरू क्षेत्रगत नीतिहरुमा प्रभावकारी रूपमा मूलप्रवाहीकरण हुन सकेको छैन। खासगरी राष्ट्रिय रोजगार नीतिमा राखिएका विभिन्न क्षेत्रमा सृजनागरिने रोजगारीको लक्ष्य सम्बन्धी प्रावधानहरूको कार्यान्वयनका लागि नीतिगत दिशानिर्देशका साथै कार्यक्रम समेत राखिएको मा तत्-तत् क्षेत्रका नीतिहरू

प्राथमकिताका साथ रोजगारी सृजनाका लक्ष र कार्यान्वयनका उपायहरू अवलम्बन गरिएको देखिदैन। साथै नीति निर्माण र कार्यान्वयनमा समन्वय गरिएको/गर्ने मान्यता र कार्यक्रमिक उपाय किटान गरिएको समेत देखिदैन।

अझै पनि १८.७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेको गरिबीका मानवीय, सामाजिक, आर्थिक तथा समग्र सुरक्षा पक्षसंग जोडिने आयामहरूको रुपान्तरणका लागि नेपाल सरकारले बिगतमा आवधिक योजनाहरू, गरिबी निवारण रणनीति, सहश्राब्दी विकास लक्ष्यहरू हुँदै दीगो विकास लक्ष्य लगायत नीति तथा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गरेको देखिन्छ । गरिवी निवारण गर्ने अभियानमा राज्यले गैरसरकारी, सहकारी र निजी क्षेत्रहरूसंग हातेमालो गर्दै एकीकृत प्रयत्न पनि गरी रहेको छ। गरिबीमुक्त र समानातायुक्त समाज स्थापनाको दीर्घकालीन सोंच सहित निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या आगामी १० बर्षमा ५ प्रतिशत र २५ बर्षमा शुन्यमा झार्ने महत्वाकांक्षी परिमाणात्मक लक्ष्यसहित गरिबी निवारण नीति २०७६ अवलम्वन गरिएको सन्दर्भमाप्रभावकारी कार्यान्वयनका लागि आवश्यक संस्थागत, पद्दतिगतर कार्यक्रमिक उपकरण र उपायहरूको सु-स्पष्टता नदेखिनु मुख्य चुनौती देखिएको छ।

बैदेशिक रोजगारी नीतिले वैदेशिक रोजगारीलाई प्रतिस्पर्धात्मक बनाउनका लागि सीपयुक्त जनशक्तिको विकास र लाभयुक्त, मर्यादित र सुरक्षित बनाउने उद्देश्य राखेको भएतापनि नतिजाका क्षेत्रहरूमा स्पष्ट परिमाणात्मक लक्ष्य र सोही अनुसारको कार्यक्रमिक उपाय/पहल लिन सकेको देखिदैन।

औद्योगिक नीतिले रोजगारमूलक सीप अभिवृद्धि, उद्यमशीलता व्यवसाय प्रवर्द्धनमा नीतिगत पहल हुनु नीतिका सकरात्मक पक्ष हुँदाहुँदै औद्योगिक क्षेत्रमा भएको सरकारी प्रोत्साहन र नीजि तथा सरकारी क्षेत्रको लगानीका आधारमा उद्योग व्यवसाय क्षेत्रमा कति प्रत्यक्ष रुपमा रोजगारी सृजना हुन्छ र रोजगारीमा उत्पादकत्व कति वृद्धि हुन्छ भन्ने कुराको परिमाणात्मक लक्ष्य नीतिमानिर्धारण हुन सकेको छैन। यद्यपि रोजगारी सृजनाका लागि सकारात्मक वातावरण निर्माण गर्ने पहलहरूलाई खासगरी प्रोत्साहनात्मक व्यवस्था, उद्योग र रोजगारीलाई अन्तरसम्बन्धित विषयका रूपमा अवलम्वन गर्नु यो नीतिको सकारात्मक पक्ष हो।

कृषिमा स्वरोजगारी विकास गर्ने मान्यता तथा कृषिको आधुनिकीकरण, व्यवसायीकरण, विविधीकरण र प्रतिष्पर्धात्मकताको अभिवृद्धिबाट रोजगारी सृजना र प्रवर्द्धन गर्न उद्देश्य लिनुलाई कृषिसम्बध्द नीतिको सकारात्मक पक्षका रुपमा लिन सकिन्छ। तरपनि नीतिका नतिजाका क्षेत्रमा परिमाणात्मक लक्ष्य सहितको स्पष्ट कार्यक्रमको खाका नीतिले निर्देश गर्न सकेको छैन । फलस्वरुप नीति व्यवस्थापनको सुस्पष्ट कार्ययोजना, उपलब्धिको परिमाणात्मक आँकलन तथा मापन र सुधारका पक्षहरुको निर्क्योलगर्न कठिनाई देखिन्छ।

योजनाबद्द विकासको प्रारम्भसंगै विभिन्न नीतिहरु तर्जुमा गरी सिंचाईको विकास गर्ने र कृषिको रुपान्तरणबाट बढी भन्दा बढी रोजगारी/स्वरोजगारी सृजना गर्ने पहल गरियो । सिंचाईको विकासका माध्यमबाट कृषिमा उत्पादकत्व अभिवृद्धि हुने हुन्छ, जसबाट कृषि क्षेत्रसंग जोडिने रोजगारी, स्वरोजगारी, उद्दमशीलता आदिमावृद्धि ल्याउने हुन्छ। सिंचाइ नीतिमा सिंचाईमा गरिने विकासबाट कृषिमा कति रोजगारी सृजना गर्न सकिन्छ र कति रोजगारी सृजना भईरहेको छ भन्ने कुराको परिमाणात्मक सूचक र लक्ष्य स्पष्ट उल्लेख गरेको देखिदैन । जसबाट यो नीतिको कार्यान्वयनबाट के कति रोजगारी सृजना गर्न सकियो भन्ने प्रस्टता नहुने देखिन्छ। साथै प्रभावकारी अनुगमन र मुल्यांकन संयन्त्रको नीतिगत व्यवस्था नहुँदा खासगरी रोजगारी सृजनाका दृष्टिले नीतिको कार्यान्वयन कस्तो रह्यो, कमि कमजोरी कहाँ रहे उल्लेख गर्न सकिएन।

यातायात लगायत पूर्वाधार विकासका क्षेत्रगत नीतिहरूले पूर्वाधारमा परिणाममूखी कार्यक्रम अवलम्वन गरेको भएता पनि रोजगारी, खासगरी स्थानीय स्तरमा सीपमूलक तथा श्रमप्रधान रोजगारी सृजना गरी जीविकोपार्जन सुधार र आर्थिक विकासमा योगदान गर्ने यथेष्ठ सम्भावनाका बीच पनि प्राथमिकताका साथ नीतिगत उपायहरू लिन नसकेको देखिन्छ। परिणामस्वरूप ठुला-ठुला पूर्वाधार परियोजना संचालन भएकै क्षेत्रबाट समेत थुप्रै स्थानीय श्रमिकहरू वैदेशिक रोजगारीका लागि बसाईसराई गरिरहेको पाइन्छ।

जलविद्युत क्षेत्रले रोजगारी सृजनामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा महत्वपूर्ण योगदान गरेको सन्दर्भमा यो क्षेत्रलाई तुलनात्मक लाभको क्षेत्रका रूपमा लिईएकोछ । जलविद्युत आयोजनाको संख्या, लगानी र आवश्यक पर्न जाने जनशक्तिको संख्या बढ्दै जाँदा रोजगारीका अवसरहरूको सृजना भएतापनि जलविद्युत विकास नीतिले रोजगारी सम्बन्धी परिमाणात्मक लक्ष्य राख्दै कार्यक्रमिक वा क्रियाकलापगत उपाय अवलम्वन गरेको देखिंदैन, जसले गर्दा यो नीतिको कार्यान्वयनबाट कति रोजगारी सृजनाको भयो वा सम्भाव्यता छ र नीतिमा रोजगारी सृजना गर्नका लागि कस्तो संस्थागत संरचना हुने र त्यो संरचनाले कसरी काम गर्छ भन्ने स्पष्ट नहुँदा तथ्यांकगत रूपमा के-कति रोजगारी सृजना हुन्छ/भयो स्पष्टसँग भन्न सकिएन।

वन क्षेत्रको विकास, प्रवर्द्धन र संरक्षणका माध्यमबाट रोजगारी सृजना गर्न सकिन्छ भन्ने विषयलाई राष्ट्रिय वन नीतिले स्थापित गरेको छ। वन व्यवस्थापन प्रणालीलाई उद्योगमैत्री बनाउने बिषयलाई महत्व दिंदै वन क्षेत्रलाई स्थानीयकरण गर्ने र स्थानीय स्तरमा नै रोजगारीका अवसरहरू सृजना गर्नेतर्फ यो नीति अभिमुख भएको छ । नीतिका व्यवस्थालाई कार्यान्वयन गर्न कार्ययोजना, बजेट, संस्थागत संरचना र अनुगमन र मूल्यांकन प्रणालीमा स्पष्टता नहुँदा त्यसबाट सृजना हुने रोजगारीको तथ्यगत परिणाम स्पष्टसँग भन्न सक्ने देखिएन। नीतिमा रोजगारीसम्बद्ध परिमाणात्मक लक्ष्यहरू एकिन गरेर निर्धारण गर्ने र अन्य नीतिहरूसँगको सम्बन्ध स्थापित हुने उपाय सुझाउन/अवलम्बन गर्न सकेमा रोजागरी सृजनामा यस नीतिको योगदान तथा प्रभावलाई किटान गर्न सहज हुने थियो।

राष्ट्रिय वातावरण नीतिलाई रोजगारी सृजनाका नतिजामूलक दृष्टिकोणबाट समीक्षा गर्दा हरित रोजगारी (Green-sector Employment) सृजनाका लागि यस नीतिले प्रोत्साहन गर्ने सक्ने देखिन्छ । त्यस्तै वातावरणीय/पर्या-पर्यटन विकासका माध्यमबाट पर्यटन प्रवर्द्धन गरी सोबाट पर्यटन क्षेत्रमा रोजगारी सृजना गर्न पनि यो नीति सकारात्मक उपकरण हुने देखिन्छ । साथै कार्यान्वयन तह (प्रदेश तथा स्थानीय तह) सम्म संरचनात्मक सम्बन्ध स्थापनामा जोड दिइनुलाई यस नीतिको सबल पक्षका रुपमा लिनु पर्दछ । यद्यपि रोजगारी सृजनाका लागि यस नीतिले पनि अन्य नीतिहरूले झैँ परिमाणात्मक लक्ष्य स्पष्टसँग निर्धारण गर्न नसकेको र रोजगारी सृजनालाई नीतिमा मूलप्रवाहीकरण गर्न सकिएको छैन् । वातावरण संरक्षण तथा प्रवर्द्धन गर्दै रोजगारी सृजनामा निर्दिष्ट लक्ष्य र मार्गनिर्देश हुन सकेमा यस नीतिले रोजगारी सृजनामा गरेको योगदान र त्यसको विश्लेषण गर्न सहज हुनेथियो ।

रोजगारी बहुक्षेत्रसंग अन्तरसम्बन्ध राख्ने बिषय भएको सन्दर्भमा रोजगारी सिर्जनामा कुन क्षेत्रको योगदान कति रह्यो भन्ने सवाल पेचिलो मुद्धा हुने र सबै क्षेत्रले नातिजमुलक सूचकहरू निर्धारण गर्दै रोजगारीसम्बन्धी तथ्यांकहरू नियमित र अध्यावधिक गरी राखेमा ती तथ्यांकहरूको विश्लेषणबाट यो सवालको उत्तर खोज्न सकिन्छ । उपलब्ध तथ्यांक तथा विवरणहरुलाई अर्थशास्त्रीय तथा गणितीय विधिको माध्यमबाट परिमाणात्मक (Quantitative) विश्लेषण समेत गरी गुणात्मक (Qualitative) निचोडको परीक्षण तथा त्यसलाई थप पुष्ट्याई गर्न केही साङ्ख्यिकीय विधि प्रयोग गरी हेरिएको छ । यसरी हेर्दा कृषि क्षेत्रमा विद्यमान लगानीलाई दोब्बर बनाउने हो भने मुलुकमा उपलब्ध श्रमशक्ति मध्ये वार्षिक करिब थप एक प्रतिशतले रोजगारी पाउने देखिन्छ । त्यस्तै सूचना तथा संचार प्रविधिको क्षेत्रमा लगानी दोब्बर बनाउदा त्यसले कुल श्रमशक्तिको ०.२५ प्रतिशत श्रम शक्तिको लागि वर्षेनी थप रोजगारी सृजनागर्ने सम्भावना देखियो । यसै गरी मानव संसाधन वा सामाजिक विकासको सूचकको रुपमा लिइएको शिक्षा र श्वास्थ्यमा गरिएको लगानी दोब्वर बनाउँदा यसले वर्षेनी ०.५४ प्रतिशत थप श्रम शक्तिलाई रोजगारी दिने देखिन्छ । विश्लेषणले उद्योगमा गरिएको लगानीको रोजगारी सिर्जनासँग सकारात्मक सम्बन्ध देखाउँदछ जुन सामान्य परिकल्पनासँग मिल्दछ । कतिपय क्षेत्रमा गरिएको लगानीको रोजगारी सिर्जनामा प्रत्यक्ष एवं प्रभावकारी (Significant) असर देखिएको छैन । तर आश्रित चर (Dependant Variable)***रोजगारी*** र स्वतन्त्र चर (Independant Variable)***लगानी***का बीचमा दीर्घकालमा रहने सम्बन्धको परिक्षण गर्न Cointegration को प्रयोग र यसका माध्यमबाट Error Correction Term तथा त्यसको समेत प्रयोग गरी Error Correction Mechanism प्रयोगमा ल्याउँदा आश्रित चर (Dependant Variable) र स्वतन्त्र चर (Independant Variable) का बीचमा दीर्घकालीन सम्बन्ध रहेको देखिन्छ । यसले यदि विभिन्न क्षेत्रमा गरिएको लगानी प्रभावकारी रुपमा परिचालन गर्न सकेमा दीर्घकालमा त्यसको रोजगारी सिर्जनामा सकारात्मक प्रभाव पर्ने तथ्य पुष्टि गर्दछ ।

यसबाट मुलत: सरकारले कृषि, सूचना तथा संचार प्रविधि, शिक्षा र स्वास्थ्य, यातायात, जलविद्युत र अन्य पूर्वाधार तथा उद्योगमा लगानी वृद्धि गर्दा रोजगारीमा तत्काल सकारात्मक प्रभाव पर्नेछ भने अन्य आर्थिक क्षेत्रमा पनि आवश्यक तयारीका साथ लगानी गरेमा दीर्घकालमा त्यसले सकारात्मक प्रभाव पार्ने देखाउँदछ।

सोही आधारमा,खासगरी रोजगार नीति तर्जुमामा ध्यान दिनुपर्ने विषयहरु वा रोजगारीका थप अवसरहरुको सृजना गर्न राष्ट्रिय रोजगार नीतिका साथै अन्य क्षेत्रगत नीतिहरुमा समेटिनु पर्ने विषयहरूमा नीतिगत सुधारका सुझावहरू, क्षेत्रगत तहमा रोजगारीको विषयलाई मूलप्रवाहीकरण गरी नीतिगत आधार निर्माण गर्न ***श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय***ले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने गरी संस्थागत भूमिकाका सवालमा सुझावहरूका साथै केही क्षेत्रगत नीतिहरूमा रोजगारी सृजनाका दृष्टिकोणले देखिएका सम्भावनाका साथै उपायहरू (उदाहरणका रूपमा) सुझाईको छ ।

अध्ययनबाट रोजगारीको क्षेत्रलाई मूलप्रवाहीकृत र रणनीतिक प्राथमिकताको क्षेत्रका रुपमा स्थापित गर्न नीतिगत, संस्थागत र पद्धतिगत तथा विशेष कार्यक्रमगत र अभियानमूलक सुधारका लागि सुझाव र सिफारिस पनि गरिएको छ। साथै संघीय तहमा आउँदो पाँच वर्षको 'रोजगारी सृजना प्रक्षेपण खाका' प्रस्तुत गर्दै रोजगारी सृजनाका लागि नीतिगत सुधारका लागि नतिजामूलक कार्ययोजना समेत प्रस्तुत गरिएको छ।

बिषय सूची

कृतज्ञताii
कार्यकारी सारांश.....iii
बिषय सूची.....ix
तालिका सूची.....x
परिच्छेद एक: परिचय..... १
१. भूमिका: अध्ययनको पृष्ठभूमि १
२. उद्देश्य..... ३
३. अध्ययनका सैध्दान्तिक मान्यता र आधारहरू..... ३
४. अध्ययन विधि ५
५. नीतिगत विश्लेषण र समीक्षा खाका ७
६. अध्ययनको सीमा ९
७. प्रतिवेदनको स्वरूप ९
परिच्छेद दुई: रोजगार सम्बन्धी अवधारणा र दृष्टिकोण..... ११
क. रोजगारीको अर्थ र सैद्धान्तिक अवधारणा ११
ख. समष्टीगत आर्थिक नीति र रोजगारी १३
परिच्छेद तीन: क्षेत्रगत नीतिहरूको समीक्षा..... २१
क. क्षेत्रगत नीतिहरूको समीक्षा..... २५
ख. रोजगारसम्बध्द नीतिगत व्यवस्थाको कार्यान्वयनको समीक्षा ६५
१. राष्ट्रिय नीतिहरू तर्जुमाका पक्ष र रोजगारी सम्बन्धी विषयहरू..... ६५
२. समीक्षाका मान्यता र आधारहरू..... ६६
३. नीति कार्यान्वयनमा देखिएका मुख्य कमजोरीहरू..... ६८
४. नीतिमा रोजगारीसम्बन्धी विषयको अनुगमन, मुल्यांकन र पृष्ठपोषण..... ६९
५. कार्यान्वयन र उपलब्धिको लेखाजोखा ७०
परिच्छेद चार: नीतिगत व्यवस्था कार्यान्वनको विश्लेषण र तथ्यांकीय मापन..... ८५
४.१ रोजगारीसम्बन्धी समष्टिगत दिशा..... ८५
४.२ रोजगारीको सृजना, उपयोग र प्रवर्द्धनका विषयमा सम्भावना र अवसर..... ८७
४.३ रोजगारसम्वद्ध विभिन्न नीतिहरुको अध्ययनबाट देखिएका समस्या र कमजोरीहरू..... ८८
४.४ रोजगारी सृजनामा योगदान गर्नसक्ने क्षेत्रको तथ्यांकीय मापन..... ९१
परिच्छेद पाँच: रोजगारी सृजनाका लागि गरिनुपर्ने सुधार..... ९८
क. संघीय तहमा रोजगारी सृजनासम्बन्धी नीतिगत प्राथमिकता निर्धारण..... ९८
ख. नीतिगत सुधारका पक्षहरू ९९
अ. नीति तर्जुमामा ध्यान दिनुपर्ने विषयहरु..... ९९
आ. रोजगार नीति कार्यान्वयन तयारी, कार्यान्वयन र अनुगमनमा ध्यान दिनु पर्ने विषयहरू १०३
इ. संस्थागत भूमिकाः..... १०४
ग. अनुगमन संयन्त्र १०५
घ. संघीय तहमा रोजगारी सृजनाका लागि सुझाव र सिफारिस..... १०५
ङ. नतिजामूलक कार्ययोजना..... १११
सन्दर्भ सामग्री सूची..... १२२

तालिका सूची

तालिका १सूचकहरूले समेट्ने विषयवस्तुहरू : २३
तालिका २राष्ट्रिय रोजगार नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा : २६
तालिका ३वैदेशिक रोजगार नीतिक :ो रोजगार सृजनाका दृष्टिबाट समीक्षा २९
तालिका ४औद्योगिक नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा : ३१
तालिका ५राष्ट्रिय कृषि नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा : ३५
तालिका ६सूचना तथा संचार प्रविधि नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा : ३९
तालिका ७: पर्यटन नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा ४३
तालिका ८: गरिबी निवारण नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा ४७
तालिका ९: सिंचाई नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा ५१
तालिका १०: जलविद्युत विकास नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा ५३
तालिका ११: राष्ट्रिय यातायात नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा ५५
तालिका १२: राष्ट्रिय वन नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा ५८
तालिका १३: वनक्षेत्रको दीर्घकालीन रणनीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा ६०
तालिका १४: जडिबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा ६१
तालिका १५: वातावरण नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा ६३
तालिका१६रोजगारी सृजनाका लागि गरिएको नीतिगत व्यवस्था कार्यान्वयन स्थितिको लेखाजोखा : ७०
तालिका १७रोजगारी सृजना प्रक्षेपण खाका : ९६
तालिका १८आगामी नीतिगत पहलका लागि सुझावहरू : १०५
तालिका१९संघीय तहमा रोजगारी सृजनाका लागि नीतिगत सुधारका लागि नतिजामूलक कार्ययोजनाको खाका: १११

परिच्छेद एक: परिचय

१. भूमिका: अध्ययनको पृष्ठभूमि

आर्थिक अवसरहरुको सृजना र न्यायोचित वितरण गर्दै नेपाललाई दिगो विकासको लक्ष्यमा पुर्याउनु वर्तमान सरकारको प्रतिवध्दता हो । आ.ब. २०७६/७७ को नीति तथा कार्यक्रमले यस आर्थिक बर्षमा करिव ५ लाख रोजगारीका अवसरहरुको सृजना गर्दै श्रम बजारमा आउने युवाहरुलाई रोजगारी दिने र सो मार्फत् राष्ट्रिय अर्थतन्त्रलाई सवल र दिगो वनाउने उद्देश्य लिएको छ ।

नेपाल श्रम सर्वेक्षण २०७५ ले नेपालमा कूल बेरोजगारी दर ११.४ प्रतिशत देखाएको छ । बेरोजगारी दर प्रदेश अनुसार पनि फरक-फरक रहेको छ । तुलनात्मक रुपमा प्रदेश ३ मा कम बेरोजगारी (७ प्रतिशत) र प्रदेश २ मा सबै भन्दा बढी बेरोजगारी दर (२० प्रतिशत) देखाएको छ । यसले प्रदेशगत रुपमा रोजगारीका अवसरहरु समान रुपमा सृजना नभएकाले श्रमिकको माग र आपूर्तिबीच असन्तुलन रहेको र त्यस्तो असन्तुलन घटाउँदै लानु पर्ने देखाउँछ । त्यसैगरी क्षेत्रगत रुपमा कृषि क्षेत्रले २० प्रतिशत, वाणिज्य क्षेत्रले १७.५ प्रतिशत र निर्माण व्यवसायले १३.८ प्रतिशत रोजगारी सृजना गरेको छ भने अनौपचारिक क्षेत्रले सवैभन्दा धेरै ६२.२ प्रतिशत रोजगारी सृजना गरेको छ । अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न पनि राज्यका नीति तथा कार्यक्रमहरुमा पुनरावलोकन गरिनु तथा समय सापेक्ष सुधार हुनु जरुरी छ ।

"अहिलेकोनेपाल जनसाँख्यीक लाभकोस्थितिमा छ, यस्तो स्थिति जहाँ श्रम बजारबाट बाहिर रहेका भन्दा श्रम बजारमा प्रवेश गर्नेको संख्या बढी छ ।तर योस्थिति धेरै कालरहदैन।कालान्तरमा बढ्दो बयस्क जनसंख्या बुढीदै जान्छ र जनसांख्यिक लाभको स्थितिको अन्त्य हुन्छ । नेपालमा यसो हुन बढीमा अर्को २५-३०वर्ष लाग्ला । विकासशील देशहरूले आर्थिक समृध्दि हासिल गर्ने नै जनसांख्यिक लाभको फाईदा लिएर हो । उत्पादनशील र आयमुलक रोजगारीका अवसरको खोजी अहिले नेपालको श्रम-सक्षम जनसंख्याको प्रमुख खोजी हो । यो खोजी तिन प्रकारले प्रकट भैरहेको छ – *पहाडबाट तराई तिरको बसाई-सराई, गाउँबाट शहरतिरको बसाई-सराई र बाह्य श्रम बसाई-सराई (पीताम्बर शर्मा, नेपालको आर्थिक विकास: बहसको खाँचो, इ-कान्तिपुर, २०२०/०१/१०)*।

यसरी विज्ञहरूको विश्लेषण हेर्दा तथा जनसंख्याको बनावटको तथ्यांक हेर्दा नेपालको श्रम बजार र रोजगारीको परिमाणको स्थिति असन्तुलित देखिन्छ । जनसंख्याको बनावट हेर्दा, करिव ७२ प्रतिशत जनसंख्या १५ बर्ष माथिको रहेको छ । श्रम बजारमा बर्षेनी करिव ५ लाख युवा आउँछन् । १५ देखि ३४ बर्ष उमेर समूहका युवाहरु बढी बेरोजगार रहेका र यो समूह नै रोजगारीको अवसरको

खोजीमा आन्तरिक रूपमा मात्र नभई बाह्य मुलुकहरूमा खासगरी श्रममूलक र जोखिमपूर्ण काम गर्न पुग्ने गरेका छन् । त्यस्ता युवाशक्तिलाई रोजगारीको अवसरमार्फत् देशभित्रै रोजगारी प्रदान गरी राष्ट्रिय उत्पादनमा वृद्धि तथा राष्ट्र निर्माणको अभियानमा सहभागी गराउनु आवश्यक हुन्छ ।

रोजगारीको सृजना कुनै एक नीति तथा कार्यक्रम वा कुनै एक क्षेत्रबाट मात्र सम्भव नहुने भएकाले यसलाई अन्तर-सम्बन्धित र बहुआयमिक विषयको रूपमा हेरिनुपर्ने माथि उल्लेख गरिएको तथ्यांकले देखाउँछन् । यस्तो सन्दर्भमा विभिन्न क्षेत्रहरुको समन्वयात्मक र सामूहिक प्रयासबाट रोजगारी सृजनालाई बढाउँदै आर्थिक विकासको अवसरहरुको सृजना र न्यायोचित वितरण गर्नु जरुरी देखिएको छ । हाल भएको बचत श्रमशक्ति जनसंख्याको बनौटमा भैरहेको परिवर्तनले वि.स. २०९० पछि अपुग हुने भएकाले र नेपालको जनसांख्यिक लाभ पनि क्रमशः कम हुदै जाने भएकाले हाल भएको युवाशक्तिको उच्चतम उपयोग नेपालको विकासको राष्ट्रिय नीतिको मूल ध्येय हुनु जरुरी छ ।

यसै सन्दर्भमा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमले रोजगारीका थप अवसरहरु सृजनागर्न योजनाबद्ध कार्यहरु गरिरहेको छ । यसको लागि रोजगारीका अवसर सृजनागर्ने सम्भाव्य क्षेत्रहरुको पहिचान र विश्लेषण गरी अन्तरसम्बन्धित क्षेत्रगत/विषयगत राष्ट्रिय नीतिहरुको पुनरावलोकन गरी विद्यमान नीतिहरुको परिणाममूखी र प्रभावकारी कार्यान्वयन गर्न कार्यक्रमले आगामी दिनमा लिनुपर्ने पहलहरु पहिल्याउनु आवश्यकता छ ।

अर्थतन्त्रलाई चलायमान र सवल बनाउन राष्ट्रिय नीतिहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यी नीतिले प्रभाव पार्ने क्षेत्रले अर्थतन्त्रको महत्वपूर्ण हिस्सा ओगटेको छ । तथ्यांक विभागले आव २०७५/७६ को लागि गरेको अनुमानमा कूल गार्हस्थ उत्पादनमा कृषि तथा वन क्षेत्रले २६.५ प्रतिशत योगदान दिएको छ भने उद्योग क्षेत्रले ५.५९ प्रतिशत, निर्माण क्षेत्रले ७.७७ प्रतिशत, थोक तथा खुद्रा व्यापारले १४.३७ प्रतिशत, होटल रेष्टुरेन्टले २.०५ प्रतिशत, रियल स्टेट, रेन्टिंग तथा व्यवसायिक सेवाले ११.५३ प्रतिशत योगदान गरेको छ । यसका अतिरिक्त अन्य विभिन्न क्षेत्रले पनि कूल गार्हस्थ उत्पादनमा योगदान गरेको छ । यी क्षेत्रले गरेको योगदानका साथै त्यसको बार्षिक बृद्धिदर पनि महत्वपूर्ण हुन्छ । अर्थतन्त्रको बृद्धिमा कृषि क्षेत्रको महत्वपूर्ण हिस्सा भए पनि त्यो क्रमिकरुपमा घट्दो छ । कृषिलाई आधुनिकीकरण गरी उत्पादकत्व बृद्धि गर्दै रोजगारीका अवसर सृजनागर्नु आवश्यक छ ।

यसैगरी अर्थतन्त्रका अन्य क्षेत्रहरुमा पनि नीतिगत सुधार गर्दै फराकिलो विकासको आधार निर्माण गर्नु आवश्यक छ । जसले अवसरहरुलाई विस्तार तथा निक्षेपण गर्दै जानेछ । यसका लागि केही नीतिहरुलाई परिमार्जन गर्दै आवश्यक सुधार गर्नु आवश्यक छ ।

२. उद्देश्य

यो अध्ययनको मुख्य उद्देश्य आन्तरिक रोजगारीका अवसर सृजना गर्नमा निर्देशित वा सम्वन्धित भएका क्षेत्रगत/विषयगत नीतिहरुको अध्ययन गरी नीति, कार्यक्रम तथा बजेट (स्रोत परिचालन) मा सुधारका लागि सुझावहरु पेश गर्नु रहेको छ । यसका साथै अध्ययनका निम्न विशिष्टिकृत उद्देश्यहरु पनि छन्

- सम्बन्धित र विषयगत क्षेत्रको रोजगारीको विद्यमान अवस्थाको समीक्षा गर्ने ।
- सम्बन्धित क्षेत्रमा आन्तरिक रोजगारी सृजनाको सम्भावनाको आंकलन गर्ने ।
- सम्बन्धित क्षेत्रगत नीतिमा आन्तरिक रोजगारीका सम्बन्धमा भएको व्यवस्थाको समीक्षा गर्ने ।
- सम्बन्धित विषयगत क्षेत्रमा रहेको आन्तरिक रोजगारी सृजनाको सम्भावना र विद्यमान नीतिगत व्यवस्थाको अन्तरको विश्लेषण गर्ने ।
- सम्बन्धित विषयगत क्षेत्रमा रहेको आन्तरिक रोजगारी सृजनाको सम्भावनालाई मूर्तरुप प्रदान गर्न विद्यमान नीति, कार्यक्रम र बजेटमा गर्नुपर्ने सुधारका लागि कार्यान्वयन योग्य सुझावहरु प्रदान गर्ने ।

३. अध्ययनका सैध्दान्तिक मान्यता र आधारहरू

रोजगारी सृजना एक बहु-आयामिक र बहु-पक्षीय बिषय हो । एउटा मात्र सैध्दान्तिक मान्यता वा आधारमा बसेर मात्र यो अध्ययन पुरा नहुने हुन्छ । यो नीति-मुल्यांकन अध्ययनमा निम्न सैध्दान्तिक मान्यता र आधारहरू लिईएको छ ।

अ. रोजगारी सम्बन्धी संबैधानिक व्यवस्था

नेपालको संबिधानको भाग ३ मा व्यवस्था गरिएका मौलिक हकमा 'रोजगारीको हक' पनि रहेको छ । यसै भागको धारा ३३ (१) मा "प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, र (२) मा प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुने" व्यवस्था गरिएको छ।

त्यसैगरी, भाग ४, राज्यका निर्देशक सिध्दान्त र नीतिहरूमा समेत रोजगारी सम्बन्धमा सैध्दान्तिक र नीतिगत मान्यता राखिएको छ । लोक कल्याणकारी राज्य, श्रमको सम्मान, उद्यमशीलता विकास, सार्वजनिक-निजी तथा सहकारी क्षेत्रको सहभागितामा दीगो आर्थिक विकास गर्ने र प्राप्त

उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्ने निर्देशक सिध्दान्त अवलम्वन गरिएकोबाट पनि देशमा रोजगारीका अवसर बृध्दि गर्नमा जोड दिनुपर्ने अवस्था छ । त्यसै गरी यसै भागको नीतिहरूमा 'श्रम र रोजगार सम्बन्धी नीति' (धारा ५१ झ) मा निम्नानुसारका नीतिको व्यवस्था गरिएको छ:

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

(४) श्रमिक र उद्यमी व्यवसायी बीच सु-सम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ।

माथि उल्लेख गरिएका संबैधानिक व्यवस्थाहरूलाई यस अध्ययनमा मूलभूत सैध्दान्तिक मान्यताका रूपमा अवलम्बन गरिएकोछ ।

आ. रोजगारीको हकसम्बन्धी कानून र नीति

प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त , अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा रोजगारीको हक सम्बन्धि ऐन, २०७५ ले विभिन्न व्यवस्थाहरू गरेको छ । त्यसैगरी रोजगारका मुख्य उद्देश्यलाई सम्बोधन गरी नीति कार्यान्वयनमा सुधार ल्याउने, नीति निर्माण गर्दा रोजगारका उद्देश्यहरूको अभिबृध्दी गर्ने, नीतिगत विषयहरूको कार्यान्वयनका निम्ति क्षमता अभिबृध्दी गर्ने र मर्यादित र उत्पादनमूलक रोजगार प्रवर्द्धनका निम्ति नेपाल सरकारको कार्यपद्दतिमा समन्वय र सामान्जस्यतालाई सवल बनाउने जस्ता कार्य गर्न राष्ट्रिय रोजगार नीति, २०७१ कार्यान्वयनमा रहेको छ । अन्य विषय/क्षेत्रगत नीतिहरूमा पनि सम्बन्धित विषय/क्षेत्रमा रोजगारका विषयहरू समाविष्ट छन् । यी कानून तथा नीतिका व्यवस्थालाई यस अध्ययनमा सैध्दान्तिक आधारशिलाका रूपमा लिइएको छ ।

इ. आवधिक योजना

दिर्घकालिन रणनीति सहितको १५औं आवधिक योजनाले दक्ष, कुशल, सीपयूक्त र उत्पादनशील मानव संशाधनको विकास गर्ने र सवै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरहरूको उपलब्धताको सोंच राखेको छ । पन्ध्रौँ योजनाले दीगो विकासका लक्ष्यहरू(एजेन्डा-२०३०) को प्राप्तिलाई पनि मुख्य ध्येय राखेको छ । यी विषयहरूलाई पनि अध्ययनको आधारको रूपमा लिईएको छ ।

ई. प्रधानमन्त्री रोजगार कार्यक्रम

ज्ञान, सीप र क्षमतायुक्त प्रतिष्पर्धी श्रमशक्तिको विकास र उत्पादनशिल आन्तरिक रोजगारी सृजना मार्फत् श्रमशक्तिको स्वदेशमै पूर्ण उपयोग गरी आर्थिक समृध्दी हासिल गर्ने दीर्घकालीन सोंच र स्वदेश भित्र रोजगारीका पर्याप्त अवसरहरूको सृजना र कामको सम्मान गर्ने संस्कृतिको विकास गरी रोजगारीका लागि विदेश जानुपर्ने वाध्यात्मक अवस्थाको अन्त्य गर्ने लक्ष्यका साथ् प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा रहेको छ । हाम्रो अध्ययन यिनै दीर्घकालीन सूचक र लक्ष्यले लिएका आधारभूत मान्यतामा आधारित छ ।

४. अध्ययन विधि

रोजगारी सृजनासंग सम्बन्ध राख्ने मूल र क्षेत्रगत नीतिहरूको समीक्षा गर्ने यस अध्ययनका लागि निम्न विधिहरु अपनाईएको छ ।

क) नीतिगत व्यवस्थाहरूको पुनरावलोकन

अ. नीतिगत विश्लेषण

रोजगारीका अवसर सृजना गर्ने विषयसंग सम्वन्धित क्षेत्रगत/विषयगत नीतिहरु, ती अन्तर्गतका कार्यक्रम तथा परियोजनाहरुको पुनरावलोकन र विश्लेषण गरी ती नीतिहरूको कार्यान्वयनको अवस्था, उपलव्धि/परिणाम र प्रभाव, कार्यान्वयनमा देखापरेका चुनौतीहरू र नीतिहरूमा भएका व्यवस्थाहरूका सवल तथा दुर्वल पक्षहरु पहिचान गरिएको छ । सो क्रममा निम्नानुसारका नीतिहरूको विश्लेषण र समीक्षा गरिएको छ ।

१. कृषि नीति,
२. औद्योगिक नीति,
३. पर्यटन नीति,
४. वन तथा वातावरण नीति,
५. सिंचाई तथा जलश्रोत नीति,
६. भौतिक पूर्वाधारसम्बन्धि नीति,

७. गरिबी निवारण नीति,

८. राष्ट्रिय रोजगार नीति,

९. सूचना तथा संचार प्रविधि नीति

१०. आवधिक योजनाहरूको अध्ययन (रोजगारी सृजनार प्रवर्द्धनमा केन्द्रित भएर १४औं योजनाको समीक्षार १५औं योजनाले अवलम्बन गरेका लक्ष्य, उद्देश्य, नीति, रणनीति तथा कार्यक्रमहरूको विश्लेषण)

यी नीतिहरूका अतिरिक्त रोजगारी सृजना र प्रवर्द्धनसंग सम्बन्धित अन्य सामाजिक आर्थिक तथा पूर्वाधार विकास नीतिहरू समेतको समीक्षात्मक विश्लेषण गरिएको छ।

आ. नीतिहरु मार्फत भएका रोजगारी सृजनाको विश्लेषणः

माथि उल्लेखित नीतिहरुमार्फत सृजना भएका रोजगारीका अवसरहरुको विश्लेषण (अध्ययन बिधिमा अवलम्बन गरिएको नीतिगत विश्लेषणको खाकामा आधारित रहेर) गरिने छ, र सोको आधारमा रोजगारी सृजनाको सम्भावनाको मुल्यांकन एवं विश्लेषण गरिएको छ।

इ. नीति अन्तर्गतका कार्यक्रमहरुको विश्लेषण:

उल्लेखित नीतिहरूको कार्यान्वयनका लागि तय गरिएका कार्यक्रमहरुको कार्यान्वयनको अवस्था विश्लेषण गर्दै, तिनमा भएको लगानीको आधारमा प्रतिफलको विश्लेषण गर्दै तिनले रोजगारी सृजनामा पुर्याएको प्रभाव र योगदानको विश्लेषण गरिएको छ।

ख) छलफल, अन्तरक्रिया तथा अन्तर्वार्ता

संम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया गरी अध्ययनका लागि लिईएका नीतिहरुमा अवलम्बन गरिएका दूरदृष्टि, परिलक्ष्य, लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति तथा कार्यक्रमसमेतको समीक्षात्मक र बहुपक्षीय मुल्यांकन गरिएको छ। साथै ती नीतिहरूको कार्यान्वयन र परिणाम हासिल गर्नमा देखा परेका चुनौतीहरू, अवलम्बन गरिएका उपायहरूका सवल र दुर्वल पक्षहरूको पहिचान गर्नमा पनि छलफल र अन्तरक्रिया, खासगरी लक्षित समूह छलफल (Focused Group Discussion-FGD) र मूख्य सुचनादाता अन्तर्वार्ता (Key Informant Interview-KII) गरिएको छ।

ग) तथ्यांक संकलन:

छलफल तथा अन्तरक्रियाका साथै उल्लेखित नीतिहरू अन्तर्गत कार्यान्वयन गरिएका कार्यक्रमहरूका उपलव्धि तथा प्रगति समीक्षागरिएका प्रतिवेदनहरूलाई Secondary Source का रूपमा लिंदै आवश्यक तथ्यांकहरू संकलन गरिएको छ। त्यसका साथै नेपाल सरकारका क्षेत्रगत मन्त्रालयहरु, केन्द्रीय तथ्यांक विभाग, नेपाल राष्ट्र बैंक, उद्योग बाणिज्य महासंघ, ट्रेड युनियनहरू, श्रम तथा रोजगारका क्षेत्रमा कार्य गर्ने गैह्र सरकारी वा अन्तरराष्ट्रिय

संस्थाहरू, विकाश साझेदार तथा दातृ निकायहरू र नीति अनुसन्धानमा कार्य गर्ने संस्थाहरूबाट संकलन गरिएका तथ्यांक र तयार पारिएका प्रतिवेदनहरू समेत Secondary Sources of Informationका रूपमा लिई आवश्यक र उपयुक्त तथ्यांकहरू संकलन गरी सन्दर्भ स्रोतका रूपमा प्रयोग गरिएको छ ।

५. नीतिगत विश्लेषण र समीक्षा खाका

अन्तर्राष्ट्रिय अभ्यासलाई केलाउदा समग्रतामा नीति विश्लेषणको अभ्यास खासै देखिंदैन । धेरैजसो नीति विश्लेषण कार्यक्रम र क्रियाकलापहरूको तहमा गरी त्यसबाट प्राप्त परिणामलाई नीतिको उद्देश्यसंग तुलना गरी हेर्ने गरिएको छ । सन् २०१४ मा भारतमा गरिएको एक नीति विश्लेषण, जसमा गरिबी, भोक र कुपोषणको सामना गर्न लक्षित नीतिहरूको अध्ययन गरिएको छ, उक्त नीतिगत विश्लेषणको खाका (Framework of Policy Analysis) यस प्रकार रहेको छ ।



Source: Malhotra R. 2014

प्रस्तुत खाकालाई हेर्दा यो अध्ययनमा रोजगारी सृजनाका लागि गर्नुपर्ने नीतिगत, कार्यक्रमगत, संस्थागत तथा कार्यगत उपायहरूका साथै स्रोत परिचालन जस्ता सूचकहरूलाई आगत सूचक (Input) का रूपमा लिईएको छ । रोजगारी वा स्वरोगारी सृजना/ प्रवर्द्धन र यसका माध्यमबाट जनताको जीविकोपार्जनको आधार वा उपायमा योगदान गर्दै समग्र राष्ट्रिय अर्थतन्त्रलाई उठाउने पक्षमा हासिल गर्ने उपलब्धि जसलाई सूचकका माध्यमबाट मूल्यांकन गर्न सकिन्छ, लाई निर्गत सूचक (Output Indicators) मानिन्छ । समग्र वातावरण जसमा समुदाय, राष्ट्र र अन्तराष्ट्रिय वातावरणको प्रभावयी आगत र निर्गत सूचकमा पर्ने हुन्छ । यो नीति विश्लेषण-ढांचाको अवलम्बन गर्दै यस अध्ययनमा छानिएका क्षेत्रगत/विषयगत नीतिको तर्जुमालई मुल्यांकन गर्न सकिन्छ ।

त्यसैगरी, सार्वजनिक/राष्ट्रिय नीतिको मूल्यांकन गर्न विभिन्न देश र संगठनहरूमा फरक-फरक कार्य ढाँचा प्रयोग भएको पाइन्छ । यूरोपियन पर्यावरण संस्था (European Environment Agency-EEA) ले नीति मूल्यांकनका लागि आवश्यकता वा औचित्य र अन्तर-आवध्दताको विश्लेषणबाट असर (Effects) को मूल्यांकन गर्ने ढाँचाको विकास गरेको छ, दक्षता र प्रभावकारिताका आधारमा आगत (Inputs) र प्राप्ति (Outputs) लाई विश्लेषण गरेको पाइन्छ । यो ढाँचा यस प्रकार छ ।



नीति अवलम्बन वा नीतिगत हस्तक्षेप (Policy Intervention) आवश्यकता वा समाज/राष्ट्रले भोगिरहेका समस्या केन्द्रित हुन्छन् जसलाई उपयुक्तता वा सान्दर्भिकतामा जाँचेर हेर्दै नीति अवलम्वन गर्नुको उद्देश्य तय गरिन्छ । यी उद्देश्यमा केन्द्रित भएर आगत (Input) अर्थात् साधन स्रोत, संस्था/संरचना/संगठन, क्षमता आदि परिचालन गरिन्छ । यसरी आगत (Input) लाई प्रभावकारी परिचालन गरी क्रियाकालाप कार्यान्वयन गरेर परिणाम हासिल गर्न नीतिहरू लक्षित हुन्छन । नतिजाका रूपमा तत्काल देखिने उपलव्धि (Output), को मध्यमकाल हुँदै दीर्घकालमा समग्र आर्थिक, सामाजिक, राजनीतिक र अन्य पक्षमा प्रभाव (Impact) देखिन्छ । यस्तो प्रभावमा पुग्नको लागि सो राज्यप्रणाली र अर्थव्यवस्थामा नीति व्यवस्थापन मुलभूत रूपमा उपयुक्तता (Relevence), नीतिको प्रभावकारिता (Effectiveness), कार्यकुशलता (Efficiency) का साथै बाह्य वातावरण/पक्ष, अन्य नीतिहरूसंगको एकात्मकता वा मेल (Coherance) लाई विशेष ध्यानमा राखेर व्यवस्थापन गर्दा मात्रै हसिल गर्न सकिन्छ । यो अध्ययन यीनै खाकाको अवलम्बन गरी गरिएको छ ।

६. अध्ययनको सीमा

यो अध्ययनमा राष्ट्रिय रोजगार नीति तथा अन्य सम्बन्धित क्षेत्रगत नीतिहरूको विशेष गरी रोजगारी सृजनाका दृष्टिकोणबाट समीक्षा तथा विश्लेषण गरिएको छ । सम्बन्धित नीतिहरूले समेट्ने क्षेत्रगत बिषयसंग सम्बन्ध राख्ने विशिष्ट पक्षहरूको साथै नीतिको समग्र समीक्षा यस अध्ययनमा गरिएको छैन ।

त्यसैगरी सम्बन्धित क्षेत्रमा रहेको रोजगारीको विद्यमान अवस्था तथा नीतिको कार्यान्वयनबाट रोजगारी सृजना हुने सम्भावनाको आंकलन गर्ने प्रयोजनका लागि आवश्यक हुने तथ्य-तथ्यांक र सूचनाहरू पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको कारण ती पक्षमा तथ्यांकीय रूपमा विश्लेषण गर्न कठिनाई रह्यो । सम्बन्धित नीतिहरू कार्यान्वयन तथा व्यवस्थापन गर्ने जिम्मेवार निकाय/मन्त्रालयहरूका नीति तथा योजना महाशाखाबाट प्राप्त मूलभूत रूपमा गुणात्मक सूचनाहरू (छलफल, अन्तर्वार्ता, पुर्व-अध्ययनका प्रतिवेदन, प्रगति समीक्षा आदि) का आधारमा समीक्षा गरिएको छ।

अध्ययनका क्रममा कोभिड-१९ को महामारी बढ्दै गैरहेको र सरकारले यसको नियन्त्रण गर्ने उद्देश्यले देशव्यापी रूपमा लामो समय बन्दाबंदी (Lockdown) गरेकोले अध्ययनका लागि प्रस्तावित कतिपय छलफल, अन्तर्वार्ता, अन्तर्किया, कार्यशाला लगायतका कार्यहरू भौतिक रूपमा आयोजना गर्न नसकिएका कारण ***भर्चुअल बिधि***को अवलम्बन गरिएको थियो । यो विधिको आफ्नै सीमा रहने भएकोले कतिपय आवश्यक सूचना र तथ्यांकहरू प्राप्ति, प्रमाणीकरण र पुनर्पुष्टि गर्न कठिनाई रह्यो।

७. प्रतिवेदनको स्वरूप

संघीय तहमा आन्तरिक रोजगारी सृजना सम्बन्धी नीतिगत अध्ययन गरी तयार गरिएको यस प्रतिवेदनमा जम्मा पाँचवटा परिच्छेदहरू छन्। परिच्छेद एकमा अध्ययनको पृष्ठभूमि, अध्ययनका उद्देश्यहरू, यस अध्ययनका लागि लिईएका सैद्धान्तिक आधारहरू, अध्ययन विधि र नीति विश्लेषणको खाका प्रस्तुत गरिएको छ।

परिच्छेद दुईमा रोजगारी सम्बन्धी सैद्धान्तिक अवधारणा र दृष्टकोण, समष्टिगत आर्थिक नीति, रोजगारी सिर्जनाका लागि गरिएका नीतिगत पहलहरूको विश्लेषण गरिएको छ। यस परिच्छेदमा योजनावद्ध विकासमा रोजगारी सिर्जनामा अबलम्वन गरिएका राज्यका दृष्टिकोण, पन्ध्रौँ योजनामा तथा दीगो विकास लक्ष्यमा समावेश भएको रोजगारीको विषयका बारेमा उल्लेख गरिएको छ।

परिच्छेद तीनमा यस अध्ययनमा रोजगारी सिर्जनाका दृष्टिकोणबाट विभिन्न क्षेत्रगत नीतिहरूको विश्लेषणका लागि लिईएका विश्लेषणात्मक आधार र सूचकहरू समावेश गरिएको विश्लेषणको

कार्यढाँचा प्रस्तुत गरिएको छ । जसमा मुख्यतः परिवर्तनको तार्किक श्रृंखला (Logical Hierarchy of Change) लाई सैध्दान्तिक आधारकोरूपमा अबलम्बन गर्दै रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र, नीति कार्यान्वयनका लागि गरिएको व्यवस्था, नीति कार्यान्वयनको अवस्था र उपलब्धि एवं नीति कार्यान्वयनको प्रगतिमा देखिएको अन्तर तथा दीगोपना जस्ता मुख्य सूचकहरूलाई नीति विश्लेषणको आधार र सूचकका रूपमा परिभाषित गरिएको छ। यी सूचकका आधारमा अध्ययनका लागि लिईएका विभिन्न क्षेत्रगत नीतिहरूको समीक्षा प्रस्तुत गरिएको छ । क्षेत्रगत नीतिहरूको विश्लेषणमा लिईएका सूचकहरूलाई दुईवटा तालिकामा छुट्याईको छ । पहिलो तालिकामा विभिन्न क्षेत्रगत राष्ट्रिय नीतिहरूमा गरिएका व्यवस्थालाई तीन वटा मुख्य सूचकहरू (मुख्य नतिजाका क्षेत्र, परिमाणात्मक लक्ष्य र नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था) का आधारमा छुट्टाछुट्टै तालिकामा विश्लेषण गरिएको छ । यसै परिच्छेदमा नीतिको कार्यान्वयन र उपलब्धीको समीक्षा गर्दै प्राप्त तथ्यका आधारमा अध्ययनको निचोड प्रस्तुत गरिएको छ । रोजगारीका दृष्टिबाट अध्ययनका क्रममा लिईएका नीतिहरूले रोजगारी सृजनामा प्रभाव पार्ने मुख्य निर्धारक पक्षहरू, नीतिगत व्यवस्थाका आधारमा विभिन्न क्षेत्रमा रोजगारीको सृजना, उपयोग र प्रवर्द्धनका विषयमा देखा परेका सम्भावना तथा अवसर, र ती नीतिहरूको समीक्षात्मक अध्ययनबाट प्राप्त रोजगारी सम्बन्धी तथ्य एवं निष्कर्षलाई समावेश गरिएको छ।

परिच्छेद चारमा रोजगारी सम्बन्धी समष्टिगत दिशाको चर्चा गर्दै रोजगारी सृजना, उपयोग र प्रवर्द्धनका सम्भावना र अवसर तथा नीतिहरूमा देखिएका समस्या र कमजोरीहरूको विश्लेषण प्रस्तुत गरिएको छ। यसै परिच्छेदमा रोजगारी सिर्जनामा योगदान गर्न सक्ने क्षेत्रको Multivariate Regression Analysis को आधारमा विश्लेषण तथ्यांककीय मापन गर्दै रोजगारी सृजनाको तथ्यांककीय मापन सहित क्षेत्रगत सम्भावना प्रक्षेपण गरिएको छ। विभिन्न क्षेत्रगत लगानीलाई र रोजगारीबीचको दीर्घकालीन सम्बन्ध कस्तो रहन्छ भन्ने हेर्नका लागि Error Correction Mechanism समेत प्रयोगमा ल्याइएको छ। यसबाट प्राप्त नतिजाहरुले चरहरुबीचको दीर्घकालीन सम्बन्धलाई पुष्टि गरेको छ। अर्थात यसले सरकारले कृषि, सूचना तथा संचार प्रविधि, शिक्षा र स्वास्थ्य तथा उद्योगमा रेको लगानी वृद्धि हुँदा रोजगारी सिर्जनामा सकारात्मक प्रभाव पर्ने कुरालाई पुष्टि गरेको छ।

परिच्छेद पाँचमा रोजगारी सृजनाका लागि लिईनुपर्ने नीतिगत प्राथमिकता, सुधारका पक्षहरू र नीति तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरू समावेश भएका छन् । रोजगारी सृजनामा क्षेत्रगत सम्भावना, नतिजामूलक कार्ययोजनाको खाका, नीतिगत, संस्थागत तथा विशेष कार्यक्रममा गर्नुपर्ने सुधारहरूलाई समेत समावेश गरी यस परिच्छेदमा भावी नीतिगत दृष्टिकोण र कार्यदिशा समेत सुझावका रूपमा प्रस्तुत गरिएको छ।

परिच्छेद दुई: रोजगार सम्बन्धी अवधारणा र दृष्टिकोण

क. रोजगारीको अर्थ र सैद्धान्तिक अवधारणा

रोजगारी:आफ्नो सीप र दक्षतासहितको श्रमको सही उपयोग गरी बजारयोग्य वस्तु र सेवा उत्पादन गर्ने, व्यवसायिकताको उद्देश्यपरक रुपमा उपयोग गर्ने तथा जीवन निर्वाहका लागि आयआर्जन गर्ने अवसर र क्षमतालाई नै अर्थपूर्ण रोजगारीका रुपमा लिइएको छ । रोजगारीको अर्थतन्त्रीय दृष्टिकोणले विश्लेषण गर्दा रोजगारीलाई गरिबी निवारणको प्रमुख आधार, अर्थराजनीतिको प्रमुख रणनीति, आर्थिक संकटापन्नताको समाधानको मुख्य उपाय, उत्पादन र उत्पादकत्व वृद्धि, बजारमा औद्योगिक वस्तुको माग र उपभोगमा वृद्धि, आर्थिक वृद्धि र स्थायित्व तथा सन्तुलित आर्थिक विकासको मुख्य आधारका रुपमा रहेको देखिन्छ । त्यसैगरी रोजगारीको समाजशास्त्रीय दृष्टिकोणमा भन्नुपर्दा यसले समावेशी विकास, गुणस्तरीय जनजीवन, क्रियाशील नागरिक क्षमता, सामाजिक उत्तरदायित्व वहन, घरायसी तहमा वचत र लगानीका आधारमा क्रियाशील समुदाय निर्माण, दिगो जनजीविकाको आधारका रुपमा रोजगारीलाई उपयोग जस्ता पक्ष महत्वपूर्ण रहेका छन् ।

रोजगारीलाई "निर्वाहमुखी" जसमा जीवन निर्वाहका लागि श्रम र सीपको उपयोग गरी आयआर्जन गर्ने साधनका रुपमा लिइएको हुन्छ भने "व्यवसायमुखी" रोजगारीलाई सीप र दक्षता एवम् उद्यमशीलताको उपयोग गरी व्यवसायिक रुपमा उत्पादन गर्ने र व्यवसायिकताको विकास गरी सन्तुष्टी प्राप्त गर्ने अवसर र उपायका रुपमा लिइएको हुन्छ । त्यसैगरी रोजगारीलाई "स्वरोजगारी" जसमा व्यक्तिले सीप, दक्षता र उद्यमशीलताको उपयोग गरी आफूलाई व्यवसायिक रुपमा क्रियाशील तुल्याउन र आयआर्जन गरी व्यवसायिक उद्देश्य प्राप्तीका लागि उत्पादनमूलक कार्यको सृजना गर्ने व्यवस्थित र योजनावद्ध अनुक्रमका रुपमा लिइन्छ भने "ज्याला रोजगारी" लाई कुनै औपचारिक वा संगठित संस्थामा सृजित काममा सीप र दक्षताका आधारमा संलग्न भै कार्यसम्पादनका आधारमा ज्याला प्राप्त गर्ने रोजगारीका रुपमा लिइएको हुन्छ ।

रोजगारी सृजना: उत्पादन र आयआर्जनका दृष्टिले काम गर्ने अवसरको सृजना गर्नु नै रोजगारी सृजना हो, जसका माध्यमबाट उत्पादनका लागि सीप र दक्षताको उपयोग गर्ने अवसर प्राप्त हुन्छ, उत्पादनशील मनोवृत्तिको विकास हुन्छ, व्यवसायिक संलग्नताका लागि आधार निर्माण हुन्छ, कार्यसंलग्नताका आधारमा अनुभव र कार्यमूलक दक्षता हासिल गर्ने मानसिकताको विकास हुन्छ, आयआर्जनका आधारमा जीवन निर्वाहको आधार स्थापित हुन्छ, उत्पादन र आयमा आधारित वचतको स्थिति सुदृढ भै लगानीका लागि आर्थिक स्रोत उपलब्ध हुन्छ, आर्थिक असमानता कम गर्न र गरिबी निवारण गर्न मदत पुग्दछ, उत्पादनका माध्यमबाट राष्ट्रिय आयमा योगदान पुग्दछ,

कार्यसंस्कृतिको विकास हुन्छ र आर्थिक असमानता कम गरी मुलुकमा आर्थिक स्थायित्व कायम गर्न योगदान पुग्दछ ।

रोजगारीको गुणस्तरीयता: कामको प्रकृति, सीप र दक्षताको उपयोगको अवस्था, मर्यादित कामको स्थिति (काममा अधिकार, रोजगारीमा अभिवृद्धि, सामाजिक सुरक्षण र सामाजिक सम्वाद), कार्यजीवनको गुण, श्रमको उत्पादकत्व, कामको संस्कृतिको विकास र काममा सकारात्मक प्रतिस्पर्धा, रोजगारीबाट आर्थिक उपार्जन र सन्तुष्टी, आदि विषयले रोजगारीको गुणस्तरीयतालाईस्पष्ट पार्दछन् । रोजगारीको समग्र प्रक्रियामा यसको प्रभाव रहन्छ ।

रोजगारीका प्रकार:रोजगारीलाई संलग्न हुने समयको परिमाण, प्राप्त हुने आय वा ज्याला, सीप र दक्षताको उपयोगको सघनता र उत्पादनको स्थितिका आधारमा "पूर्णरोजगारी" वा "आंशिक रोजगारी" का रुपमा व्याख्या गर्न सकिन्छ । त्यसैगरी रोजगारीलाई "औपचारिक क्षेत्र" वा "संगठित क्षेत्र" को रोजगारी र "अनौपचारिक वा असंगठित क्षेत्र" को रोजगारीका रुपमा समेत व्याख्या र उपयोग गर्दै आइएको छ ।

सार्वजनिक नीति र रोजगार योग्यता*:* सरकारले अवलम्बन गर्ने विभिन्न क्षेत्रगत सार्वजनिक नीतिहरूले के-कति र कस्तो प्रकारको रोजगारीका अवसरहरू सृजना गर्दछन् भन्ने बिषय त्यस्ता नीतिहरूको रोजगारयोग्यता हो, जसले रोजगारी सृजना र उपयोगको आधार खडा गर्दछ । नीतिको रोजगार योग्यताका निर्धारक विषयमा रोजगारी सृजना गर्नसक्ने क्षमता, उत्पादनशील तरिकाले रोजगारीलाई अर्थपूर्ण रुपमा उपयोग गर्नसक्ने र रोजगारीबाट आर्थिक उपार्जन गर्नसक्ने गरी उत्पादनशील क्षमता एवम् तथा रोजगारीलाई सम्वार्ध्दन गरी सवलीकरण गर्ने सक्षमतालाई नै नीतिको रोजगार योग्यताका रुपमा लिइएको छ । यस अन्तर्गत रोजगारीको सृजना र उपयोगका लागि नीतिगत प्राथमिकता, प्रतिवद्ध लगानी, पर्याप्त कार्यक्रम र बजेटको व्यवस्था र रोजगारसम्बन्धी व्यवस्थाको कार्यान्वयनका लागि सक्षम संस्थागत व्यवस्था पर्दछन् । रोजगारीसम्बन्धी व्यवस्थाको सक्षम संस्थागत व्यवस्थामा नीति कार्यान्वयनका लागि सक्षम र जवाफदेही संगठन, रोजगारी प्रवर्द्धनका लागि पर्याप्त कार्यक्रम र बजेटको व्यवस्था, प्रभावकारी अनुगमन र रोजगारी सृजनासम्बन्धी समस्याको पहिचान र समाधान गर्ने संयन्त्र, रोजगारीसम्बन्धी आधारभूत सूचनाको व्यवस्थापन, रोजगारीलाई उत्पादनशील बनाउने गरी विभिन्न उपायको अवलम्वन, एकीकृत रोजगार सहयोग सेवाको व्यवस्था र मर्यादित रोजगार सम्बन्धको व्यवस्थापन जस्ता विषय महत्वपूर्ण रहेका छन् ।

यसै सन्दर्भमा विश्व बैंक र अन्तर्राष्ट्रिय श्रम संगठनले सन् २०१६ मा तयार पारेको प्रतिवेदनले रोजगारीका दृष्टिले नीतिगत व्यवस्थाको सक्षमतालाई रोजगारीका लागि समयको आवश्यकता

अनुसारको सीप र दक्षता तथा उद्यमशीलताको विकास, सबैका लागि रोजगारीको अवसरमा वृद्धि हुने गरी आर्थिक प्रणालीमा संरचनागत परिवर्तनको अवस्था, श्रमबजारको गतिशीलताको तथ्यगत जानकारी र सोको उपयोग, रोजगारीका लागि उपयुक्त कार्यवातावरण र कार्यगत सीपको उपयोग तथा रोजगारी प्रवर्द्धनका लागि रणनीतिक कार्ययोजनाको निर्माण तथा कार्यान्वयको विषयलाई प्रमुखता दिएको छ ।

रोजगारीका लागि नीतिगत पहल: मुलुकमा रोजगारीको सृजना र उपयोगलाई प्रभावकारी तुल्याउनका लागि विभिन्न तरिकाले नीतिगत पहलहरू गरिएको हुन्छ । यिनमा खासगरी देहायका पक्ष महत्वपूर्ण रहेका छन् :

- मानव पूँजीको विकासका लागि रोजगारमूलक सीप र दक्षता अभिवृद्धि
- रोजगारमूलक शिक्षा प्रणाली
- उद्यमशीलता प्रवर्द्धन र विकासको व्यवस्थित र योजनावद्ध प्रयास
- श्रमबजारको व्यवस्थापन, रोजगार सूचना प्रणाली र श्रम विनिमय प्रणालीको विकास र उपयोग
- उद्योग व्यवसायमा रोजगारीमा आधारित प्रोत्साहन प्रणालीको कार्यान्वयन
- विभिन्न नीतिगत व्यवस्थामा रोजगारी विषयको मूलप्रवाहीकरण
- गरिबी निवारणका कार्यक्रममा रोजगारी विषयको प्राथमिकीकरण
- सबै क्षेत्रमा मर्यादित कामको सिद्धान्त अवलम्वन
- रोजगारीको अवसर र उपयोगमा समता, सामाजिक न्याय र समावेशीकरण
- रोजगारीमा उत्पादकत्व वृद्धिका उपाय अवलम्वन र अनुसन्धानमा आधारित सुधार
- रोजगारीलाई निजीक्षेत्रको विकासको आधारका रुपमा स्थापित

ख. समष्टीगत आर्थिक नीति र रोजगारी

नेपालको संविधानले सबै नागरिकका लागि रोजगारी र श्रमको हकलाई मौलिक हकका रुपमा स्थापित गरेको छ । यस संवैधानिक प्रावधानको कार्यान्वयनका लागि रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना र सन्चालन गर्ने, वेरोजगार व्यक्तिको पहिचान र सूचीकरण गर्ने, रोजगार सूचना केन्द्रमा सूचीकृत भएका वेरोजगार व्यक्तिलाई एक आर्थिक बर्षमा न्यूनतम १०० दिनको रोजगारीको अवसर उपलब्ध गराउने कुरालाई प्रत्याभूत गरेको छ । यस व्यवस्थाको कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याइएको छ । यसले रोजगारीलाई स्थानीयकरण गर्न भूमिका खेल्ने विश्वास लिइएको छ ।

नेपालको समग्र विकास र रोजगारी सम्बन्धी राज्यको पहल र नीतिगत व्यवस्था हेर्दा दुईवटा धारणाबाट विश्लेषण गर्न सकिन्छ। नेपालमा योजनावद्ध विकासको प्रारम्भदेखि पञ्चायती शासन व्यवस्थासम्मको विकास अवधआरणालाई राज्यकेन्द्रित अवधारणा मान्न सकिन्छ । २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात विकासको सैद्दान्तिक अवधारणामा नै नीतिगत परिवर्तन भएको छ। त्यस पछिका योजना तथा विकास नीतिहरुमा उदार प्रजातान्त्रिक राजनीतिक प्रणाली र खुल्ला बजार व्यवस्थाको अबलम्वन गरेको पाईन्छ। यसरी नेपालको विकास योजना र रोजगारी सृजना सम्बन्धी नीतिगत व्यवस्थालाई दुई सैद्धान्तिक दृष्टिकोणबाट हेर्न सकिन्छ।

अ. राज्य केन्द्रित अवधारणा (२०१३ – २०४७)

- प्रथम, द्वितीय र तृतीय पञ्चवर्षीय योजनाः कृषि क्षेत्रमा मात्र सीमित रहेको श्रम शक्तिलाई अन्य निर्माणका कार्यमा समेत परिचालन गरी आर्थिक सम्वृद्धिमा सहयोग पुर्याउने।
- चौथो, पाँचौ, छैटौ र सातौ पञ्चवर्षीय योजनाः विकास निर्माण तथा राष्ट्रियऔद्योगिकरणका माध्यमबाट एवं साना तथा घरेलु उद्योगको विकासमार्फत रोजगारी सृजनागर्ने।

आ. उदार तथा बजार केन्द्रित अवधारणा (२०४७ पछाडी)

- आठौ योजनाले कृषि तथा औधोगिक क्षेत्रका साथै सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ्य, खानेपानी तथा आवास जस्ता कार्यक्रम) मा लगानी अभिवृद्धि गर्दै आन्तरिक रोजगारी सृजनागर्ने र वैदेशिक रोजगारीका अवसरको खोजी गर्दै नेपाली श्रमिकलाई वैदेशिक रोजगारीको बाटो खुल्ला गर्ने।
- त्यस पछिका योजनाले रोजगारीलाई कहिले गरिबी निवारण त कहिले दीगो शान्तिसँग व्याख्या गरेका छन् अनि वैदेशिक रोजगारलाई मुख्य विकल्पका रुपमा प्रवर्द्धन गरेका छन् । वैदेशिक रोजगारीका अवसरको विकल्पमा आन्तरिक रोजगारीका अवसर अभिवृद्धि गर्नुपर्छ भन्ने अभिव्यक्तिहरु व्यक्त भएपनि ठोस रुपमा नीतिगत व्यवस्था हुन सकेको छैन। हरेक योजनाहरू वैदेशिक रोजगारीलाई कसरी व्यवस्थापन गर्ने भन्ने दिशामा नै नीतिगत तथा संयन्त्र निर्माण गर्ने नै बढी केन्द्रित भएको देखिन्छ।

समग्रमा,२०४७ साल पछि हालसम्म राज्यले उदार अर्थनीतिको अबलम्बन गरेको अवस्थामा राज्यका सम्पूर्णक्षेत्रगत नीतिहरूलाई रोजगारी सृजनाका दृष्टिकोणबाट विश्लेषण गर्दा ती क्षेत्रगत नीतिहरूमा रोजगारी सृजनाका दृष्टिले ती नीतिहरूमा भएका नीतिगत व्यवस्था, रोजगारी सृजना सम्बन्धी लक्ष्य, कार्यान्वयन संयन्त्रको निर्माण, प्रभावकारी कार्यान्वयनको व्यवस्था र नीतिको

दिगोपनाका दृष्टिले विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ । साथै ती नीतिगत व्यवस्थाले निजीक्षेत्रमा हुने रोजगारी सृजनालाई कसरी व्यवस्थित र नियमन गर्छन भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ ।

इ. **पन्ध्रौं योजना (२०७६।७७ देखि २०८०।८१ सम्म)**

पन्ध्रौँ योजनाले मानव पूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोगलाई समृद्धिको मुख्य लक्ष्यका रुपमा समावेश गरेको छ । त्यसैगरी आधारपत्रले तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धिलाई रणनीतिक आधरका रुपमा राखेको छ । मुलुकमा रोजगारी सृजनाका लागि योजनाले दीर्घकालीन राष्ट्रिय लक्ष्य, रणनीति र क्षेत्रगत लक्ष्य निर्धारण गरेको छ । यस अनुसार देहायका प्रावधान उल्लेख्य छन्ः

- मानव पूंजी निर्माण (दक्ष, कुशल, सीपयुक्त र उत्पादनशील) तथा सम्भावनाको पूर्ण उपयोग गर्ने,
- रोजगारमूलक आर्थिक वृद्धि र रोजगारीका माध्यमबाट गरिबी निवारण गर्नका लागि गरिबलक्षित तथा गरिब पहुंचमा आधारित सीप विकास र रोजगारी सृजनाका जोड दिने,
- उत्पादनशील र मर्यादित रोजगारीमा सबैको समतामूलक पहुंच र उपलब्धता सुनिश्चित गर्ने तथा सबै नागरिकका लागि न्यूनतम रोजगारी प्रत्याभूत गर्ने,
- उद्यमशील संस्कृतिको विकासका लागि जनतामा उद्यमशीलता विकास र व्यवसायका लागि लगानीको वातावरण सृजना गर्ने,
- रोजगारी र आयआर्जनका अवसर वृद्धि गर्ने र लगानीका लागि बचत गर्ने क्षमता वृद्धि गर्ने,
- रोजगारी अभिवृद्धिका लागि निजीक्षेत्रलाई प्रोत्साहन गर्ने,
- सार्वजनिक निजी साझेदारीका माध्यमबाट उत्पादनशील रोजगारी क्षमता अभिवृद्धि गर्ने,
- रोजगारमूलक औद्योगिक विकास र उत्पादनशील औद्योगीकरणमा जोड दिने,
- सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा संलग्न हुन प्रोत्साहित गर्ने,
- सिंचाइका माध्यमबाट कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने र कृषिक्षेत्रको रोजगारी वृद्धिमा योगदान गर्ने,
- वनक्षेत्रमा जडीबुटी उत्पादन र प्रशोधनका माध्यमबाट उद्यमशीलता र रोजगारी अभिवृद्धि गर्ने,
- व्यवसायिक तथा प्राविधिक शिक्षा र तालिमका माध्यमबाट रोजगारी उन्मुखताको विकास गर्ने,
- युवावर्गमा उद्यमशीलताको विकास गरी रोजगारमूलक र स्वरोजगारी एवम् व्यवसायिक उन्मुखताको विकास गर्ने,

- सामुदायिक वनको व्यवसायिकरण गरी रोजगारी प्रवर्द्धनमा योगदान गर्ने,
- वातावरणमैत्री हरित उत्पादनमा माध्यमबाट रोजगारी अभिवृद्धि गर्ने,
- प्रविधि विकासका माध्यमबाट रोजगारी सृजनामा योगदान गर्ने ।

पन्धौ योजनामा रोजगारीसम्वद्ध परिमाणात्मक लक्ष्यका रुपमा देहायका उपलब्धि सूचक निर्धारण गरेको छः

- १५ बर्ष र सोभन्दा माथिको उमेर समूहको जनसंख्याको श्रमशक्ति सहभागिता दर ४८.५ प्रतिशत पुर्याउने,
- वेरोजगारी दर ६ प्रतिशतमा झार्ने,
- रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत पुर्याउने,
- कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १८.८ प्रतिशत पुर्याउने ।

ई. दिगो विकास लक्ष्य र रोजगारी

दिगो विकास लक्ष्य २०३० ले मुलुकको रोजगारीसम्बन्धी नीतिले रोजगारीका माध्यमबाट गरिबी निवारणगर्ने, मर्यादित समावेसी रोजगारीको सृजना गर्ने, युवावर्गलाई रोजगारीमा प्रोत्साहन दिने/गर्ने जस्ता विषयलाई स्पष्ट रुपमा सम्वोधन गर्ने कुरा उल्लेख गरेको छ । यसको कार्यान्वयनका लागि नेपालले लिएका नीतिगत र कार्यक्रमगत लक्ष्य देहाय बमोजिम रहेका छन्ः[1]

- नेपालमा रोजगारीका माध्यमबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने, सन् २०१५ को ७६६अमेरिकी डलर प्रतिव्यक्ति कूल राष्ट्रिय आय बाट सन् २०३० मा २,५०० अमेरिकी डलर पुर्याउने र आयआर्जन र गरिबी निवारणको प्रयासका आधारमा नेपाललाई सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकका रुपमा रुपान्तरण गर्ने रहेका छन् ।
- यसले पूर्ण तथा उत्पादनशील रोजगारीलाई दिगो विकासको सर्वसम्बन्धित विषयका रुपमा राखेको छ।
- दिगो र समावेशी आर्थिक वृद्धि एवम् पूर्ण तथा उत्पादनशील रोजगारी र सबैका लागि मर्यादित कामको अवसर उपलब्ध गराउने लक्ष्य लिइएको छ ।
- पर्यटन क्षेत्रको रोजगारीको अवसरमा दशगुणा वृद्धि गर्ने र कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान चारगुणाले वृद्धि गर्ने लक्ष्य रहेको छ।

१नेपाल दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०१७

- रोजगारीका लागि सीप र वित्तीय सेवाका साथै लगानी वृद्धि गर्ने उपाय अवलम्वन गर्ने उद्देश्य राखिएको छ।
- सबैका लागि समावेसी तथा दीगो आर्थिक बृध्दि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने, समग्र वेरोजगारीलाई २७.८ प्रतिशतबाट १० प्रतिशतभन्दा कममा झार्ने र सबैप्रकारका वालश्रमको अन्त्य गर्ने र युवा वेरोजगारीलाई ३५.८ प्रतिशतबाट १० प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ।
- कृषिक्षेत्रमा सिंचाइ सुविधा वृद्धि गरी उत्पादकत्व बढाउने र रोजगारीका अवसर बढाउने उपाय अवलम्वन गर्ने लक्ष्य रहेको छ।
- रोजगारमूलक शिक्षाका लागि प्राविधिक र व्यवसायिक शिक्षा र तालिम तथा उद्यमशीलता विकासमा जोड दिई रोजगारीका अवसर बढाउने लक्ष्य रहेका छन्।
- स्वदेश तथा आप्रवासी कामदारका लागि मर्यादित रोजगारी सुनिश्चित गर्ने रहेका छन्।
- सहकारी प्रवर्द्धनका माध्यमबाट रोजगारी सृजनाका लागि सहकारीमा पहुंच ८० प्रतिशत घरधुरीलाई सहभागी गराउने रहेको छ।
- गैरकृषिक्षेत्रको अनौपचारिक रोजगारीलाई ७० प्रतिशतबाट १० प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ।
- पर्यटन क्षेत्रको रोजगारीयुक्त काममा ९० हजारबाट १० लाख पुर्याउने लक्ष्यका साथै नेपालमा सामाजिक रुपले समावेशी रोजगारी सुनिश्चित गर्ने लक्ष्य लिइएको छ।

उ. दीर्घकालीन सोच २१००

देशको २५ बर्षे (बि.सं. २१०० सम्मका लागि) दीर्घकालीन सोंचका रूपमा पन्ध्रौं योजनामा 'आय बृध्दि, गुणस्तरीय मानव पुँजी निर्माणर आर्थिक जोखिमको न्यूनीकरण गर्दै बि.सं.२०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देसमा स्तरोन्नति गर्ने र बि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य सहिस गर्दै उच्चा माध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने'तयगरिएको छ। यसको मार्गचित्रका रूपमा अबको विकासको कार्यसूची सुशासन, विकास र समृध्दी रहेको छ। दीर्घकालिनसोंचको मार्गचित्रले विकासमा प्रादेशिक सन्तुलन, समावेशिता, प्रकृतिक स्रोत-साधनको संरक्षण, सम्वर्ध्दनर उपयोग गर्दै मर्यादित काम र रोजगारी सृजनागर्नु पर्ने कुरालाई जोड दिएको छ । उत्पादन र उत्पादकत्व अभिबृध्दी गरी उच्च आर्थिक आर्थिक बृध्दिसहित समन्यायिक वितरण सुनिश्चित गर्नु समष्टिगत आर्थिक नीतिको प्रमुख उद्देश्य हुनेछ । अर्थतन्त्रमासार्वजनिक,निजी, सहकारी, र सामुदायिक क्षेत्रको भूमिकालाई महत्व दिंदैसमाजवादउन्मुखअर्थव्यवस्थाको निर्माणमाउपलब्ध स्रोत र साधनको अधिकतम परिचालन र

उपयोगमा जोड दिने नीति अवलम्वन गरेको छ । राष्ट्रिय पूँजी निर्माणको लागि बचत परिचालन, स्वदेशी लगानीलाई प्राथमिकता, औद्योगिकीकरण तर्फ लगानी केन्द्रित गर्ने, आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन, बैदेशिक पूँजी तथा प्रविधिकोआकर्षण र प्रोत्साहन आर्थिक विकासको प्रतिफलको समन्यायिक वितारणमा जोड दिने बिषयसमष्टीगत आर्थिक नीतिले अगाडी सारेको छ । आर्थिक बृध्दि र समतामैत्री करनीतिका माध्यमबाट करको आधार र दायरा फराकिलो बनाउने, राजश्व बृध्दि गरी विकास वित्तमा परिचालन गरिने, मूल्यनीतिलाई उपभोक्तामैत्री बनाउने, वित्तनीतिसंग सामन्जस्य हुने गरी मौद्रिक नीतिको अवलम्बन, बिमा व्यवसायको विस्तार, पूँजीबजारको विकासमा उत्प्रेरक नीति लिनुका साथै डिजिटल अर्थतन्त्र प्रवर्द्धन गर्ने कुरालाई जोड दिएको छ । यसबाट दीर्घकालीन सोच अवधिको औसत आर्थिक बृध्दिदर१०.५ प्रतिशतको लक्ष्य अनुरूप यस अवधिको अन्तिम बर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश हाल (आ.ब. २०७६/७७) को २७ प्रतिशतबाट घटेर ९ प्रतिशत, उद्योग क्षेत्रको अंश हालको १५.२ प्रतिशतबाट बृध्दि भई ३० प्रतिशत र सेवा क्षेत्रको अंश हालको ५७.८ प्रतिशतबाट ६१ प्रतिशत पुग्ने अनुमान गर्दै कृषि क्षेत्रमा रहेको ठूलो जनशक्ति उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुने तथा आगामी २५ बर्ष (बि.सं. २१००) मा उद्योगर सेवा क्षेत्रको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलो संरचनागत एवम् गुणात्मक परिवर्तन हुने अनुमान गरेको छ । परिणाम स्वरूप बेरोजगारी दरमा उल्लेख्य कमि (आ.ब. २०७४/७५ को यथार्थ बेरोजगारी ११.४ बाट घटेर आ.ब. २१००/०१ मा ३ प्रतिशतमा झर्ने) तथा रोजगारीका अवसरमा व्यापक वृद्धि हुँदारोजगारीमा औपचारिक क्षेत्रको हिस्साआ.ब. २०७४/७५ को यथार्थ ३६.५ बाट बढेर आ.ब. २१००/०१ मा ७० प्रतिशत पुग्ने अनुमानित लक्ष्य राखिएको छ[2]।

ऊ. क्षेत्रगत दीर्घकालीन सोच

समष्टिगत अर्थतन्त्रका विभिन्न क्षेत्रहरूले समेत प्रष्ट दीर्घकालिन सोंच राखेको देखिन्छ। मुख्यरूपमा देहायका क्षेत्रमा राखिएका सोच निम्नानुसार छन्:

- **बचत:** बचत परिचालन मार्फत आत्मनिर्भर र समुन्नत अर्थतन्त्र निर्माण,
- **सार्वजनिक खर्च:** सार्वजनिक खर्चको कुशल र नतिजामूलक व्यवस्थापनद्वारा समृध्द अर्थतन्त्र निर्माण,
- **राजश्व:** सुदृढ र प्रगतिशील राजश्व प्रणालीको विकास गरि समृध्द अर्थतन्त्र निर्माण,
- **अन्तर्राष्ट्रिय विकास सहायता:** अन्तर्राष्ट्रिय विकास सहायताको प्रभावकारी परिचालन मार्फत विकास र सम्बृद्ध अर्थतन्त्रको निर्माण,
- **सार्वजनिक ऋण:** सार्वजनिक ऋणको प्रभावकारी परिचालन गरी सवल अर्थतन्त्र निर्माण,

2पन्ध्रौंयोजना (२०७६/७७-२०८०/८१),नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०७६

- **सरकारी संस्थान:** सवल र प्रतिष्पर्धी सार्वजनिक संस्थान मार्फत आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण,
- **मौद्रिक तथा वित्तीय क्षेत्र:** गतिशील, विश्वसनीय र उत्पादनशील मौद्रिक तथा वित्तीय क्षेत्र,
- **मूल्य नीति:** मूल्य स्थिरता मार्फत समष्टिगत आर्थिकस्थायित्व,
- **वैदेशिक व्यापार, शोधनान्तर र विदेशी विनिमय:** सन्तुलित वैदेशिक व्यापार, पर्याप्त विदेशी मुद्र संचिति र बाह्य क्षेत्र स्थायित्व सहितको सुदृढ अर्थतन्त्र,
- **बीमा:** सुदृढ, विस्तृत बीमा सेवाबाट जोखिम न्यूनीकरणमार्फत उत्पादनशील समाज र अर्थतन्त्र निर्माण,
- **पूँजी बजार:** स्वच्छ, प्रतिष्पर्धी र फराकिलो धितोपत्र तथा वस्तु विनिमय बजार मार्फत रास्ट्रिय पूंजी निर्माण गर्ने ।

समष्टिगत आर्थिक नीतिको सोच र सफलताबाट मुलूकको आर्थिक बृध्दिर समृध्दी हासिल हुने त छंदैछ, यसले उत्पादनशील रोजगारीमा प्रत्यक्ष रसकारात्मक प्रभाव ल्याउने पक्षमा पनि उत्तिकै ध्यान दिनु पर्ने हुन्छ।

ऋ. नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट

आर्थिक बर्ष २०७६/७७ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा कृषि तथा बन व्यवसाय, निजी क्षेत्रमा औद्योगिक तथा व्यवसायिक लगानी विस्तार, पर्यटन, वित्तीय सेवामा पहुँच बृध्दि तथा सार्वजनिक निर्माण लक्षित प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ५ लाख रोजगारी सृजनागर्ने अपेक्षा गरिएको थियो । उत्पादनमूलक श्रम र रोजगारीबाट मात्र उच्च उत्पादन, दीगो सामाजिक सुरक्षा र आत्मसम्मान विकास गर्न सकिने विश्वासका साथ रोजगारीलाई प्राथमिकता दिइएको थियो । यस आर्थिक बर्षमा कुन-कुन क्षेत्रमा कति रोजगारी सृजनाहुने भन्ने कुरा प्रक्षेपण गरिएको थिएन ।

त्यसै गरी आर्थिक वर्ष २०७७/७८को नीति तथा कार्यक्रम र बजेटले स्वास्थ्य, शिक्षा, रोजगारी, र आर्थिक पुनरूत्थान सरकारको कार्यदिशा हुने घोषणा गरेको छ । दक्ष श्रमिक, कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन नीति अवलम्बन गरिएको छ । बेरोजगारहरूको सम्भावित पंक्तिलाई व्यवसायिक कृषि, बृहत भौतिक पूर्वाधार, स्थानीय पूर्वाधार, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, निर्माण र सेवा क्षेत्रमा परिचालन गर्ने नीति लिएको छ ।आर्थिक बर्ष २०७७/७८ को बजेटले श्रम तथा रोजगारी क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । मर्यादित काम, सामाजिक सुरक्षा र आदर्श श्रम-सम्बन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिबृध्दी गर्दै सबै नेपालीका लागि काम र रोजगारी सृजना

गर्नेतर्फ कार्यक्रम तय गरेको छ । कोभिड-१९ का कारण स्वदेश र बिदेशमा रहेको नागरिक समेतको रोजगारीमा असर परेको तथ्यलाई मनन गरी देश भित्र काम र रोजगारीक थप अवसरहरू सृजना गर्नेतर्फ बजेट केन्द्रित गरिएको छ।

यसरी समष्टिगत आर्थिक नीति, सरकारको नीति तथा कार्यक्रम र वार्षिक विनियोजन समेतले रोजगारको क्षेत्रलाई महत्व र प्राथमिकता दिएको देखिन्छ।

ल. अन्तरराष्ट्रिय श्रम संगठन र रोजगारी सृजना

रोजगारी सृजना र मर्यादित श्रमको क्षेत्रमा योगदान गर्दै आएको अन्तरराष्ट्रिय श्रम संगठनले रोजगारी सृजनाको विषयलाई दुई प्रमुख ढांचामा विश्लेषण गर्ने गरेको देखिन्छ । यसमा Normative Framework र Policy Framework लाई आधारका रुपमा लिइएको छ । Normative Framework मा श्रमसम्बन्धी अभिसन्धिहरुको प्रभावकारी रूपमा पालना गरी रोजगारी सृजना गर्ने र Policy Framework अन्तर्गत रोजगारीको अवसरको विस्तार, रोजगारमूलक सीप, प्रविधि र रोजगार योग्यताको प्रवर्द्धन, उद्यमको विकास, श्रमबजार सुदृढीकरण, श्रम सुशासन तथा सामाजिक सुरक्षाका उपायको मुख्य रुपमा उपयोग गर्न भनिएको छ।

परिच्छेद तीन: क्षेत्रगत नीतिहरूको समीक्षा

यस परिच्छेदमा अध्ययनका लागि छानिएका क्षेत्रगत नीतिहरु –*कृषि नीति, औद्योगिक नीति, पर्यटन नीति, वन तथा वातावरण नीति, सिँचाई तथा जलश्रोत नीति, भौतिक पूर्वाधारसम्बन्धी नीति, गरिबी निवारण नीति, राष्ट्रिय रोजगार नीति, सूचना प्रविधि नीति* – को रोजगारी सिर्जनाको दृष्टिकोणबाट समीक्षा गर्नदेहाय बमोजिमको'**परिवर्तनको तार्किक श्रृंखला(Log|cal H|erarchy of Change)**'लाई सैध्दान्तिक दिशानिर्देशका रूपमा लिईएको छ ।



यस सैध्दान्तिक मार्गनिर्देशलाई आधार मान्दै सम्बन्धित क्षेत्रगत नीति (माथि उल्लेख भएका) को रोजगारी सृजनाका दृष्टिकोणबाट विश्लेषण तथा समीक्षा गरीएको छ । सोका लागि उल्लेखित नीतिहरूको '***रोजगारयोग्यता***','***नीति कार्यान्वयनका लागि गरिएको व्यवस्था***','***कार्यान्वयनको अवस्था***' र '***प्रगतिमा देखिएको अन्तर तथा दीगोपना***' लाई मुख्य सूचकका रूपमा लिईएको छ।

१. **रोजगारयोग्यता:** सम्बन्धित नीतिको रोजगार योग्यताले नीतिले अवलम्बन गरेका *रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र*तथा *परिमाणात्मक लक्ष्य*लाई समेट्छ ।नीतिले अवलम्वन गरेको रोजगार सम्बद्ध मुख्य नतिजाका क्षेत्रमा रोजगारी सृजनाका लागि नीतिगत, संस्थागत र पद्धतिगत सुधार; वित्तीय लगानी; रोजगारी सृजनाका लागि प्रवर्ध्दनात्मक कार्यक्रम; नतिजामूलक उपलब्धि हासिल गर्ने उपाय तथा तीसंग सम्बन्धित व्यवस्थाहरूको परिणामलाई लिई विश्लेषण गरिएको छ जसले नीतिको व्यवस्थापनबाटरोजगारी सृजनासम्बन्धी क्षमता विकास भयो भएन, कार्यक्रम कार्यान्वयनबाट उपलब्धि हासिल भयो भएन, लक्ष्य बमोजिमको

नतिजा प्राप्त भयो भएन, आदि विषयलाई प्रष्ट्याउँछ । त्यसैगरी उपलब्धि (Intensity of Achievement) कति हासिल भयो भन्ने विषयको मापनका लागि नीतिमा स्पष्ट रुपमा परिमाणात्मक लक्ष्य (गुणात्मक र संख्यात्मक) लाई समावेस गरिएको छ/छैन भन्ने हेरिएको छ । यसले नीति कार्यान्वयनका क्रममा सूचकहरुको परिमाणात्मक मापनको आधार निर्धारणका लागि परिकल्पना/अवलम्वन गरिएका नीतिगत संयन्त्र/उपायको पालना (Compliance), दक्षता (Efficiency), उपलब्धि (Achievement), नतिजा (Result) र प्रभाव (Impact) जस्ता विषयहरु कसरी समावेस गरिएका छन् भन्ने स्पष्ट पार्दछ ।

२. **नीति कार्यान्वयनका लागि गरिएको व्यवस्था:** यस अन्तर्गत विभिन्न नीतिमा रहेका मुख्य नतिजाका क्षेत्र (लक्ष्य र उद्देश्य) मा उपलब्धि हासिल गर्न तथा सो अनुसारका परिमाणात्मक कार्यलक्ष्य हासिल गर्नका लागि नीतिगत, संस्थागत र पद्धतिगत पहलहरु (सुधारका प्रयास, अभियानमूलक कार्य, उत्प्रेरणात्मक र प्रोत्साहनात्मक कार्य, उपलब्ध क्षमता र साधनको उच्चतम परिचालन गर्ने कार्य, सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने कार्य, सार्वजनिक तथा निजी क्षेत्रको क्षमता विकासको कार्य, आदि) लाई स्पष्ट रुपमा समावेश गरे/नगरेको उल्लेख गरिएको छ । यी पक्षका आधारमा साविकको भन्दा बढी र विशेष प्रकृतिको परिवर्तन हासिल गर्न र दिगो बनाउन के उपायहरु अवलम्बन गर्नु आवश्यक हुन्छ भन्ने विश्लेषण गर्न सघाउ पुग्ने देखिन्छ ।

३. **कार्यान्वयनको अवस्थाः** नीतिको कार्यान्वयनका आधारभूत अवयवका रुपमा योजना र कार्यक्रम, कानुनी र संस्थागत व्यवस्था, नतिजामूलक कार्यसम्पादन व्यवस्थापन, आदिलाई लिइएको छ । नीतिको कार्यान्वयन भन्नाले मुख्य नतिजाका क्षेत्र र लक्ष्य बमोजिमकापरिमाणात्मक कार्यलक्ष्यलाई नतिजामा रुपान्तरण गर्नका लागि गरिने योजनावद्ध र पद्धतिमा आधारित कार्य र सो कार्य (रोजगारी सृजनाका लागि नीतिगत, संस्थागत र पद्धतिगत सुधार, वित्तीय लगानी/बजेट, रोजगारीका लागि प्रवर्ध्दनात्मक कार्यक्रम, नतिजामूलक उपलब्धि हासिल गर्ने उपायको अवलम्वन, रोजगारी सृजनाबाट सकारात्मक प्रभाव हासिल गर्ने, आदि) को क्रियान्वयनका आधारमा कार्यसम्पादनको प्रगति, उपलब्धि, नतिजा र प्रभाव हासिल गर्ने क्षमतासम्बन्धी स्थितिलाई समावेश गरिएको छ ।

४. **प्रगतिमा देखिएको अन्तर तथा दीगोपना (Gap and Sustainability Analysis):** यस अन्तरगत लक्ष्य अनुसारको मुख्य नतिजाका क्षेत्र तथा परिमाणात्मक कार्यलक्ष्यका आधारमा तय गरिएका अपेक्षित/सम्भाव्य उपलब्धि तथा नतिजा र नीतिको कार्यान्वयनबाट प्राप्त यथार्थ उपलब्धि तथा नतिजाबीचको तुलना र मापनयोग्य अन्तरको स्थितिको आंकलन उल्लेख गरिएको छ । यसका आधारमा कार्यान्वयन स्थितिले देखाएका कमीकमजोरी, समस्या र चुनौतीर सुधारका क्षेत्रको पहिचान गर्न सघाउ पुगेको छ ।

५. **रोजगारी सृजनाको क्षेत्रलाई उच्च कार्यसम्पादनयुक्त बनाउने (Highly Performing Employment Sector) उपायको खोजीः** रोजगारीको क्षेत्र मुलुकको समृद्धि र सुखी जनताको प्राप्तीका लागि अपरिहार्य रहेको तथा यो क्षेत्र कुनै एक क्षेत्रसंग मात्र सम्बन्धित नभै सर्वसम्बन्धित (Cross-cutting) विषय भएको तथ्यलाई आत्मसात गरी नेपालको आन्तरिक रोजगारी क्षेत्रलाई उच्च कार्यसम्पादनयुक्त क्षेत्रका रुपमा रुपान्तरण गर्नका लागि यसलाई चुनौतीपूर्ण लक्ष्यसहितको रूपान्तरणीय विषय, रणनीतिक जोड, नतिजाप्रतिको जवाफदेही र कार्यसम्पादन उपलब्धि सहितको नतिजामुखी, व्यापक सहकार्य र साझेदारीमा आधारित, नवप्रवर्तनीय उपाय अवलम्वन गरी निरन्तर सुधारको पथमा अग्रसर हुने र परिवर्तनलाई ग्रहण गरी प्रभावकारिता हासिल गर्ने क्षेत्रका रुपमा गतिशील तुल्याउन कार्यान्वयनयोग्य उपायको खोजी गरिएको छ।

तालिका १: सूचकहरूले समेट्ने विषयवस्तुहरू

क्र.सं.	मूख्य सूचकहरू	विश्लेषण र समीक्षा गरिने विषयवस्तु
१	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र (नीतिको रोजगारयोग्यता)	• नीतिले रोजगारीका लागि प्रदान गरेको प्राथमिकता • रोजगारी सृजनाका लागि प्रतिवद्ध लगानी तथा पर्याप्त कार्यक्रम र बजेटको व्यवस्था • रोजगारीका लागि उद्यमशीलता प्रवर्द्धन र रोजगारमूलक सीपको विकास, उपयोगको अवसर र रोजगारीको अवसरमा पहुंच • रोजगारीमा युवावर्गको झुकाव, आन्तरिक रोजगारीका लागि युवावर्गमा प्रेरणा र प्रोत्साहन • रोजगारी सृजनाका लागि प्रतिवद्ध, सक्षम र जवाफदेही संस्थागत व्यवस्था • रोजगारी प्रवर्द्धनका लागि सहकार्य र साझेदारी

२	नीति कार्यान्वयनका लागि गरिएको व्यवस्था	• रोजगारसम्बन्धी नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि सवल र अनुकूल वातावरण
		• कार्यान्वयनका लागि सक्षम संगठनात्मक व्यवस्था
		  ○ उपयुक्त र पर्याप्त कानुनी व्यवस्था
		  ○ विकास कार्यक्रम र बजेट

		○ संस्थागत सेवा प्रवाहको पद्धति ● रोजगारी सृजना र उपयोगका लागि कार्यक्रम र बजेट तथा साधनको व्यवस्थापन ● नीति कार्यान्वयनका लागि पद्धति, कार्यविधि र निर्देशिका ● नीति कार्यान्वयनको प्रभावकारी अनुगमन र समीक्षा तथा समस्या समाधानको संयन्त्र तथा निरन्तर सुधारको पद्धति ● सरोकारवालाबीच सहकार्य र साझेदारीको संयन्त्र ● रोजगारी सृजना र उपयोगका आधारमा प्रोत्साहनको व्यवस्था
३	कार्यान्वयनको अवस्था र उपलब्धि	● नीति कार्यान्वयनमा दक्षता र परिपालना ● नीति कार्यान्वयनमा समन्वय र सामन्जस्य ● नीतिको कार्यान्वयनबाट प्राप्त उपलब्धि ● नीति कार्यान्वयनको प्रभाव र नतिजा ● नीति कार्यान्वयनको दीगो असर
४	प्रगतिमा देखिएको अन्तर तथा दीगोपना (Gap and Sustalnabllty Analysls)	● विभिन्न क्षेत्रगत नीतिमा रोजगारी विषयको मूलप्रवाहीकरण ● नीतिगत निरन्तरताका लागि संस्थागत विकास सम्बन्धी अवलम्वन गरिएका उपाय ● वित्तीय लगानीको सुनिश्चिता र दीगोपना ● नीतिको प्रादेशिकरण र स्थानीयकरण ● नीतिप्रतिको सर्वपक्षीय स्वामित्व ● सार्वजनिक निजी साझेदारी

यसरी क्षेत्रगत नीतिको समीक्षाका क्रममा अवलम्वन गरिएका सूचकहरू मध्ये '*रोजगार योग्यता*' र'*नीति कार्यान्वयनका लागि गरिएको व्यवस्था*' को विश्लेषण**क्षेत्रगत नीतिहरूको समीक्षा**खण्डमा *(तालिका २ देखि १५ सम्म)* गरिएको छ । त्यसैगरी '*कार्यान्वयनको अवस्था*'र'*प्रगतिमा*

देखिएको अन्तर तथा दीगोपना' लाई यसै परिच्छेदको **रोजगारसम्बध्द नीतिगत व्यवस्थाको कार्यान्वयनको समीक्षा** खण्डमा प्रस्तुत गरिएको छ।

क. क्षेत्रगत नीतिहरूको समीक्षा

यी नीतिमा समावेश भएका **रोजगारसम्बद्ध नतिजाका क्षेत्र** र **सूचकसम्बन्धी व्यवस्थाको समग्र विश्लेषण र समीक्षा** देहाय बमोजिम प्रस्तुत गरिएका छन्:

(१)राष्ट्रिय रोजगार नीति, २०७१

गरिबी निवारण, आर्थिक विकास र राष्ट्रिय समृद्धि हासिल गर्ने सवालमा व्यवस्थित र मर्यादित रोजगारीका अवसरहरुको सृजना गरी एवं नागरिकहरुलाई उत्पादनशील बनाउँदै जानु आवश्यक हुन्छ । यसै क्रममा नेपाल सरकारले विभिन्न समयमा श्रमको अधिकतम उपयोग गरी आय–आर्जनमूखी र उत्पादनशील रोजगारी सृजना गर्न विविध पहलहरु र नीतिगत उपायहरु अवलम्वन गर्दै आएको छ । खासगरी राष्ट्रिय श्रम नीति २०५६ को तर्जुमा र सो पश्चात ल्याईएको रोजगार नीति २०६२ ले यीनै उद्देश्य हासिल गर्नमा लक्षित भएको देखिन्छ। अन्तरिम संविधान २०६३ मा रोजगारीलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको तथा धेरैवटा क्षेत्रगत नीतिहरुमा रोजगारी सृजना गर्ने बिषयलाई समेटिएको सन्दर्भबाट पनि राष्ट्रिय समृद्धि हासिल गर्ने सवालमा रोजगारीलाई बहुपक्षबाट महत्वका साथ हेरीएको देखिन्छ।

नेपालमा उपलव्ध श्रम (जन) शक्तिलाई प्रतिष्पर्धी बनाउदै सक्षम श्रमबजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित, एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउने दुरदृष्टि राखी राष्ट्रिय रोजगार नीति, २०७१ तर्जुमा गरी कार्यान्वयन गरिएको छ।

विभिन्न क्षेत्रगत नीतिहरूसँग सामन्जस्यता कायम गर्दै अनौपचारिक क्षेत्रका सम्भाव्य रोजगारीका अवसरलाई औपचारिक क्षेत्रमा रुपान्तरित गर्ने र श्रमबजारको माग र आवश्यकता अनुरूपको सीप र श्रम शक्ति तयार गरी रोजगारी सिर्जनामा केन्द्रित भएर रोजगारी सिर्जनाका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको प्रवर्द्धन र विकास गर्ने मूल उद्देश्यले यस नीतिको तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ । यी उद्देश्य प्राप्तिका लागि यस नीतिले हरेक क्षेत्रगत नीतिहरू निर्माण गर्दा नीति-निर्माण प्रक्रियामा नै रोजगारी सिर्जनालाई एक प्रमुख उद्देश्यका रूपमा प्राथमिकीकरण गर्ने र रोजगारी सिर्जनालाई विभिन्न क्षेत्रगत नीतिमा समायोजन गर्ने रणनीति आत्मसात गरेको छ।

उल्लेखित उद्देश्य प्राप्तिका लागि यस नीतिमा कृषि, औधोगिक तथा उत्पादनमूलक क्षेत्र, निर्माण, पर्यटन, सूचना प्रविधि, जलस्रोत तथा उर्जा जस्ता बढी रोजगारी सृजना गर्न सक्ने क्षेत्रहरूसँग सामन्जस्यता कायम गर्ने र यी क्षेत्रको विकास र रोजगारी सिर्जनालाई प्राथमिकताका साथ लागु

गर्ने गरी रणनीति तय गरिएको छ। साथै यस नीतिको प्रभावकारी कार्यान्वयनको अनुगमनका लागि संयन्त्र (राष्ट्रिय रोजगार नीति अनुगमन तथा मूल्याङ्कन समिति) समेत निर्माण भएको छ।

सो नीतिमा उल्लेख भएका उद्देश्य हासिल गर्ने सन्दर्भमा यस नीतिलाई निम्नानुसारका तीन (३) सूचकको आधारमा समीक्षा गरिएको छ।

तालिका २: राष्ट्रिय रोजगार नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	सबै नागरिकलाई उत्पादन र प्रतिफलयुक्त रोजगारीका अवसर उपलब्ध गराउने	रोजगारीमा लाग्नसक्ने सबैलाई प्रक्षेपण नगरिएको	• रोजगार विषयको नीतिगत रुपमा समष्टीगत तथा क्षेत्रगत समायोजन र प्राथमिकीकरण, प्रभावकारी कार्यान्वयन, समन्वय र सामन्जस्य, उत्पादनशील रोजगारीमा जोड दिने। • क्षेत्रगत रुपमा उत्पादनशील रोजगारीका लागि कृषि, उत्पादन, निर्माण, पर्यटन, सूचना प्रविधि, जलस्रोत र उर्जा क्षेत्रमा विशिष्ठीकृत नीति अवलम्वन गर्ने र यस अन्तर्गत लगानी, पूर्वाधार विकास, सीप र दक्षता विकास, प्रोत्साहन, सेवासुविधाको व्यवस्था गर्ने। • उत्पादनमूलक उद्योगको क्षेत्रमा लगानी प्रवर्द्धन, उद्यमशीलता र औद्योगिक सीपको विकास, रोजगारीका आधारमा प्रोत्साहन, उद्योग प्रवर्ध्दनात्मक सेवा, औद्योगिक पूर्वाधारको विकास, सुमधुर श्रमसम्बन्ध कायम गर्ने।
२	अनौपचारिक रोजगार पद्धतिलाई औपचारिक पद्धतिमा रुपान्तरण गर्ने र रोजगारीको गुणस्तरमा सुधार ल्याउने	प्रक्षेपण नगरिएको	
३	आप्रवासी र प्रवासी कामदारको उपयुक्त व्यवस्थापन गर्ने	प्रक्षेपण नगरिएको	
४	युवालक्षित रोजगारीका अवसर सृजना गर्न प्राथमिकता दिने	प्रक्षेपण नगरिएको	
५	श्रमबजारलाई सूचना प्रणालीको माध्यमबाट सवल बनाउने	प्रक्षेपण नगरिएको	
६	सुमधुर औद्योगिक सम्बन्धका माध्यमबाट रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्ने	प्रक्षेपण नगरिएको	

			• निर्माण क्षेत्रमा पूर्वाधार क्षेत्रमा लगानी प्रवर्द्धन, दक्ष व्यक्तिको उपलब्धता र उपयोग, सीप र दक्षता विकास, रोजगारी सृजना गर्न प्रोत्साहन, श्रममूलक प्रविधिको उपयोग, सिंचाइ सुविधाको विकास र कृषिमा रोजगारी सृजना तथा उत्पादकत्व वृद्धि गर्ने।

यसरी राष्ट्रिय रोजगार नीति, २०७१ लाई माथी तालिकामा उल्लेख गरिएका नतिजामूलक सूचक र कार्यान्वयनका आधारमा समीक्षागर्दा रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्रमा स्पष्ट परिमाणात्मक लक्ष्य किटान गर्न सकिएको देखिन आएन। साथै कार्यान्वयका क्रममा नीति कार्यान्वयनको उचित वातावरण निर्माण गर्न, प्राथमिकता निर्धारण गर्न र रोजगारी सृजना गर्ने कार्यलाई क्षेत्रगत नीतिहरुमा मूलप्रवाहीकरण गर्न नसकिएको देखिन्छ। खासगरी राष्ट्रिय रोजगार नीतिमा विभिन्न क्षेत्रमा सृजनागरिने रोजगारीको लक्ष्य राख्दै कार्यान्वयनका लागि नीतिगत दिशानिर्देशका साथै कतिपय कार्यक्रम समेत राखिएको छ। यद्यपि ती क्षेत्रगत नीतिहरुमा यस नीतिले निर्दिष्ट गरेका उद्देश्य तथा कार्यक्रमहरु समन्वयात्मक ढंगले प्राथमिकीकरण र मूलप्रवाहीकरण गर्न सकिएको छैन। साथै, विभिन्न सरोकारवालहरुबाट गरिने क्रियाकलापहरुको समन्वय गर्न तथा नीतिको कार्यान्वयनका लागि श्रोतसाधनको परिचालन गर्न सम्बन्धित मन्त्रालयहरुलाई मार्गनिर्देश गर्ने उद्देश्यले नीतिमा "राष्ट्रिय रोजगार नीति अनुगमन तथा मूल्यांकन समिति" को व्यवस्था गरिएको छ। यद्यपि सो समिति प्रभावकारी रुपमा परिचालीत हुन नसक्दा मूख्य रुपमा रोजगार नीति तथा विभिन्न क्षेत्रगत नीतिहरु कार्यान्वयन गर्ने संयन्त्र/निकायहरु अपेक्षित रुपमा नतिजामूखी भै कार्य गर्न सकेका छैनन्। जसबाट रोजगारी सिर्जनाका लागि तय गरिएका लक्ष्यहरु हासिल गर्नमा चुनौती देखिएको छ।

यस नीतिले अबलम्बन गरेका मुख्य उद्देश्य र रणनीतिहरू रोजगारी सृजनाका दृष्टिले उपयोगी र महत्वपूर्ण देखिन्छन्। यद्यपि यसको कार्यान्वयनतहमा हेर्दा विभिन्न यसले विभिन्न क्षेत्रगत नीतिहरूसँगको सामान्जस्याता कायम गर्न र ती नीतिले परिलक्षित गरेका नीति तथा रणनीतिहरूको प्रभावकारी कार्यान्वयन गर्न केही व्यवहारिक पक्षमा जोड दिनुपर्ने देखिन्छ। यस नीतिलाई कार्यान्वयन गर्न र अन्य रोजगारी सिर्जनाका क्षेत्रहरूसँग समन्वय गर्नका लागि राष्ट्रिय रोजगार

नीति अनुगमन तथा मुल्याङ्कन समितिको व्यवस्था गरिएको छ। विभागीय मन्त्रीको अध्यक्षतामा रहने उक्त समितिमा नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिवहरू र नीजि क्षेत्रका संघ संगठनका प्रतिनिधिहरूको समेत सहभागिता हुने हुनाले सरकार र नीजि क्षेत्रबीच रोजगारी सृजनाका क्षेत्रमा देखापर्ने समस्यालाई तत्काल सम्बोधन गर्ने संयन्त्रको विकास भएको देखिन्छ। यसले सरकार नीजिक्षेत्रबीचको समन्वय र सहकार्यलाई संस्थागत गर्दै रोजगारी सृजनाको सम्भाव्यतालाई व्यवहारिक रूपमा नै कार्यान्वयन गर्न सहज हुने वातावरण निर्माण भएको छ। यद्यपि यस नीति कार्यान्वयनमा यस्ता संयन्त्रहरू कसरी परिचालन हुन सके र रोजगारी सिर्जनामा के-कस्ता समस्या देखा परे र ती समस्या र चुनौतिहरूलाइ सम्बोधन गर्न के कस्ता पहल भए भन्ने प्रश्न यद्यपि अनुत्तरित नै रहेको छ। तसर्थ नीति कार्यान्वयनका दृष्टिले हेर्दा नीतिले परिकल्पना गरेका संयन्त्रहरूसक्रियरूपमा परिचालन हुन नसक्दा नीति कार्यान्वयनको प्रभावकारिता कस्तो रह्यो भन्ने कुरा स्पष्टताका साथ उल्लेख गर्न कठिनाई भएको छ।

(२)वैदेशिक रोजगार नीति, २०६८

बाह्य रोजगारीले समेत समग्र रोजगारीमा महत्वपूर्ण र समपूरण योगदान गर्ने मान्यताको ख्याल राख्दै नेपाल सरकारले सो क्षेत्रलाई समेत नीतिगत रुपमा सम्बोधन गरेको छ। सोही पृष्ठभूमीमा वैदेशिक रोजगार , २०६८ तर्जुमा गरी कार्यान्वयन गरिएको छ। आन्तरिक श्रम बजारमा उपलब्ध रोजगारीका अवसरहरू पर्याप्त हुन नसक्दा वैदशिक रोजगार बढ्दो श्रमशक्तिको लागि एक आकर्षणको रूपमा रहेको छ। गरिबी निवारण र आर्थिक विकासमा रोजगारी सिर्जनाको महत्वपूर्ण भुमिका रहेको छ। वैदेशिक रोजगार अहिले गरीबी निवारण र आर्थिक विकासको महत्वपूर्ण अंश बनेको छ। वैदेशिक रोगारीमा बढ्दै गरेको आकर्षण र राष्ट्रिय अर्थतन्त्रमा विप्रेषणको योगदानलाई माध्यनजर गर्दै एवं वैदेशिक रोजगारमा जाने श्रमिकहरूको सुरक्षा, वैदेशिक श्रम बजारलाई मर्यादित एवं भरपर्दो बनाउनका लागि एवं बढ्दो श्रम शक्तिलाई तत्काल सम्बोधन गर्न वैदेशिक रोजगारीलाई विकल्पका रूपमा उपयोग गर्न र यसलाई व्यवस्थापन गर्न वैदेशिक रोजगार नीति निर्माण भएको छ।

अन्तरराष्ट्रिय श्रम बजारमा उपलब्ध रोजगारका अवसरहरूको उपयोग गर्न तत् अनुरूपको ज्ञान सीपयुक्त र प्रतिष्पर्धी श्रमशक्तिको विकास गर्नु साथै वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित गर्नु नै यस नीतिको प्रमुख उद्देश्य रहेको छ। उक्त उद्देश्य प्राप्तिका लागि यस नीतिले अन्तरराष्ट्रिय श्रम बजारमा उपलब्ध रोजगारका अवसरहरूको पहिचान गर्ने, नेपाली श्रम शक्तिलाई सीपयुक्त र प्रतिष्पर्धी गराई अधिकतम् लाभ हाँसिल गर्ने, वैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउने र वैदेशिक रोजगारीबाट प्राप्त स्रोतको परिचालन गरी थप रोजगारीका अवसरहरू सृजना गर्ने जस्ता रणनीतिहरू अबलम्बन गरेको छ।

यस नीतिमा उल्लेख भएका उद्देश्य हासिल गर्ने सन्दर्भमा यस नीतिलाई निम्नानुसारका तीन (३) सूचकको आधारमा समीक्षागरिएको छ।

तालिका ३: वैदेशिक रोजगार नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारीका अवसरको पहिचान र प्रवर्द्धन गर्ने।	प्रक्षेपण नगरिएको	• कार्ययोजनाको कार्यान्वयन गर्ने। • क्षेत्रगत मूलप्रवाहीकरण गर्ने। • समन्वय, अनुगमन र मूल्यांकनका लागि संस्थागत व्यवस्था गर्ने। • बार्षिक कार्यक्रमको कार्यान्वयनका आधारमा नीति कार्यान्वयन गर्ने। • सहकार्य र साझेदारीका आधारमा साधन परिचालन गर्ने। • आन्तरिक रोजगारी सृजनाका लागि भएको योगदानका आधारमा मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन प्रदान गर्ने।
२	वैदेशिक रोजगारीलाई प्रतिस्पर्धात्मक बनाउनका लागि सीपयुक्त जनशक्तिको विकास र लाभयुक्त रोजगारी वृद्धि गर्ने।	प्रक्षेपण नगरिएको	
३	वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउने	प्रक्षेपण नगरिएको	
४	वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई व्यवसायिक रोजगारीमा संलग्न गराउने।	प्रक्षेपण नगरिएको	

रोजगारीका दृष्टिबाट वैदेशिक रोजगार नीतिमा उल्लेख गरिएकारोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्रबाट अपेक्षित लाभ लिनका लागि यस नीतिको प्रभावकारी कार्यान्वयन एक प्रमुख विषय हो। यस नीतिको प्रभावकारी कार्यान्वयन गर्न, रोजगार व्यवस्थापनलाई प्रभावकारी बनाउन एवं मार्गदर्शन गर्न, वैदेशिक रोजगारबाट प्राप्त पूँजी र सीपलाई उपयोग गर्न तथा विभिन्न निकायबीच नीतिगत समन्वय एवं सामन्जस्यता कायम गर्नका लागि माननीय मन्त्रीको संयोजकत्वमा एक उच्चस्तरीय वैदेशिक रोजगार समन्वय समितिको व्यवस्था गरिएको छ । साथै यस नीतिको प्रभावकारी कार्यान्वयन एवं कार्यान्वयन स्तरमा देखिएका समस्याहरुको तत्काल सम्बोधन गर्न

सचिवस्तरीय कार्यकारी समितिको पनि व्यवस्था गरिएको छ । साथै यस नीतिमा नीति कार्यान्वयनको लागि आवश्यक स्रोत व्यवस्थापन, कानूनी व्यवस्था र सुधार, आवश्यक नीतिगत संशोधन तथा क्षेत्रगत मन्त्रालयहरूले सम्बन्धित क्षेत्रका नीति तथा कार्यक्रम निर्माण गर्दा यस नीतिलाई समेत मूलप्रवाहीकरण गर्ने व्यवस्था गरेको छ । यद्यपि यस नीतिले कुन क्षेत्रबाट कति रोजगारी सृजनागर्ने भन्ने परिमाणात्मक लक्ष्य स्पष्टसँग किटान गरेको देखिँदैन । त्यसैगरी यस नीतिको कार्यान्वयनका लागि बनेका संरचनाहरू अपेक्षितरूपमा सक्रिय हुन नसकेकोले क्षेत्रगत नीतिहरूबीच समन्वय र सामन्जस्यता कायम गर्नमा केही कठिनाईहरू रहेको देखिन्छ । तसर्थ नीतिले व्यवस्था गरेबमोजिमको संयन्त्र प्रभावकारीरूपमा परिचालन हुन सकेको अवस्थामा र माथि तालिकामा उल्लेखित "नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था"हरूको सफल कार्यान्वयनमा नै यस नीतिको प्रभावकारिता र दीगोपना आश्रित हुने देखिन्छ । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने नीतिहरूको समीक्षा गर्दा नीतिले प्रस्ताव गरेका संयन्त्रहरू प्रभावकारीरूपमा परिचालन हुन सके कि सकेनन् भन्ने कुरा महत्वपूर्ण हुन्छ । तसर्थ नीतिका लागि निर्माण गरिएका संयन्त्रहरू र नीतिले व्यवस्था गरेका संरचनाहरू प्रभावकारी परिचालनमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

आन्तरिक रोजगारी सृजना र प्रवर्द्धनका दृष्टिले बैदेशिक रोजगारीबाट फर्केका र उत्पादनमूलक सीप तथा दक्षता हासिल गरेका युवाहरुलाई पूँजी लगानी तथा सीप र दक्षको उपयोग गरी स्वदेशमा नै रोजगारी सृजना गर्न प्रोत्साहन गर्न सके आन्तरिक रोजगारी सृजनामा सारभूत रुपमा योगदान हुन सक्ने देखिन्छ । यसबाट वैदेशिक रोजगारीप्रति युवाहरुको आकर्षण कम भै मुलुकी रोजगारी तर्फ आकर्षण बढ्दै जाने, आर्जित सीप र दक्षता एवं पूँजीको उपयोग भै आन्तरिक श्रम बजारमा रोजगारी सृजना हुने तथा युवा वेरोजगारी कम गर्न योगदान पुग्ने देखिन्छ । यसका लागि नीतिगत, संरचनागत तथा पद्धतिगत र मनोव्यवहारगत रुपमा रोजगारीको विषयलाई कार्यान्वयनमा लैजानु अपरिहार्य देखिएको छ ।

(३)औद्योगिक नीति, २०६७

विश्वमा औद्योगिक औद्योगिक विकास तिव्र गतिमा अगाडी बढीरहेको अवस्थामा पनि नेपालमा औद्योगिक क्षेत्रमा अपेक्षाकृत विकास हुन नसकिरहेको तथ्यलाई मनन गर्दै औद्योगिक विकाससम्बन्धी क्रियाकलापहरूमा बढोत्तरी गर्ने, रोजगारीका अवसरहरू सृजनागर्ने र जनताको आयस्तरमा अभिबृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानलाई उल्लेख्य बृद्धि गर्ने उद्देश्यका साथ औद्योगिक नीति, २०६७ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ । नेपालको संविधानमा स्वतन्त्रताको हक (धारा १७ च) मा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसाय संचालन गर्ने स्वतन्त्रता हुने व्यवस्था गरिएको छ । त्यसैगरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा

दायित्व (भाग–४ घ) मा अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अवलम्वन गर्दै तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विविधीकरण एवम् विस्तृतीकरण गर्ने र सोका माध्यमबाट रोजगारी सृजनार राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने बिषय स्पष्ट रुपमा व्यवस्था गरिएको छ।

औद्योगिक नीतिले अर्थतन्त्रका तीनै क्षेत्रहरू (सार्वजनिक, नीजि र सहकारी) को प्रभावकारी, समन्वयात्मक र सहकार्यका माध्यमबाट आर्थिक वृद्धि र रोजगारिको सिर्जनाका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउने दीर्घकालीन लक्ष्य राखेको छ । उक्त लक्ष्य हासिल गर्न गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि र रोजगारी वृद्धि गर्ने र नवीनतम् प्रविधिको प्रयोग गर्दै औद्योगिक क्षेत्रलाई दीगो एवं भरपर्दो क्षेत्रको रूपमा स्थापित गर्ने उद्देश्य लिईएको छ। त्यसका लागि रोजगारदाता र श्रमिक बीचको सम्बन्धलाई सुमधुर बनाउने तथा थप रोजगारी सृजना र सुनिश्चितता प्रदान गर्ने रणनीतिहरू अबलम्बन गरेको छ । साथै यस नीतिमा स्थानीय स्रोत, साधन, श्रम र सीपको उपयोग र प्रवर्द्धन गर्दै तुलनात्मक लाभ भएका क्षेत्रको पहिचान एवं उपयोग गरी औद्योगिक विकासको आधार तयार गर्नलाई बलियो र दिगो बनाउने नीति तथा रणनीतिहरू निर्माण गरिएको छ । औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकासमा यस नीतिले विशेष जोड दिएको देखिन्छ। निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा लगानी प्रवर्द्धन कोष, प्रविधि विकास कोष, घरेलु तथा साना उद्योग विकास कोष, रुग्ण उद्योग पुनरुत्थान कोष जस्ता संयन्त्रहरू स्थापना गरी औद्योगिक प्रवर्द्धन मार्फत रोजगारी सृजना गर्ने कुरामा यस नीतिमा व्यवस्था गरिएका व्यवस्थाहरू महत्वपूर्ण देखिन्छन्। सहकारी क्षेत्रको पूँजी र संस्थागत क्षमतालाई उद्यमशीलता र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न सके मुलुकको औद्योगिक क्षेत्र विस्तार भै आन्तरिक रोजगारी प्रवर्द्धन हुने प्रवल सम्भावनालाई मध्यनजर गरी औद्योगिक नीतिको रोजगारयोग्यता बृद्धि गर्न सकिने देखिन्छ। यस पृष्ठभूमीमा औद्योगिक नीति, २०६७ लाई रोजगार सिर्जनाका दृष्टिकोणबाट तलको तालिकामा उल्लेख गरिएका तीन (३) नतिजामूलक सूचकका आधारमा समीक्षागरिएको छ।

तालिका ४: औद्योगिक नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	औद्योगिक सीपयुक्त जनशक्ति विकास	नीतिमा उल्लेख नभएको	• रोजगारसम्बद्ध नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि
२	उद्यमशीलता प्रवर्द्धन र	नीतिमा उल्लेख	

	व्यवसाय विकासका माध्यमबाट रोजगारी	नभएको	संस्थागत व्यवस्था ○ औद्योगिक जनशक्ति विकास प्रतिष्ठानको व्यवस्था ○ औद्योगिक प्रवर्द्धन बोर्ड ○ राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड ○ औद्योगिक क्षेत्र विकास प्राधिकरण ○ राष्ट्रिय उत्पादकत्व परिषद ● उद्योग प्रवर्द्धनका लागि विभिन्न कोषको व्यवस्था (क) लघु, घरेलु तथा साना उद्यम विकास कोष, (ख) विशेष आर्थिक क्षेत्र विकास कोष, (ग) औद्योगिक पूर्वाधार विकास कोष, (घ) प्रविधि विकास कोष, (ङ) रुग्ण उद्योग संरक्षण तथा पुनरुत्थान कोष, (च) लगानी प्रवर्द्धन कोष र (छ) महिला उद्यमी प्रवर्द्धन कोष ● रोजगारी संख्याका आधारमा वित्तीय प्रोत्साहन दिने। ● रोजगारी सृजनाका दृष्टिले विशेष आर्थिक क्षेत्रको स्थापना र सन्चालन गर्ने, औद्योगिक ग्रामको विस्तार गर्ने। ● ग्रामीण क्षेत्रका उत्पादनमूलक उद्योग व्यवसायमा रोजगारी सृजना गर्नका लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने।
३	लघुउद्यम, घरेलु तथा साना उद्योगको विकास गरी रोजगारी सृजना	नीतिमा उल्लेख नभएको	
४	महिला उद्यम कोषको परिचालन	नीतिमा उल्लेख नभएको	
५	रोजगारीमूलक उद्योगलाई प्राथमिकता र प्रोत्साहन	नीतिमा उल्लेख नभएको	
६	रोजगारी सृजना र उपलब्धताका आधारमा आर्थिक सहुलियतको व्यवस्था	नीतिमा उल्लेख नभएको	
७	विशेष आर्थिक क्षेत्रको विकास र औद्योगिक उत्पादन क्षमता वृद्धिको माध्यमबाट रोजगारी सृजना	नीतिमा उल्लेख नभएको	

			• वस्तु विकासका माध्यमबाट रोजगारी प्रवर्द्धन गर्ने । • स्थानीय तहमा औद्योगिक ग्राम निर्माण गर्ने । • औद्योगिक उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि सूचना प्रविधिको उपयोग गर्ने । • सहकारी क्षेत्रको पूँजी र संस्थागत क्षमतालाई रोजगारी सृजना र प्रवर्द्धनका लागि परिचालन गर्ने ।

औद्योगिक विकास र रोजगारी सिर्जनाका दृष्टिकोणबाट हेर्दा यस नीतिमा केहि महत्वपूर्ण संयन्त्रहरू निर्माणमा विशेष जोड दिएको छ । रोजगारसम्बद्ध नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि निर्माण गरिएका औद्योगिक जनशक्ति विकास प्रतिष्ठान, औद्योगिक प्रवर्द्धन बोर्ड, लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्डऔद्योगिक क्षेत्र विकास प्राधिकरण आदि संरचनाहरू महत्वपूर्ण देखिन्छन् । त्यस्तै औद्योगिक विकासका लागि स्थापना गरिएका विभिन्न कोषहरू र रोजगारी सिर्जनामा गरेको योगदानको आधारमा वित्तीय प्रोत्साहन गर्ने प्रणाली, स्थानीय सीप र श्रमको उपयोग गर्ने र स्थानीय तहमा औद्योगिक ग्राम निर्माण गर्ने जस्ता सोच र व्यवस्थाहरूलाई रोजगारी सिर्जनाका दृष्टिकोणबाट महत्वपूर्ण र प्रभावकारी देखिन्छन् । यद्यपि ती व्यवस्था र संरचनाहरूको कार्यान्वयन पक्षले नै समग्र नीतिको प्रभावकारितालाई निर्धारण गर्दछन् । तसर्थ नीतिगत व्यवस्था अनुरूप नै कार्यान्वयन हुने अवस्थाको निर्माण गर्नका लागि अझै ठूलो पहल गर्नुपर्ने देखिन्छ ।

यसनीतिले रोजगारी सृजनाका लागि सकारात्मक वातावरण निर्माण गर्ने पहलहरूलाई खासगरी प्रोत्साहनात्मक व्यवस्था, उद्योग र रोजगारीलाई अन्तर-सम्बन्धित विषयका रूपमा उठान गरेको छ । यद्दपी रोजगारी सृजनाको परिमाणात्मक लक्ष्य निर्धारण नभएको देखिन्छ। त्यसैगरी रोजगारमूलक सीप अभिवृद्धि, उद्यमशीलता व्यवसाय प्रवर्द्धनमा नीतिगत पहल हुनु नीतिका सकरात्मक पक्ष हुँदाहुँदै औद्योगिक क्षेत्रमा भएको सरकारी प्रोत्साहन र नीजि तथा सरकारी क्षेत्रको लगानीका आधारमा उद्योग व्यवसाय क्षेत्रमा कति प्रत्यक्ष रुपमा रोजगारी सृजना हुन्छ र रोजगारीमा उत्पादकत्व कति वृद्धि हुन्छ भन्ने कुराको परिमाणात्मक लक्ष्य नीतिमा निर्धारण हुन सकेको छैन । यसले गर्दा औधिगिक नीतिको कार्यान्वयनबाट कति रोजगारी सृजना भयो यसका सम्भावना कति

थियो भन्ने कुरा समीक्षाका क्रममा एकिन गर्न सकिएन। आगामी नीति निर्माण गर्दा यस्ता नीतिको तर्जुमा गरी कार्यान्वयन गर्दा कति रोजगारी सृजना हुन्छ भन्ने बिषयको कार्ययोजना समेत निर्माण भई कार्यान्वयन भएमा औद्योगिक नीतिले कति रोजगारी सृजना गर्यो र नीतिको योगदान के थियो भन्ने करा एकिन हुनेछ । तसर्थ नीतिमा पहिचान गरिएका रोजगारीका नतिजाका क्षेत्र, तत् बमोजिमको परिमाणात्मक लक्ष्य निर्धारण गर्ने र नीति कार्यान्वयनका लागि निर्माण गरिएका संयन्त्रहरूको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिनुपर्ने देखिन्छ।

(४)राष्ट्रिय कृषि नीति २०६१

नेपालमा कृषिको आधुनिकीकरणबाट देशको भौगोलिक स्रोतको अधिकतम उपयोग गरी दीगो आर्थिक वृद्धि गर्न सकिने सम्भावना बलियो रहेको छ। यसै सन्दर्भमा विगतमा नीतिगत, संस्थागत र योजनावद्ध पहलहरु गरिँदै आएको छ । खासगरी कृषिको समग्र विकासका लागि ल्याइएका "कृषि विकासको नीतिगत रुपरेखा २०४८" र "दीर्घकालिन कृषि योजना २०५२–२०७२" ले कृषिमा स्वरोजगारी विकास गर्ने मान्यता राखेको पाईन्छ। दीर्घकालिन कृषि योजनालाई "नेपाली जनताको भविष्यको बृहत् नक्सांकन" का रुपमा पनि टिप्पणी गरिएको पाईन्छ। नेपालको लागि दीगो विकासको एजेण्डा, सहश्राब्दी विकास लक्ष्यहरु र अन्तर्राष्ट्रिय मञ्चहरुमा गरिएका विभिन्न प्रतिवद्धताहरुको भावना र दीर्घकालीन कृषि योजनाको मूल लक्ष्य प्राप्ति गर्न गर्नु पर्ने आवश्यक कार्यहरुलाई नीतिगत व्यवस्था गरी अगाडी बढ्ने अभिप्रायले राष्ट्रिय कृषि नीति २०६१ तर्जुमा गरी कार्यान्वयन गरिएको छ। कृषि क्षेत्रमा समेटिने सबै वस्तुगत र विषयगत नीतिहरुका सन्दर्भमा यो नीतिले मार्गदर्शन प्रदान गर्दछ।

मूलभूत रुपमा यो नीतिले परम्परागत र निर्वाहमुखी कृषिलाई व्यवसायिक र प्रतिस्पर्धात्मक कृषिमा रुपान्तरण गर्दै दीगो आर्थिक वृद्धि हासिल गरी जनताको जीवनस्तर सुधार र गरीबी निवारण गर्ने दृष्टिकोण लिएको छ। त्यसैगरीयोनीतिलेमूलभुत रूपमा *व्यवसायिक एवं प्रतिष्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दीगो आर्थिक बृध्दि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्नका लागि कृषि क्षेत्रमा उत्पादन एवं उत्पादकत्व बढाउने,व्यवसायिक एवं प्रतिष्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी कृषिलाई प्रतिष्पर्धी बनाउने र.प्रकृतिक स्रोत, जैविक विविधताको संरक्षण, सम्वर्ध्दन एवं सदुयोपग गर्ने* उद्देश्य लिएको छ । नीतिले अंगिकार गरेको मूलभूत दृष्टिकोण र उद्देश्य हासिल गर्नका लागि कृषिको व्यवसायीकरण तथा विविधीकरणमा जोड दिंदै कृषि उत्पादन एवं उत्पादकत्व अभिबृध्दि मार्फत् आय आर्जन र रोजगारीका थप अवसरहरू सृजना गर्ने, उपयुक्त प्रविधिको प्रयोग गर्दै जमिनको बैज्ञानिक प्रयोगलाई बढावा दिने, कृषि-पूर्वाधारको विकासमा जोड दिने, उच्च-मूल्य हुने कृषि उत्पादनलाई प्राथमिकता दिने, आर्थिक सहुलियत, सुबिधा र बिमा जस्ता सुरक्षा-कवच (Safety-net)

सहितका लक्षित-वर्ग केन्द्रित रणनीति अवलम्वन गर्ने, व्यवसायिक र प्रतिष्पर्धी कृषि प्रणाली विकास गर्न बजारमूखी बृहत-उत्पादनलाई प्रोत्साहन गर्ने, परम्परागत र मौलिक कृषिबस्तु र अभ्यासको पंजीकरण र प्रवर्द्धन गर्ने, सीप तथा क्षमता विकास र प्राविधिक-आर्थिक सहयोग प्रदान गर्दै शिक्षित बेरोजगार युवाहरूलाई कृषिमा आकर्षित गर्ने, तथा प्रांगारिक उत्पादनका लागि जैविक बिबिधता तथा बिउ संरक्षणमा आवश्यक उपायहरू लिने जस्ता रणनीति र कार्यनीतिहरू नीतिले समेटेको छ।

यस पृष्ठभूमीमा राष्ट्रिय कृषि नीति २०६१ लाई हेर्दा यस नीतिले लिएको उद्देश्यमा निहित तीन मध्ये मूल रूपमा देहायका दुई पक्षले रोजगार सिर्जनाका दृष्टिकोण प्रस्तुत गरेको देखिन्छ जसलाई देहायको तालिकामा उल्लेख गरिएका तीन (३) नतिजामूलक सूचकका आधारमा समीक्षा गरिएको छ।

तालिका ५: राष्ट्रिय कृषि नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	कृषिको व्यवसायीकरण र विविधीकरणमा जोड दिंदै उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गरी आयआर्जन र रोजगारी बढाउने।	नीतिमा उल्लेख नभएको	• कृषिको व्यवसायीकरण र विविधीकरण गर्नका लागि जनशक्ति उत्पादनमा जोड दिने। • दुर्गम उच्च-पहाडी र हिमाली क्षेत्रमाउच्च-मूल्य कृषिबस्तु (High-value Agricultural Products) लाई प्राथमिकता दिने। • महिला संलग्नता र सहभागिता ५० प्रतिशत पुर्याउने। • कृषि कार्यकर्ता र कृषकहरुको क्षमता अभिवृद्धिमा लगानी गर्ने। • भूमी बैंक, सिँचाई सुविधा, सहुलियत, सामूहिक र
२	कृषि प्रणालीको व्यवसायीकता तथा प्रतिस्पर्धात्मकता विकास गरी विश्व वजारमा प्रतिस्पर्धी बनाउने।	नीतिमा उल्लेख नभएको	

			विशेष ऋण, निःशुल्क प्राविधिक सेवा, सुरक्षा कवच (Safety-nets) र तालिम र सीप विकास आदि उपायबाट शिक्षित बेरोजगारलाई व्यवसायिक कृषिमा आकर्षित गर्ने । ● सहकारीतामा आधारित कृषि उद्योग एवं व्यवसायको प्रवर्द्धनलाई प्राथमिकता दिइने । ● कृषि उद्योग व्यवसाय प्रवर्द्धन समिति, संस्थागत संयन्त्रहरुलाई प्रभावकारी वनाउने ।

कृषि नीति अवलम्वन गर्नु अगाडी बि.सं. २०५१ मा ल्याईएको २० बर्षे 'दीर्घकालीन कृषि योजना'ले अवलम्वन गरेका पाँचवटा 'द्रुततर उत्पादन वृद्धि र रोजगारीको माध्यमबाट जीवनस्तरमा सुधार तथा गरिबी निवारण गर्ने' पनि रहेको थियो । योजना बनाउँदा अपनाइने प्रक्रिया र योजना कार्यान्वयनमा सहभागिता र प्रतिबद्धता नहुनु, केन्द्रीय तहमा कार्यान्वयन निकायको अस्थिरता (योजना कार्यान्वयनका लागि कहिले राष्ट्रिय योजना आयोग त कहिले कृषि मन्त्रालयलाई जिम्मेवारी तोकिनु), बाह्य उच्च लगानीमा आधारित महत्वाकाङ्क्षी योजना तयार गरिए तापनि दाताहरूको लगानी मै प्रतिबद्धता नदेखिनु जस्ता कारणहरूले 'दीर्घकालीन कृषि योजना' को असफल कार्यान्वयन भैरहेकको सन्दर्भमा राष्ट्रिय कृषि नीति अवलम्वन गरिएको देखिन्छ । उक्त योजना असफल रहेका क्षेत्रलाई सम्बोधन गर्दैकृषिको आधुनिकीकरण, व्यवसायीकरण, विविधीकरण र प्रतिष्पर्धात्मकताको अभिवृद्धिका माध्यमबाट रोजगारी सृजना र प्रवर्द्धन गर्ने उद्देश्य राष्ट्रिय कृषि नीतिले लिएको बिषयलाई नीतिको सकारात्मक पक्षका रुपमा लिन सकिन्छ । लामो अवधिका लागि तय गरिएका दीर्धकालिन योजनामा कतिपय नीतिगत उपायहरु नसुझाईँदा नतिजामूखी कार्यान्वयन चुनौतिपूर्ण भएको सन्दर्भमा यो नीतिले स्पष्ट मार्ग निर्देश गरेको देखिन्छ[3] ।

[3]फरेस्ट एक्सन नेपाल, *कृषि विकास रणनीतिको प्रारूप: वर्तमान अवस्था र लिनुपर्ने बाटो*
https://www.forestaction.org/app/webroot/vendor/tinymce/editor/plugins/filemanager/files/ADS%20Booklet.pdf

खास गरी नीतिको नतिजाका क्षेत्रका रूपमा कृषि उत्पादन एवं उत्पादकत्व अभिवृद्धिका लागि गर्नुपर्ने पहलहरु स्पष्ट रूपमा समेट्दै आय आर्जन तथा रोजगारीका अवसरहरू सृजना गर्ने बिषयलाई प्राथमिकताका साथ लिएकोदेखिन्छ। खासगरीउन्नत प्रविधि तथा वैज्ञानिक पद्धतिको अवलम्वन, पूर्वाधारमा जोड, क्षमता विकासका लागि तालिम, सहकारीता, निजी र गैरसरकारी क्षेत्रको व्यापक संलग्नता, उन्नत नश्ल र बीउ–बिजन तथा मलको उपलब्धतामा विशेष जोड र लक्षित वर्ग केन्द्रित रणनीतिगत उपायबाट उक्त नतिजा हासिल गर्न यो नीति लक्षित देखिन्छ ।

विश्वका कतिपय अल्पविकसित तथा विकासोन्मुख मुलुकले कृषिमा आधारित औद्योगिक क्षेत्रको विकास गरी राज्यका तर्फबाट एकीकृत औद्योगिक सेवासुविधा उपलव्ध गराई कृषिको औद्योगीकरण र कृषि क्षेत्रको रोजगारी सृजनामा उल्लेख्य योगदान पुग्ने गरी नीतिगत तथा व्यवस्थापकीय सुधारको पद्धति अवलम्वन गरेको विषय हाम्रो लागि कार्यान्वयनमा लैजान प्रोत्साहन दायक हुनसक्ने देखिन्छ ।

त्यसैगरी पूर्वाधारमा लगानी, उत्पादनको विविधीकरण र बजारीकरण, गुणस्तर सुधार, सूचना प्रणालीको विकास, कृषि-उद्योग र व्यवसाय प्रवर्द्धनका लागि संयन्त्र निर्माण गरी संस्थागत पहल आदि जस्ता उपायहरू अवलम्बन गर्दै कृषिमा व्यवसायिकता र प्रतिस्पर्धात्मकता विकासगरेर यसका माध्यमबाट पनि गरिबी, न्यून आय र बेरोजगारीलाई सम्बोधन गर्ने गरी नीतिले दोश्रो नतिजाको क्षेत्र अवलम्वन गरेको छ । तर पनि ती नतिजाका क्षेत्रमा परिमाणात्मक लक्ष्य सहितको स्पष्टता यस नीतिले समेटेको छैन । फलस्वरुप नीति व्यवस्थापनको स्पष्ट कार्यक्रमिक-कार्ययोजना, उपलब्धिको परिमाणात्मक आँकलन तथा मापन र सुधारका पक्षहरुको निर्क्योल गर्न कठिन देखिन्छ ।

(५) सूचना तथा संचार प्रविधि नीति, २०७२

सूचना तथा संचार प्रविधिको प्रयोगद्वारा सुशासन प्रत्याभूति गर्न सहज हुने तथा यसमा आधारित सेवाहरु ,उद्योग एवं सेवाजन्य व्यवसाय (Informatlon Technology Enabled Servicesilndustries/Business Process Outsourcing) ,बृध्दिद्वारा बृहत्तर राष्ट्रिय लक्ष्यहरू हासिल गर्न सकिने हुन्छ ।

आधुनिक विश्व समुदायले यसबाट यथेष्ठ लाभ हासिल गरिरहेको सन्दर्भ र सूचना तथा संचार प्रविधिको गतिशिलता (Dynamism) बाट सिर्जित चुनौतीहरूलाई नीतिगत रूपले सम्बोधन गर्न यो नीति अवलम्बन गरिएको देखिन्छ । यो नीति तर्जुमा गर्नु पूर्वसमेत् यो क्षेत्रमा विभिन्न नीतिगत प्रयास भएका देखिन्छन । राष्ट्रिय संचार नीति, २०४९ र नेपाल दूर-संचार ऐन २०५६ कार्यान्वयन गरेसंगै दूर संचार क्षेत्रमा खुलापन र प्रतिस्पर्धाको युग सुरु भएको पाइन्छ । सूचना प्रविधि नीति,

२०५७ ले सूचना प्रविधिलाई देश विकासको बृहत्तर लक्ष्य हासिल गर्ने महत्वपुर्ण औजारको अवधारणा बलियो बनायो । यी नीतिगत पहलहरूले आम समुदायको सूचना प्रविधि, दूरसंचार सेवाको पहुँचमा व्यापकता मात्रै ल्याएन बरु आर्थिक, सामाजिक, औद्योगिक, व्यवसायिक जीवनमा उल्लेखनीय फड्को मार्न सकिने सम्भावनाहरू देखायो । यसका लागि यिनै नीतिमा रहेर संस्थागत/संयन्त्रगत विकास पनि सुरु भयो ।

सूचना प्रविधिको गतिशिलता र परिवर्तनशीलताले ल्याएको बदलिँदो सन्दर्भ र सिर्जित चुनौतीहरू सामना गर्न तथा यसबाट सृजनाहुने अवसरहरूको उपयोगमा अभिबृध्दिल्याउन नयाँ परिवेश अनुरुपको नीतिगत, कानूनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नु पर्ने आवश्यकता महशुस गर्दै सूचना तथा संचार प्रविधी नीति, २०७२ तर्जुमा गरी कार्यान्वयन गरिएको छ ।

नीतिका सूचना तथा संचार प्रविधिको प्रयोगबाट नेपाललाई सूचना तथा ज्ञानमा आधारित समाजमा रूपान्तरण गर्ने भावी सोच (Vision) तथा यसमार्फत देशमा सुशासन, दिगो विकास एवं गरिबी न्यूनिकरणका लक्ष्य हासिल गर्नेप्रमुख परिदृश्य(Mission) रहेका छन् । यी सोच र परिदृश्यमा पुग्न छ(६) वटा उद्देश्यहरू खासगरी सूचना तथा संचार प्रविधिमा पहुँच बढाउने, दिगो, फराकिलो र समावेशी आर्थिक सामाजिक विकासमा उपयोग गर्ने, खोज एवं अन्वेशंमा उपयोग गर्ने,सुशासन प्रवर्द्धन गर्नमा सूचना तथा संचार प्रविधिको प्रयोग गर्ने र यो क्षेत्रमा तथा यसको प्रयोग मार्फत मानव संसाधन विकासका अवसरहरु सृजना गर्नमा लक्षित गरिएका छन् । यसरी सूचना तथा प्रविधिका क्षेत्रमा र यसको माध्यमबाट थप रोजगारीका अवसर सृजना हुने मान्न सकिन्छ ।

नीतिले सूचना तथा संचार प्रविधिको व्यापकता बढाउदै जाने कार्यनीति लिएको छ जसबाट पहुँच बृध्दि हुदै जाँदा सूचना र ज्ञानमा आधारित समाजको विकास हुने र परम्परागत गलत अवधारणा र अभ्यास जस्तै लैंगिक असमानता र हिंसा, अवसरहरूको वंचितीकरणमा कमि आउने मान्यता राखेको छ । त्यसैगरी शैक्षिक क्षेत्रमा यसको प्रयोगबाट गुणस्तरमा अभिबृध्दि हुने हुँदा क्षेत्रगत गुरुयोजना (ICT In Education Master Plan) को प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने कार्यनीति पनि लिएको छ। त्यसैगरी सूचना तथा संचार प्रविधि लक्षित तथा यसमा आधारित उद्योग क्षेत्रको विकास गर्ने, विभिन्न उत्पादनशील र सेवा क्षेत्र (कृषि, पर्यटन, स्वास्थ्य, पूर्वाधार, दूरसंचार, वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन, मानव संसाधन विकास, सुशासन तथा सार्वजनिक सेवा प्रवाह आदि) मा यसको प्रयोग र विकास लक्षित योजना र कार्यक्रम कार्यान्वयन गर्ने नीतिहरू अवलम्बन गरेको छ । नीति कार्यान्वयनका लागि आवश्यक संरचना, कानूनी र नियामक उपकरण, पूर्वाधार, क्षेत्रगत र लक्षित गुरुयोजना तथा कार्यक्रमहरू,

सरोकारवालाहरूको क्षमता विकास र सहकार्य, गुणस्तर र विश्वास प्रत्याभूति, निकायगत भूमिका र जिम्मेवारी किटेर रणनीतिहरु लिईएको छ।

यस पृष्ठभूमीमा सूचना तथा संचार प्रविधि नीतिलाई रोजगार सिर्जनाका दृष्टिकोणले देहायको तालिकामा उल्लेख गरिएका तीन (३) नतिजामूलक सूचकका आधारमा समीक्षा गरिएको छ।

तालिका ६: सूचना तथा संचार प्रविधि नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	सूचना तथा संचार प्रविधिको पहुँच बढाउदै दिगो, फराकिलो र समावेशी आर्थिक विकास गर्ने।	Network Readiness तथा E-Governance सूचकांकमा सन् २०२० सम्म नेपालको स्थान Top Second Quartile मा पुर्याईने। सन् २०२० सम्ममा ७५ प्रतिशत नेपालीहरूलाई डिजिटल साक्षर बनाईने, कूल ग्राहस्थ उत्पादनमा योगदान (दूरसंचारबाहेक) कम्तिमा २.५ प्रतिशत पुर्याईने।	• समुदायमा रहेका हुलाक तथा सामुदायिक पुस्तकालयहरूलाई e-commerce र e-government तथा इन्टरनेटमा आधारित सेवा सुबिधा प्रदान गर्ने माध्यमका रूपमा विकास गर्न विशेष कार्यक्रम संचालन गर्ने। • Online payment, virtual market place का लागि आवश्यक पूर्वाधार स्थापना र प्रभावकारी संचालनको सुनिश्चितता गर्ने। • निजी क्षेत्रसमेतको सहभागितामा सफ्टवेयर तथा सेवा उद्योग प्रवर्द्धन बोर्ड लगायत सूचना तथा प्रविधिमा आधारित साना तथा मझौला व्यवसाय लक्षितपरियोजना कार्यान्वयन गर्ने, बैदेशिक लगानी प्रवर्द्धन र स्वदेशी व्यवसायी सहभागि हुने
२	सूचना तथा संचार प्रविधि मार्फत मानव संसाधन विकासका अवसरहरु सृजना गर्न।	नीतिमा उल्लेख नभएको	

			वातावरण निर्माण गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्ने । ● सूचना तथा संचार प्रविधि सम्बन्धि मानवसंसाधन विकास योजना लागु गर्ने । ● सूचना प्रविधि पार्कमा लगानी आकर्षित गर्न बिशेष उपाय अवलम्बन गर्ने । ● शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने, रोजगारमुखी दक्षता (Employment Drlven Competencles) पाठ्यक्रम र दक्षता प्रमाणीकरण पद्दति विकास गरी लागु गर्ने। ● समुदाय तहसम्म इन्टरनेट सेवा सहितका सूचना केन्द्र विस्तार गर्ने, क्षेत्रगत र लक्षित गुरुयोजना निर्माण र कार्यान्वयन गर्ने । ● एकीकृत तथा क्षेत्रगत सूचना प्रणालीहरू विकास गर्ने ।

यसरी राष्ट्रिय सूचना तथा प्रविधि नीतिले मुलभूत रूपमा आर्थिक विकास र सम्बृध्दिका लागि उपयुक्त वातावरण निर्माणमा महत्वपुर्ण योगदान गर्दै देशलाई आधुनिकतामा डोर्याउने भूमिका खेल्ने देखिन्छ । यो नीतिले अन्य क्षेत्रसा नीतिहरूमा कसरी र के-कस्ता पक्षमातयारी गर्न र ध्यान पुर्याउन सकेमा समग्र विकास हासिल गर्न सकिन्छ भन्ने मार्गदर्शन पनि गर्दछ । त्यसैले नीति निर्माण गर्दा सूचना तथा संचार प्रविधि नेपाली समाज रुपन्तरण गर्ने एक सशक्त माध्यम हुने पक्षलाई आधारभूत मान्यता मान्दै पूर्वाधारजन्य सहकार्यता (Infrastractural Synergy) को अवधरणा

अवलम्वन गरिएको छ । नीतिले खास गरी सरकारी संयन्त्रको भूमिका नेतृत्वदायी रहने तर सार्वजनिक-निजी-समुदाय साझेदारी अवधारणामा

सूचना तथा संचार प्रविधिमा आधारित योजना तथा सेवाहरू लागु गर्ने आधार लिएको छ ।

अन्तरबिषयक क्षेत्रहरू (Cross-cutting Issues)—*दीगोपना, लैंगिक समावेशीकरण, युवा र अपांगता भएका व्यक्तिका सवाल, स्थानीय बिषय र संस्कृतिक विविधता आदि*—मा सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै रोजगारी, जीविकोपार्जन, आर्थिक क्रियाकलाप, उद्यमशीलता, व्यवसायप्रवार्ध्दन्म सूचना तथा संचार प्रविधिको सहजकारी र उत्प्रेरक (Facilitaror and Enabler) भूमिकाको उच्चतम लाभ लिंदै फराकिलो आर्थिक-सामाजिक विकासमा जोड दिने पक्षलाईयो नीतिको मूल आधार मानिएको छ । विश्वका कतिपय अल्पविकसित तथा विकासोन्मुख मुलुकले कृषिमा आधारित औद्योगिक क्षेत्रको विकास गरी राज्यका तर्फबाट एकीकृत औद्योगिक सेवा-सुविधा उपलव्ध गराई कृषिको औद्योगीकरण र कृषि क्षेत्रको रोजगारी सृजनामा उल्लेख्य योगदान पुग्ने गरी नीतिगत तथा व्यवस्थापकीय सुधारको पद्धति अवलम्वन गरेको विषय हाम्रो लागि कार्यान्वयनमा लैजान प्रोत्साहनदायक हुनसक्ने देखिन्छ । यति हुँदाहुँदै पनि, रोजगारी सृजना गर्ने सवालमा यो नीतिले निर्दिष्ट परिमाणात्मक लक्ष्य (नीति, रणनीति, योजना, कार्यक्रम तथा क्रियाकलाप आदिमा) सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन । रोजगारी सृजनाको बहु-पक्षीय विशेषता, क्षेत्रगत अन्तर-सम्बन्ध, र सूचना-प्रविधिको सहजकारी र उत्प्रेरक भूमिका हुने सन्दर्भमा फराकिलो आर्थिक-सामाजिक विकास हुँदाको परिणामस्वरूप रोजगारी सृजना हुँदै जाने मान्न सकिन्छ।

(६)पर्यटन नीति २०६५

नेपालीराष्ट्रिय अर्थतन्त्रको विकासमापर्यटन क्षेत्रप्रमुख आधार हुन सक्ने उच्च सम्भावना रहेकोसन्दर्भमायस क्षेत्रमा व्यवसायीकता बृध्दि, सम्भावनाको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा बृध्दि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । नेपालकोप्रचुरपर्यटकीय सम्भावनाको महत्तम उपयोग गर्न र आर्थिक लाभ लिन पर्यटनलाई व्यवसायिक रूपमा विकास गर्नु, यसका लागि सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक बृध्दि गर्नु आवश्यक छ । खासगरी सन् १९९० को सुरुमा नैनेपालले खुलापन स्वीकार गर्दै तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान र विकास गर्दैसबल र सन्तुलित अर्थतन्त्र निर्माणमा बहुआयामिकता र बहुपक्षीयता अंगालेको थियो । आर्थिक विकासका लागि पहलहरू गरिरहेकै समयमा देश राजनीतिक र सामाजिक अस्थिरता र द्वन्द्वबाट गुज्रनु परेको परिणाम स्वरूप पर्यटन क्षेत्रको विकास पनि प्रभावित हुन पुग्यो । खासगरी पर्यटनका लागि आवश्यक पूर्वाधारहरू, लगानी गर्ने वातावरणमा अनपेक्षित रूपमा क्षति

पुग्योजसको पुनर्निर्माण एवं विस्तारमा ध्यान केन्द्रित गर्नु पर्यो । यसले सार्वजनिक, सामुदायिक तथा निजी क्षेत्र समेतको संयुक्त साझेदारीमा पर्यटन सेवाक्षेत्रको गुणोंत्तर बृध्दि (संख्यात्मक र गुणात्मक पक्षमा) गर्न आधारशिलाको रूपमा भूमिका खेल्ने स्पष्ट, फराकिलो सोच सहितको र समय सापेक्ष पर्यटन नीतिको आवश्यकता पुष्टि गर्यो । सोही पृष्ठभूमिमा पर्यटन नीति, २०६५ तर्जुमा गरी कार्यान्वयन गरिएको छ ।

यो नीतिले पर्यटन सम्बध्द विविध गतिविधि र व्यवसायमा बृध्दि हुन गई आम-नागरिकको जीविकोपार्जनका लागि रोजगारीका अवसर लगायत उत्पादनशीलता, जीवनस्तर र आर्थिक बृध्दि र राजश्व क्षेत्रमा सकारात्मक योगदान पुर्याउने अपेक्षा गरेको छ । ग्रामीण र सांस्कृतिक पर्यटन मार्फत अन्य देशका राम्रा पक्ष सिक्ने अवसर र देशको ख्यातीको अन्तराष्ट्रियकरण हुने, आर्थिक अवसरहरूको वितरण हुँदा तथा पर्यटकीय पूर्वाधार विकासले जीवनस्तरमा सुधार हुने समेत नीतिले अपेक्षा लिएको छ ।

नेपाललाई विश्वमा आकर्षक, रमणीयर सुरक्षित गन्तव्य स्थलको रूपमा विकास गर्ने पर्यटन क्षेत्रको दीर्घकालीन दृष्टिकोण (Vision) राखेको यो नीतिले राष्ट्रिय सम्पदाहरूलाई दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको उल्लेख्य मात्रामा बृध्दि गराई जनताको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य (Goal) राखेको छ । पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सृजना मार्फत उनीहरूको जीवनस्तरमा सुधार्न पर्यटन उद्योगको प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गर्ने लगायत नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रूपमा विकास गर्ने, पूर्वाधार र खासगरी यातायातमा सुधार गर्दै पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने, तथा प्रकृतिक स्रोत-साधनको दिगो उपयोग हुने गरी पर्यटकीय पूर्वाधारको विकास गर्ने उद्देश्य नीतिले अवलम्वन गरेको छ ।

उल्लिखित दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्नका लागि प्रवर्ध्दनात्मक, आन्तरिक ग्रामीण र पर्या-पर्यटनको विकास र विस्तार, विविधिकरण, हवाई र अन्य यातायात पुर्वाधार विकास, निजी क्षेत्रको सहभागिता, मानव संसाधन विकास, सूचना प्रविधि र तथ्यांकको उपयोग, सुरक्षा र संकट व्यवस्थापन, पर्यटन-उद्योग विकास तथा उद्यमी-श्रमिक सम्वन्ध, संस्थागत र व्यवस्थापकीय सुधार, र समन्वय अनुगमन र मुल्यांकन लक्षित पर्यटन विकासका १६ बुंदे नीतिहरु उल्लेख गरिएको छ । यी नीतिको कार्यान्वयनका लागि बृहत गुरुयोजना तर्जुमा गरी आवधिक तथा वार्षिक कार्यक्रममा समावेश गर्ने, नेपाल भ्रमण वा पर्यटन बर्षजस्ता कार्यक्रम कार्यान्वयन गर्ने, पर्यटन व्यवसायीहरूसंग सहकार्य, उनीहरूलाई सुबिधा र सहुलियत जस्ता प्रोत्साहनात्मक कार्य, पर्यटक उद्गम देशमा बिशेष प्रचार-प्रसार उपाय अपनाउने, पर्यटकीय स्थल पहिचान र Branding, प्याकेज

र सहुलियत टुरको व्यवस्था, भिसा सहजीकरण, मूद्रा सटही गर्न र राख्न/ल्याउन बैंकिंग सहजीकरण गर्ने जस्ता प्रवर्ध्दनात्मक कार्यनीति लिईएको छ । ग्रामीण र आन्तरिक पर्यटनको विस्तार गर्दै गरिवी निवारण र पर्यटन विकासलाई प्रोत्साहन गर्न 'एक स्थान एक पहिचान' को कार्यनीति, होमस्टे प्रवर्द्धन, स्थानीय पूर्वाधार विकास, मौलिक र परम्परागत हस्तकला तथा स्थानीय उपहार सामग्रीको बजारीकरणका लागि सहयोग पुग्ने कार्यक्रम, आन्तरिक पर्यटन विकास गर्न निजी क्षेत्रसंगको समन्वयमा आकर्षक प्याकेज र यात्रा उत्प्रेरणा बिदा (Travel Incentive Leaves), शैक्षिक तथा अध्ययन-अवलोकन भ्रमणलाई प्रोत्साहन गर्ने कार्यनीति रहेको छ । सभा-सम्मेलन, व्यापार-मेला, महोत्सव गर्न प्रोत्साहन गर्ने, पर्वतारोहण प्रवर्द्धन गर्न शुल्क सहुलियत र नयाँ हिमचुली खुला गर्दै जाने, पदयात्रा प्रवर्द्धन गर्न पूर्वाधार तथा सहजीकरण जनशक्ति विकास गर्ने, जलयात्रा, साहसिक पर्यटन, संस्कृतिक, धार्मिक, खेलकुद चलचित्र, शैक्षिक कृषि, स्वास्थ्य पर्यटनको प्रवर्द्धनका लागि पूर्वाधार, सेवा विस्तार र प्रचार-प्रसारका उपाय नियमित रूपमा गर्ने कार्यनीति पनि रहेका छन् ।

सम्भावनाका दृष्टिकोणले अत्यधिक रोजगारी, खासगरी युवा स्वरोजगार लक्षित, सृजना हुने पर्यटन क्षेत्रको नीति रहेकाले देहायको रोजगार सृजनाका दृष्टिबाट पर्यटन नीति, २०६५ को देहायको तालिकामा उल्लेख गरिएका तीन (३) नतिजामूलक सूचकका आधारमा समीक्षा गरिएको छ ।

तालिका ७:पर्यटननीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकका लागि स्वरोजगारका अवसर सृजना गर्ने।	नीतिमा उल्लेख नभएको	• स्वरोजगारका अवसर सृजनागर्ने, आम्दानी बृध्दि गर्ने र गरिबी निवारणमा योगदान गर्ने गरी ग्रामीण पर्यटन लक्षित कार्यक्रम संचालन गरिने। • आन्तरिक पर्यटनको बिकास र बिस्तारमा जोड दिन निजि क्षेत्रको समन्वयमा पर्यटकीय प्याकेजहरूको विकास, कर्मचारीहरूलाई यात्रा उत्प्रेरणा बिदा, भ्रमण प्रोत्साहन कार्यक्रम लागू गर्ने।
२	पर्यटन उद्योगको प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गर्ने ।	नीतिमा उल्लेख नभएको	

			• पर्यटनको विविधीकरण र विस्तार लक्षित क्षेत्रगत कार्यक्रम, पूर्वाधार निर्माण, पर्यटकीय क्षेत्र/गन्तव्यको पहिचान र विकासका लागि पर्यटन क्षेत्रको दीर्घकालीन योजनामा आधारित आवधिक र बार्षिक कार्यक्रम कार्यान्वयन गर्ने। • विशिष्ट पहिचान सहितका 'एक स्थान एक पहिचान', 'एक गाउँ एकउत्पादन, पदयात्रा मार्ग/परिपथ (Trekking Route/Circuit) विकास र प्रवर्द्धन गर्ने। • सरकारी र निजी क्षेत्रले समन्वयात्मक रूपमा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन गर्ने, यसका लागि नेपाल पर्यटन बोर्ड र अन्य संयन्त्रहरूको प्रभावकारिता अभिबृध्दि गर्ने । • पर्यटनसंग सम्बन्धित नाफामूलक व्यवसायहरूको संचालन र व्यवस्थापन निजी क्षेत्रबाटै हुने गरी व्यवसायीक वातावरण सृजनागर्ने । • पर्यटन क्षेत्रको जनशक्ति उत्पादन गर्ने नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) लाई

			Centre of Excellence का रूपमा विकास गर्ने, निजी क्षेत्रको व्यापक संलग्नतामा जनशक्ति विकास कार्यक्रमहरू संचालन गर्ने। • महिला, आदिवासी-जनजाती, दलित, मधेशी लगायतका पिछडिएका वर्गलाई समेत लक्षित गरी सीपमूलक र उच्च तहका शैक्षिक कार्यक्रम लागु गर्ने।

पर्यटन नीतिले आन्तरिक र बाह्य पर्यटन दुवैमा समान महत्वका साथ नीतिगत उपाय, कार्यक्रम र क्रियाकलाहरू गर्नका लागि मार्गदर्शन गरेको छ । खासगरी बाह्य पर्यटन प्रवर्द्धन गर्न यसको उद्योगीकीकरण गर्न सेवाका प्रकृतिका आधारमा विशिष्टीकृत क्षेत्र/पक्ष पहिचान गर्दै सेवाको क्षमताको आधारमा ठुला, मझौला र साना उद्योगमा वर्गीकरण गरी आवश्यक पूर्वाधार निर्माणमा सार्वजनिक-निजी साझेदारीको *निर्माण, स्वामित्व, संचालन र हस्तान्तरण* (BOOT) मोडेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्ने नीति महत्वपुर्ण छ । कानूनी, संस्थागत र प्रक्रियागत व्यवस्थाम सुधार गरी पर्यटनको विकास, विस्तार, प्रवर्द्धन र आर्थिक- उत्पादकत्व बढाउन सकिने पक्षमा विशेष ध्यान दिएको छ। साथै, आन्तरिक पर्यटनको व्यापक विकास गर्न केन्द्रित विविधीकरण, प्रवर्द्धन र प्रोत्साहनका उपायबाट रोजगारीका अवसर सृजना हुने मान्न सकिन्छ, तथापी कुन क्षेत्रमा कसरी र कति रोजगारी सृजना हुनेछन भन्ने बारेमा नीतिले स्पष्ट परिमात्मक लक्ष, कार्यक्रमिक उपाय, लगानी अन्य सहजीकरण प्रत्याभूति समेटेको देखिंदैन। पर्यटनको व्यवसायिक र औद्योगिक विकास गर्दा र ग्रामीण-पर्या-संस्कृतिक पर्यटन प्रवर्द्धन गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्दा रोजगारी/स्वरोजगारी सृजना हुने भएता पनि यसका लागि आवश्यक वित्तीय-आर्थिक लगानीको प्रत्याभूति कसरी हुनेछ भन्ने स्पष्टता नीतिमा छैन।

हालको विश्वव्यापी कोविडको महामारीले सबैभन्दा बढी प्रतिकूलता पर्यटन क्षेत्रमा नै देखिएको छ र नेपाल त्यसको मारमा पर्ने विश्वका मुलुकहरुमध्ये पर्दछ जसले गर्दा यस क्षेत्रको रोजगारीमा निकै ठूलो नकारात्मकता देखिएको छ। यसले गर्दा वाह्य पर्यटनको सम्भावना कम हुंदै जानुले आन्तरिक पर्यटनमा बढी भार पर्न गएको छ। आन्तरिक रोजगारी सृजनाका दृष्टिले पर्यटन क्षेत्रको महत्वलाई आंकलन गरी आन्तरिक पर्यटनलाई पहुँच (Access), पर्यटकीय क्रियाकलापजन्य उत्पादन

(Products) को विस्तार र विविधीकरण, गुणस्तरीय पर्यटकीय पूर्वाधार (Infrastructure) को विकास, बसाइ (Accommodation), संस्थागत प्रवन्धकीय क्षमता (Arrangements), आन्तरिक पर्यटन प्रवद्र्धनीय संस्कार र प्रवृत्ति (Culture and attitude) जस्ता पक्षमा ध्यान दिई पर्यटन क्षेत्रलाई रोजगारीको बाह्यस्रोत (External Sourcing) लाई कम गर्दै आन्तरिक स्रोतलाई बढावा दिने गरी प्रोत्साहनीय नीतिगत व्यवस्था आवश्यक रहेको छ । दिगो पर्यटनका माध्यमबाट निरन्तर रुपमा रोजगारी सृजना गर्दैजानका लागि पनि आन्तरिक पर्यटनको विस्तार, सुदृढीकरण र प्रोत्साहन अपरिहार्य देखिन्छ ।

राष्ट्रिय अर्थतन्त्रको विकासका दृष्टिले पर्यटन महत्वपुर्ण र सम्भावना बृध्दि हुँदै गैरहेको क्षेत्र हुँदाहुँदै पनि नीतिले पहिचान/उल्लेख गरेका कतिपय जोखिमहरूको व्यवस्थापन गरेर यसबाट व्यापक रोजगारी सृजना र फराकिलो आर्थिक लाभ लिने विषय चुनौतिपूर्ण छ ।

(७) गरिबी निवारण नीति २०७६

विकासका लागि योजनावध्द प्रयासको ईतिहास लामो भएता पनि नेपालमा गरिबीको रेखामुनी रहेको जनसंख्या अझै पनि १८.७ प्रतिशत[4]र बहुआयामिक गरिबी सूचकांक (MPI) का आधारमा नेपालमा कूल जनसंख्याको २८.६ प्रतिशत[5]जनता गरिब रहेको पृष्ठभूमिमा गरिबी निवारणसंग सम्बन्धित नीतिहरूको तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्नु अपरिहार्य रहन्छ । खासगरी संघीय संरचनामा मुलुक प्रवेश गरेसंगै नेपालको संविधानले प्रत्याभूत गरेको मर्यादित जीवन बाँच्न पाउने हक र नागरिकको आधारभूत आवश्यकताको परिपूर्तिका साथै आर्थिक सम्बृध्दिको प्राप्ति सुनिश्चित गर्न तीनै तहका सरकारमा दायित्व रहने र समन्वय र सहकार्यका साथ काम गर्नु पर्ने हुन्छ । नेपाल सरकारले बिगतमा विविध नीतिगत र कार्यक्रमिक पहलहरू गरेको देखिन्छा । पन्चवर्षीय र अन्य क्षेत्रगत/विषयगत विकास योजनाहरू, गरिबी निवारण रणनीति, सहश्राब्दी विकास लक्ष्यहरू हुँदै दीगो विकास लक्ष्यहरू अवलम्बन र कार्यान्वयन यसै सन्दर्भका मुलभूत पहलहरू रहेका देखिन्छन् । यसै पृष्ठभूमिमा यस अघि अवलम्वन गरिएका नीति र योजनाहरूमा पुनरावलोकन गर्दै थप स्पष्ट, सम्बृध्दि लक्षित र गरिबीका मानवीय, सामाजिक, आर्थिक तथा समग्र सुरक्षा पक्षसंग जोडिने आयामहरूमा नै प्रभाव पर्ने गरी रुपान्तरणकारी नीतिगत उपायहरू अपनाउनु र क्रियान्वित गरेर जानु संविधानले प्रत्याभूत गरेका मौलिक हक सुनिश्चित गर्ने उपाय हुन्छ ।

गरिबी निवारण गर्ने अभियानमा राज्यबाट बृहत, विशिष्ट र लक्षित नीति/योजना र कार्यक्रमका साथसाथै गैरसरकारी, सहकारी र निजी क्षेत्रहरूसंग समेत सहकार्य गर्दै एकीकृत प्रयत्न गरी रहेको देखिन्छ । यसरी बिगतमा क्षेत्रगत र छुट्टाछुट्टै रूपमा गरिएका प्रयत्नहरू प्रभावकारी नभई रहेको

[4]पन्ध्रौंयोजना (२०७६/७७-२०८०/८१),नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०७६

[5]नेपाल बहुआयामिक गरिबी सूचकांक (एम.पि.आई.), राष्ट्रिय योजना आयोग, २०१८

अनुभवलाई मनन गर्दै सबै किसिमका पहलहरू र उपायहरूलई एकीकृत र स्पष्ट नीतिगत मार्गदर्शन गरेर गरिवी निवारण गर्ने अभियानलाई समन्वयात्मक तथा उपलब्धिमूलक र परिणाममूखी बनाउन एकीकृत नीति आवश्यक हुने आधारमा गरिबी निवारण नीति २०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ।

गरिबीमुक्त र समानातायुक्त समाज स्थापनाको दीर्घकालीन सोंच सहित निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या आगामी १० बर्षमा ५ प्रतिशत र २५ बर्षमा शुन्यमा झार्ने महत्वाकांक्षी परिमाणात्मक लक्ष्य गरिबी निवारण नीति २०७६ मा अवलम्वन गरिएको छ। सरोकारवाला संघीय मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहको साथै निजी, सहकारी र गैह्रसरकारी क्षेत्रको समन्वय र सहकार्यबाट गरिबी निवारणको राष्ट्रिय लक्ष्य प्राप्त गर्ने उद्देश्यनीतिले लिएको छ। दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्न *गरिब व्यक्ति तथा परिवारका लागि मुलुकमा उत्पादनशील रोजगारी एवं स्वरोजगारी सृजना गर्ने, उपलव्ध श्रोतको उपयोगमा गरिब तथा बिपन्न वर्गको न्यायपूर्ण पहुँच र सहभागिता सुनिश्चित गर्ने* लगायतका छ(६) वटा लक्षित-नीतिहरू लिंदै कार्यान्वयनका लागि स्पष्ट रणनीति र कार्यनीति तय समेत गरिएको छ।

रोजगारी सृजनाका दृष्टिकोणबाट तालिका८ मा उल्लेख गरिएका तीन (३) नतिजामूलक सूचकका आधारमा गरिबी निवारण नीति २०७६ को समीक्षा निम्नानुसार गरिएको छ।

तालिका ८: गरिबी निवारण नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	गरिब व्यक्ति तथा परिवारका लागि मुलुकमा उत्पादनशील रोजगारी एवं स्वरोजगारी सृजना गर्ने	नीतिमा उल्लेख नभएको	• रोजगारमूलक सीप विकास तालिम कार्यक्रम संचालनमा निजी क्षेत्रसंग सघन समन्वय गर्ने, • रोजगारी सृजनाहुने तथा गरिबलाई टेवा पुग्ने कार्यक्रम कार्यान्वयन गर्ने, • अनौपचारिक क्षेत्रका श्रमिकको जीविकोपार्जन सहज बनाउन बहु-निकायसँगको समन्वयमा रोजगारी तथा स्वरोजगारी लक्षित कार्यक्रम संचालन गर्ने,
२	उपलब्ध प्राकृतिक स्रोत साधनको उपयोगमा गरिब तथा विपन्न वर्गको न्यायपूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने	नीतिमा उल्लेख नभएको	

			• सीपमा आधारित र नयाँ उद्यम विकासका लागि न्यून ब्याजदरमा कर्जाको व्यवस्था गर्ने, • रोजगारीका अवसर सृजनागर्न आवश्यक नीतिगत मार्गदर्शन र परामर्शका लागि संयन्त्र विकास गर्ने, • स्वरोजगार, रोजगार र उद्यमशीलता विकासका तालिम कार्यक्रम संचालन गर्ने, • रोजगारी सृजना गर्न र खेती पद्धतिको प्रवर्द्धनमा सहकारी, गैरसरकारी संस्था तथा स्थानीय संस्थालाई प्रोत्साहित गर्ने । • विद्यार्थीहरुलाई सीपयुक्त बनाई उत्पादनशील रोजगारी एवम् आयआर्जन गर्न सक्ने बनाउन विद्यालयमा व्यवसायिक शिक्षा कार्यक्रम संचालन गर्ने, • परम्परागत ज्ञान, सीपमा आधारित पेशा तथा व्यवसायलाई बजारसंग आवद्ध गर्ने गरी उत्पादनशील रोजगारी सृजनागर्ने, • रोजगारी वृद्धि तथा बजारसम्मको पहुँचका लागि परामर्श संयन्त्रको व्यवस्था गर्ने, • रोजगारी तथा स्वरोजगार सम्बन्धी उद्यमशिलता विकास र प्रवर्द्धनसँग सम्बन्धित

			गतिविधि सम्प्रेषण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचना सञ्जाल निर्माण गर्ने, ● युवाहरुलाई व्यवसायिक तथा प्राविधिक तालिम दिई रोजगारी प्राप्त गर्न सक्ने बनाई श्रम बजारमा ल्याउने, ● कृषियोग्य जमिन लिजमा लिई करार खेती गर्ने, हैसियत बिग्रिएका वन, नदी तट तथा अन्य कृषि व्यवसाययोग्य सार्वजनिक जग्गा उपलब्ध गराई कृषि तथा उद्योग व्यवसाय प्रवर्द्धन गरी आयआर्जन तथा रोजगारीको अवसर सृजनागर्ने, ● कृषि व्यवसाय सुरु गर्न प्राविधिक टेवा र सरल कर्जा उपलब्ध गराउने, ● युवाहरुलाई पर्यटकीय सेवा संचालनका लागि आवश्यक तालिम प्रदान गर्ने ।

यो नीतिले गरिबीको कार्यात्मक-परिभाषा (Working-definition) गर्ने क्रममा गरिबी मापनका आधारहरू उल्लेख गरेकोमा रोजगारी प्राप्ति र सोको परिणामलाई महत्वपुर्ण रूपमा समेटेको छ । रोजगारी-बिमुखताले नागरिकहरूलाई निरपेक्ष गरिबीतर्फ धकेल्ने र सोबाट सिर्जित गरिबीका अन्य आयामहरू—उपभोग, सक्षमता, जीवनको गुणस्तर, मानव अधिकारको उपयोगमा पर्ने नकारात्मक प्रभाव तथा असमानता र विभेद बढेर जाने खतरा—को पनि चर्चा र नीतिमा ती पक्षमा सुधार ल्याउने गरी के र कसरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने आवश्यक छ भन्ने पनि नीतिले स्पष्ट उल्लेख गरेको छ । गरिबीको बहु-आयामिकताहुने चरित्रले नीतिले बहु-क्षेत्र र बहु-निकायका बिषय समेट्ने गरी तहगत सरकारको भूमिका, स्रोत परिचालनमा समन्वय, सहकार्य र साझेदारीको मान्यता राखेको र सोही अनुसार भुमिका र दायित्व औंल्याएको छ । खासगरी नीतिले लिएका

उद्देश्यहरू पुरा गर्नका लागि 'कार्यात्मक', 'समन्वयात्मक एवं सहकार्यात्मक' र 'अनुगमनात्मक र सुधारात्मक' त्रि-आयामिक कार्यान्वयन रणनीति अवलम्बन गरी सरकारका निकायहरू बीचमा नीतिगत सामन्जस्यता/तादात्म्यता गरी गरिबी निवारणका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अन्य मन्त्रालय, केन्द्रीय निकाय, प्रदेश र स्थानीय सरकार तथा साझेदार र सहयोगी संस्थाहरूसंग कार्यगत-सहजकार्य गर्दै गरिबी निवारणसंग सम्बन्धित कार्यक्रम तथा आयोजनाहरू बीचमा प्रभावकारी समन्यवय रविकास साझेदारहरूसंग सहकार्य गरिने व्यवस्था गरेको छ। यसरी संचालन गरेका योजना, कार्यक्रम तथा आयोजनाहरूको स्थिति, प्रभाव र नतिजाको नियमित अनुगमन तथा मूल्यांकन गर्ने कार्यान्वयन रणनीति नीतिले अवलम्वन गरेको छ।

रोजगारी सृजनाका पक्षबाट राष्ट्रिय रोजगार नीति २०७१ ले लिएको उद्देश्य प्राप्तिका लागि यस नीतिको मूल उद्देश्य हासिल गर्न गरिने सबै कार्यक्रम-क्रियाकलापले पनि सघाउ पुर्याउने र खासगरी सबै नागरिकहरूलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने, आप्रवासी तथा प्रवासी कामदारको उपयुक्त व्यवस्थापन गर्ने उद्देश्य लिएको र सो प्राप्ति-लक्षित उपायहरूको कार्यान्वयनमा गरिबी निवारण नीति र राष्ट्रिय रोजगार नीतिका बीच सहकार्य हुनु आवश्यक देखिन्छ।

(८) सिंचाइ नीति, २०७०

नेपालको अर्थतन्त्रको मेरुदण्ड र मूल क्रियाक्रलाप कृषि हो । स्थानीय प्रविधिमा आधारित परम्परागत सिंचाई पद्दतिको लामो इतिहास र ज्ञान नेपाली किसानमा भए पनि दीगो र भरपर्दो सिंचाई सुबिधाको अभावमा कृषि क्षेत्रबाट अपेक्षित उत्पादकत्व र लाभ लिन कोशिस गरिएको छ । बि.सं. १९८५ मा चन्द्र नहर निर्माण गरेर आधुनिक सिंचाई प्रणाली सुरु भए पश्चात योजनावद्ध विकासको चरणमा विभिन्न पहलहरू भएका देखिन्छन । ती योजनासंगै विभिन्न नीतिहरु तर्जुमा गरी सिंचाईको विकास गर्ने र कृषिमा रुपान्तरणकारी विकास गर्दै बढी भन्दा बढी रोजगारी/स्वरोजगारी सृजना गरी राष्ट्रिय सम्वृद्धि हासिल गर्ने पहलहरू पनि गरिएका छन् । यसरी बि.सं. २०४६ पछि जलश्रोत र सिंचाईका क्षेत्रमा विभिन्न नीति, ऐन तथा नियमावली जारी तथा कार्यान्वयन गरिदै आएका छन् । बिगतका प्रयासहरू कै फलस्वरूप देशमा उपलब्ध सिंचाइ सम्बन्धी प्रविधि, भौतिक संरचना, जनशक्ति र संस्थागत क्षमतामा उल्लेखनीय अभिबृध्दि भएको छ । यसरी सिंचाइ क्षेत्रको विकास तथा व्यवस्थापनको कार्यलाई अग्रगति प्रदान गर्न परिमार्जित तथा गतिशील सिंचाइ नीति आवश्यक ठानिएको सन्दर्भमा राष्ट्रिय जलस्रोत रणनीति र राष्ट्रिय जल योजनाले सिंचाइ क्षेत्रमा लक्षित गरेका उद्देश्य समेत समेटेर सिंचाइ नीति २०७० तर्जुमा र कार्यान्यवन गरिएको छ।

मुलुक सम्पूर्ण कृषियोग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी बर्षैभरी दीगो एवं भरपर्दो सिंचाइ सुबिधा पुरयाउने दृष्टिकोण सिंचाइ नीति २०७० ले राखेको छ । नीतितर्जुमा र कार्यान्वयन प्रस्ताव गर्दा खासगरी बर्षैभरि सिंचाइ सेवा उपलब्ध गराउनका लागि सबै प्रकारका सिंचाइ प्रणालीको विस्तार, प्रवर्द्धन र विकास गर्ने, ठुला आयोजना र स्थानीय स्तरमा उपलब्ध सतह र भूमिगत जलस्रोतको संयोजनात्मक उपयोग (Conjunctive Use) गर्ने, जनसहभागितामूलक पद्दतिलाई प्रभावकारी रूपमा लागु गर्न उपभोक्ता संस्थालाई जिम्मेवार र उत्तरदायी तुल्याउने, संस्थागत सुधार र जनशक्ति विकास गर्ने, जलवायु अनुकुलनमा ध्यान दिने र स्थानीय तहको क्षमता विकास र संलग्नतामा बृध्दि गर्ने मान्यतालाई आधार मानिएको छ ।

उपलब्ध जलस्रोतको संयोजनात्मक रूपमा अधिकतम उपयोग, सिंचाइ संरचनाहरूको आधुनिकीकरण र उचित मर्मत-संभार, मुलुकका सबै क्षेत्रमा सिंचाइको सन्तुलित र सामन्जस्यतायुक्त विकास गरी कृषिमा उत्पादकत्व अभिबृध्दि गर्न सिंचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्ने यो नीतिका उद्देश्य रहेका छन् । उल्लेखित उद्देश्य हासिल हुँदा समग्र कृषि क्षेत्रको व्यवसायीकरण तथा आधुनिकीकरण हुने र फलस्वरूप रोजगारी तथा स्वरोजगारीमा बढोत्तरी आउने हुन्छ । सिंचाइ नीतिले प्रतक्ष्य रूपमा रोजगारी वा स्वरोजगारी लक्षित कार्यक्रम वा क्रियाकलाप राखेको देखिदैन । सो नीतिको रोजगारी सृजनाका दृष्टिकोणबाट तालिका ९ मा उल्लेख गरिएका तीन (३) नतिजामूलक सूचकका आधारमा समीक्षा गरिएको छ ।

तालिका ९: सिंचाई नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	सिंचाइ प्रणालीका माध्यमबाट कृषिक्षेत्रको उत्पादकत्व वृद्धि गर्ने	नीतिमा उल्लेख नभएको	• नीतिसम्वद्ध व्यवस्थाको कार्यान्वयनका लागि विशिष्ठीकृत र विषयगत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । • सिंचाइ सुविधा उपभोग गर्न कृषक समूहलाई प्रोत्साहन र सशक्तीकरण गर्ने । • सिंचाइ सुविधा वृद्धि गरी कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै रोजगारी सृजना
२	सिंचाइ उपभोक्ताको व्यवसायिक सीप अभिवृद्धि गरी रोजगारी सृजना गर्ने	नीतिमा उल्लेख नभएको	
३	सिंचाइ सम्वद्ध महिला कृषकको रोजगारी वृद्धि गर्नका लागि सीप र व्यवसायिक दक्षता	नीतिमा उल्लेख नभएको	

	अभिवृद्धि		गर्ने। ● आवधिक समीक्षा गरी कार्यान्वयन समस्या समाधान गर्ने।

यसरी सिंचाईको विकासका माध्यमबाट कृषिमा उत्पादकत्व अभिवृद्धि हुने हुन्छ, जसबाट कृषि क्षेत्रसंग जोडिने रोजगारी, स्वरोजगारी, उद्दमशीलता आदिमावृद्धि ल्याउने हुन्छ। सिंचाइका ठुला वा मझौला बहुउद्देश्यीय आयोजना, स्थानीय तहका साना, समुदायमा आधारित र परम्परागत सिंचाइ प्रणालीको निर्माण, नियमित मर्मत-संभार र संचालन, आधुनिकीकरण गर्दा उल्लेख्य रोजगारी सृजना भएतापनि माथी तालिकामा बुँदागत प्रस्तुत गरिएका सूचकले खासगरी सिंचाइमा गरिने विकासबाट कृषिमा कति रोजगारी सृजना गर्न सकिन्छ र कति रोजगारी सृजना भईरहेको छ भन्ने बारेमा परिमाणात्मक लक्ष्य स्पष्ट उल्लेख गरेको देखिदैन । जसबाट यो नीतिको कार्यान्वयनबाट के-कति रोजगारी सृजना गर्न सकियो भन्ने प्रस्टता नहुने देखिन्छ। प्रभावकारी अनुगमन र मुल्यांकनका लागि राष्ट्रिय सिंचाइ जल उपभोक्ता महासंघबाट समेत प्रतिनिधित्व हुने गरी केन्द्रीय सिंचाइ अनुगमन समिति तथा क्षेत्रीय र स्थानीय स्तरमा उपभोक्ता संस्थाका प्रतिनिधि एवं स्थानीय तह समेतको सहभागितामा अनुगमन समिति हुने संयन्त्रको नीतिगत व्यवस्था गरिएको विषयलाई सकारात्मक पक्ष मान्न सकिन्छ।

करिव ३२ लाख हेक्टर सिंचाइयोग्य कृषि जमीन भएको मुलुकमा १५ लाख हेक्टरको हाराहारीमा मात्र व्यवस्थिति सिंचाइ सुविधा उपलब्ध हुनसकेको हालको स्थितिमा सम्भाव्य सिंचाइ विस्तारको अवसरलाई उपयोग गर्न सकिएमा कृषकको उत्पादनमूलक संलग्नतामा उल्लेख्य वृद्धि भै कृषिक्षेत्रमा आयमूलक आन्तरिक रोजगारी सृजनाको प्रवल सम्भावना रहेको देखिन्छ।

(९) जलविद्युत विकास नीति, २०५८

नेपालमा जलविद्युत विकासको प्रचुर सम्भावना र उच्च महत्व रहेको छ। जलविद्युत विकासलाई केवल उर्जाको उत्पादन र खपतको दृष्टिकोणले मात्र हैन वृहत्तर राष्ट्रिय विकासको दृष्टिकोणबाट हेर्नु पर्दछ। समग्र आर्थिक विकास र औद्योगिकरणका लागि जलविद्युत निकै महत्वपूर्ण मानिन्छ। यसबाट राष्ट्रिय एवं क्षेत्रीयरूपमा रोजगारीका अवसरहरू सृजना गर्न सकिन्छ । यस नीतिले जलविद्युतको विकास तथा आपूर्ति सहज बनाउँदै ग्रामीण विद्युतीकरण, र औद्योगिक विकास मार्फत रोजगारी सृजनामा महत्वपूर्ण भूमिका खल्ने अपेक्षा गरिएको छ।

यस नीतिलाई रोजगारी सृजनाको दृष्टिकोणबाट तल तालिकामा प्रस्तुत गरिएका ३ वटा मूख्य नतिजामूलक सुचाङ्को आधार मा विश्लेषण गरिएको छ।

तालिका १०: जलविद्युत विकास नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	जलविद्युत आयोजनामा श्रम र सीपको उपयोग गर्न प्राथमिकता दिने।	नीतिमा उल्लेख नभएको	• रोजगारी सृजनाका लागि विशेष व्यवस्था नभएको

जलविद्युत विकासका क्षेत्रलाई रोजगारी सृजनाको दृष्टिकोणबाट हेर्दा यसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा महत्वपूर्ण योगदान गरेको पाईन्छ। यस क्षेत्रलाई नेपालको विकासमा प्रत्यक्ष प्रभाव पार्ने तुलनात्मक लाभको क्षेत्रमा हेर्न सकिन्छ। यस नीतिले स्वभावतः जलविद्युत विकासलाई प्राथमिकतामा राखेको छ र रोजगारीका दृष्टिले हेर्दा मूख्य नतिजाको क्षेत्रको रूपमा जलविद्युत विकासमा श्रम तथा सीपको प्रयोगमा विशेष जोड दिने उल्लेख छ। जलविद्युत क्षेत्र तुलनात्मक लाभ एवं रोजगारी सृजनाको अवसर सृजना गर्ने सहयोग पुर्याउने एक महत्वपूर्ण क्षेत्रको रूपमा स्थापित गर्न यो नीतिले सघाउ पुर्याएको छ। जलविद्युत आयोजनाको संख्या, लगानी र काम गर्ने जनशक्तिको संख्या बढ्दै जाँदा रोजगारीका अवसरहरूको सृजना भएको छ तर नीतिले रोजगारी सम्बन्धी परिमाणात्मक लक्ष्य राखेको छैन। यो नीतिको कार्यान्वयनबाट कति रोजगारी सृजनाको सम्भाव्यता छ र यसले सृजना गरेको रोजगारीको संख्या कति हो,एकिन हुन सकेको देखिदैन। साथै कस्तो श्रम शक्ति र त्यसको परिमाणात्मक लक्ष्य भने उल्लेख नहुँदा यस नीतिका कारणले नै कति रोजगारी सृजना भएको भन्ने एकिन तथ्याङ्क उपलब्ध हुन नसक्दा संख्यात्मक रूपमा एकिन गर्न भने सकिदैन। यस नीतिले रोजगारीलाई नै लक्षित गरी लक्ष्य र उद्देश्य दुवै निर्धारण नगरेको भएता पनि विद्युत तथा जलविद्युत सम्बन्धी परियोजना वृद्धि भईरहेकोले रोजगारी सृजना त भएका छन् भन्न सकिन्छ तर कति भन्ने कुरा स्पष्टसँग निर्धारण गर्न कठिन छ। यसका अतिरिक्त यस नीतिमा रोजगारी सृजना हासिल गर्नका लागि कस्तो संस्थागत संरचना हुने र त्यो संरचनाले कसरी काम गर्छ भन्ने स्पष्ट नहुँदा तथ्यगत रूपमा यसले कति रोजगारी सृजना गर्यो भन्ने कुरा एकिन साथ भन्न सक्ने देखिएन। तर जलविद्युत क्षेत्र आर्थिक विकासको लागि महत्वपूर्ण क्षेत्र भएकाले यस नीतिले जलविद्युत विकासलाई रोजगारी सृजनाको महत्वपूर्ण क्षेत्रका रूपमा स्थापित गर्न र आगामी दिनमा रोजगारी सृजना, जलविद्युत विकास र आर्थिक विकास नीतिलाई समन्वयात्मक ढङ्गले हेर्नुपर्छ

भन्ने मान्यता स्थापित गरेको छ। साथै यसको विकासले आर्थिक विकास तथा रोजगारी सृजनामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पारिहेको हुन्छ।

परिमाणात्मक लक्ष्य, कार्यान्वयन संरचना स्पष्टसँग किटान नहुँदा र अनुगमन र मुल्याङ्कन संरचना प्रभावकारी नहुँदा अधिकांश नीतिहरू नीतिगत व्यवस्थामा नै सीमित हुने हुँदा आगामी दिनमा नीतिगत व्यवस्थामा नै रहने संरचनाहरूलाई प्रभावकारी बनाउने तथा अन्य नीतिहरूसँगको समन्वयात्मक सम्बन्ध स्थापित गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

(१०) राष्ट्रिय यातायात नीति, २०५८

राष्ट्रिय विकासको मेरुदण्ड पूर्वाधार हुने र त्यसमा पनि यातायात सम्बध्द पूर्वाधार मुख्य पूर्वाधार हुने हुन्छ। यसै यथार्थका बीच नेपालको कठिन भू–बनौट र अवस्थितिमा यातायात पूर्वाधारको विकास चुनौतिपूर्ण छ। परिणाम स्वरूप नेपालमा सडक लगायत अन्य यातायातका पूर्वाधारको हालसम्म गरिएको विकास राष्ट्रिय आवश्यकताको तुलनामा निकै कम देखिन्छ। यस सन्दर्भमा यातायात पुर्वाधारलाई नीतिगत मार्गनिर्देश गर्ने नीतिका रूपमा राष्ट्रिय यातायात नीति, २०५८कार्यान्वयनमा रहेको छ। यो नीति समय सापेक्ष परिवर्तन वा नयाँ नीतिको तर्जुमा गरेर पूर्वाधारको समग्र आयाममा परिणाममूखी विकास गरेर जानु अनिवार्य भै सकेको छ। पूर्वाधार र खासगरी यातायात पूर्वाधारलाई रोजगारी सृजनाका दृष्टिले समेत महत्वपूर्ण क्षेत्र मानिन्छ। विशिष्ट प्राविधिक जनशक्ति देखि व्यवस्थापन, वातावरण र सामाजिक सुरक्षा, सीपमूलक र मानवीय श्रममा आधारित रोजगारीका अवसरहरू यो क्षेत्रमा हुन्छन।

राष्ट्रिय यातायात नीति, २०५८ ले पहिलो चरणको न्युनतम यातायात संरचनाको विकासबाट भौगोलिक बनावट सुहाउँदो र बढ्दो शहरीकरण र आधुनिक समाजको आवश्यकतालाई धान्न सक्ने २१औं शताव्दीमा देश विकासलाई गतिशील बनाउदै समृध्द मुलुकको रूपमा स्थापित गर्न सक्ने यातायात प्रणालीको विकास गर्ने आकांक्षा राखेको छ। दीगो, भरपर्दो, कम खर्चिलो, सुरक्षित, सुविधायुक्त एवं आत्मनिर्भर यातायात प्रणालीको विकास गरी नेपालको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय आदि क्षेत्रको विकासमा योगदान पुर्याउने मूल उद्देश्य यो नीतिले राखेको छ। नीतिले यो उद्देश्य हासिल गर्न प्रस्ट सीमा र क्षेत्र तोकि केन्द्रबाट र विकेन्द्रित ढाँचामा तत्-तत् तहमा उपलव्ध स्रोत-साधनको अधिकतम् उपयोग गर्दै र निजी क्षेत्रको समेत सहभागितामा यातायात प्रणालीको विकास, सम्वर्ध्दन र विस्तार गर्ने रणनीतिहरू अवलम्वन गरेको छ।

रोजगारी सृजनामा स्पस्ट र उल्लेख्य उदेश्य, कार्यनीति र कार्यक्रमहरू प्रस्ताव नगरिएको भएता पनि उल्लेखित उद्देश्य हासिल हुँदा आर्थिक प्रणालीमा योगदान गर्ने क्षेत्रहरूमा औद्योगिकीकरण

हुने, व्यवसायीकरण तथा आधुनिकीकरण हुने हुँदा रोजगारी तथा स्वरोजगारीमा बृध्दि हुने हुन्छ। तथापी राष्ट्रिय यातायात नीतिलाई रोजगारी सृजनाका दृष्टिकोणबाट तालिका८ मा उल्लेख गरिएका तीन (३) नतिजामूलक सूचकका आधारमा समीक्षा गरिएको छ।

तालिका ११: राष्ट्रिय यातायात नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	भरपर्दो र आधुनिक यातायात पूर्वाधार प्रणालीको विकास गरि समग्र आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय आदि क्षेत्रको विकासमा योगदान पुर्याउने	नीतिमा उल्लेख नभएको	• सबै जिल्लालाई सडक यातायातमा आवध्द गराउनका लागि सडक निर्माणमा विशेष प्राथमिकता दिने। • केन्द्रीय स्तरका यातायात संरचना र सामरिक महत्वको संजाल (Strategic network) बाहेक स्थानीय स्तरमा सडक निर्माण स्थानीय समुदायको पहल/संलग्नतामा गर्ने। • कृषि सम्भाव्यता अधिक भएका क्षेत्रमा बर्षैभरि चल्ने कृषि सडकहरूको संजाल विस्तार गर्ने। • पर्यटकीय महत्वका स्थानमा यातायात विकास गर्न निजी क्षेत्रको सहभागिता प्रोत्साहन गर्ने। • मल्टिमोडल (सडक, टनेल, रोपवे, ट्राम, जलमार्ग, विमानस्थल समेत) यातायात विकासका लागि ऐन, नियम तर्जुमा र कार्यान्वयन गर्ने, कार्यान्वयन लक्षित गरेर राष्ट्रिय यातायात बोर्ड स्थापना गर्ने।

			• यातायात पूर्वाधार संरचना निर्माण गर्दा स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानीलाई आकर्षित/ प्रोत्साहन गर्ने । • निजी क्षेत्रको लगानी आव्हान गर्दा योजनाको प्रभाव क्षेत्रमा रोजगारी सृजना हुने र आर्थिक क्रियाकलाप बृध्दि हुने गरी आर्थिक सहुलियत प्रदान गर्ने ।

अन्य पूर्वाधार र भौतिक विकासका नीतिहरू जस्तै राष्ट्रिय यातायात नीतिले पनि मूल रूपमा सडक र वैकल्पिक यातायातका पूर्वाधार प्रणालीको विकासमा प्राथमिकताका साथ रणनीति, कार्यनीति र कार्यक्रमहरू अवलम्वन गरेको छ । क्षेत्रगत रूपमा हेर्दा रोजगारी सृजना गर्ने बलियो सम्भावना बोकेको क्षेत्र रहेता पनि धेरै जसो पूर्वाधार निर्माणको अभ्यास ठेक्का प्रणाली हुँदै निजी क्षेत्रको प्रमुख सकृयता र संलग्नता हुने ढाँचामा गरिंदा र सरकारी क्षेत्रका निकायहरूबाट प्रभावकारी नियमन र निर्देशन हुन नसक्दा सडक र अन्य पूर्वाधार क्षेत्रमा संचालन हुन् ठुला, मझौला र साना समेत आयोजनामा सिर्जित रोजगारीका अवसर स्थानीय समुदाय वा रोजगारीको खोजीमा रहेका नेपालीले मात्रै पूर्ण रूपमा उपयोगगर्न नसकेको यथार्थ छ ।

यो नीति तर्जुमागर्दाको सन्दर्भबाट आज सम्म आइपुग्दा नेपालको राजनीतिक, प्रशासनिक, आर्थिक क्षेत्रहरू तथा पूर्वाधार र यातायातको माग र बुझाईमा व्यापक परिवर्तन भै सकेको परिप्रेक्षमा यो नीति समग्र यातायात पूर्वाधार विकासलाई निर्देशित गर्ने सक्ने देखिदैन । यसैलाई विचार गरेर यो नीति कार्यान्वयनको जिम्मेवार निकायका रूपमा कार्य गर्ने भौतिक योजना तथा यातायात मन्त्रालयलेनीति संसोधन प्रकृया सुरु गरेको छ । खासगरी यातायातको पुरानो बुझाई सडक यातायात साँघुरो बुझाई भएकोले आधुनिक यातायात प्रणालीको विकास गर्ने गरी नया नीति तर्जुमा हुन आवश्यक देखिएको छ ।

(११) वन तथा वातावरणक्षेत्र सम्बन्धी नीति

क. राष्ट्रिय वन नीति, २०७५

वन नेपालको अत्यन्तै महत्त्वपूर्ण र प्रतिस्पर्धात्मक लाभ (Competitive Advantage) उच्च रहेको प्राकृतिक सम्पदा हो । नेपालमा उपलव्ध वनले पर्यावरणीय सुरक्षाका साथै आर्थिक समुन्नतिमा बलियो योगदान गरेको छ । वन क्षेत्रको दिगो व्यवस्थापनबाट हरित अर्थतन्त्र निर्माण,

उद्यमशीलाताको विकास गर्दै रोजगारी/स्वरोजगारीका अवसरहरूको सृजना गरी राष्ट्रिय समृध्दिको लक्ष्य हासिल गर्ने अवसर पनि बलियो रहेको छ । आर्थिक क्रियाकलापका अन्य क्षेत्रहरू—कृषि, पर्यटनर सिंचाइ—को प्रमुख आधार समेतवन क्षेत्रलाई मानिन्छ ।वन क्षेत्रको दिगो व्यवस्थापन गरी प्राप्त लाभको न्यायोचित वितरण गर्ने कार्यमा संघीय, प्रादेशिक र स्थानीय सरकारका बीचमा निरन्तर समन्वय, सहकार्य र सहयोग हुनुपर्ने पृष्ठभूमिमा नेपालको राष्ट्रिय वन नीति, २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।

नेपालमा वनस्रोतको संरक्षण र उपयोगका लागि निकै आगाडी देखि प्रयास गरिंदै आएको छ । निजी स्वामित्त्वमा रहेका वन क्षेत्रलाई बि.सं. २०१३ मा राष्ट्रियकरण गरेर यसको संरक्षण र विकासका लागि कानूनी तथा योजनाबध्द प्रयास सुरु भयो । बि.सं. २०३३ मा ल्याइएको राष्ट्रिय वन योजनाले जनसहभागितामा संरक्षण, विकासका साथै उपयोगको पनि मान्यता राख्यो। बि.सं. २०४७ मा जारी वन विकास गुरू योजनाले वनको महत्व समुदायमा बढाउने र जनसहभागिता प्रभावकारी बनाउदै वन पैदावारमा आधारित उद्योगको विकास गरेर आर्थिक उपयोग समेत गर्ने प्रयास गर्यो । पछिल्लो वन नीति, २०७१ ले दिगो वन व्यवस्थापन, समुदायद्वारा व्यवस्थित वन, हरित रोजगारीको सृजना जस्ता पक्षमा प्रमुख नीतिगत, रणनीतिगत र कार्यनीति सहितका उपायहरू अवलम्बन गर्यो । तथापी बि.सं. २०७२ मा जारी नेपालको संविधानमा वनका नयाँ विषयहरू समावेश गरिएका र मुलुक संघीय संरचनामा रुपान्तरण हुँदा तहगत सरकारहरूले सहकार्यत्मक र समन्वयात्मक ढंगले वन व्यवस्थापन गर्नुपर्ने पक्षलाई दृष्टिगत गरी नयाँ राष्ट्रिय वन नीति, २०७५ तर्जुमा गरिएको देखिन्छ ।

‘व्यवस्थित वन क्षेत्र र सन्तुलित पर्यावरण मार्फत नेपालको आर्थिक, सामाजिक र संस्कृतिक सम्बृध्दिमा योगदान गर्ने’ दूरदृष्टि राखेको यो नीतिले ‘वनसम्पदाको बहुपक्षीय संरक्षण, सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन एवं मूल्य अभिबृध्दि र तिनको न्यायोचित वितरण गर्ने’ लक्ष्य राखेको छ । वनलाई संरक्षण गरेर पर्यावरणीय सेवामात्रलिने मन्यताबाट यसको बहुपक्षीय उपयोग र लाभ हासिल गर्ने मान्यतामा वन क्षेत्रको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिबृध्दि गर्ने, वन पैदावारमा आत्मनिर्भर हुँदै मूल्य-अभिबृध्दि सहित निर्यात प्रवर्द्धन गर्ने, वन क्षेत्रलाई आर्थिक उपार्जनको दरिलो माध्यमका रूपमा विकास गर्ने लगायतका उदेश्यहरू नीतिले लिएको छ । यो नीतिको प्रभावकारी कार्यान्वयनबाट रोजगारी/स्वरोजगारीका अवसर सृजना हुने भएबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुग्ने देखिन्छ।

राष्ट्रिय वन नीतिलाई रोजगारी सृजनाका दृष्टिकोण हेर्दा यसले रोजगारी सृजनामा के कस्ता क्षेत्रमा रोजगारी सृजनालाई कसरी सम्बोधन गरेको छ भनी तालिकामा उल्लेख गरिएका मूख्य

नतिजामूलक सूचकको आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यस नीतिले रोजगारी सृजना गर्न के कस्ता लक्ष्य र व्यवस्थाहरू गरेको छ र ती व्यवस्थाहरूको कार्यान्वयन स्थिति कस्तो छ र कसरी कार्यान्वयन भएका छन् भन्ने विश्लेषण तलको तालिकामा देखाईएको छ ।

तालिका १२: राष्ट्रिय वन नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	वन पैदावारमा आत्मनिर्भर हुँदै मूल्य अभिबृध्दि सहित निर्यात प्रवर्द्धन गर्ने	नीतिमा उल्लेख नभएको	• समुदायमा आधारित वन व्यवस्थापन प्रवर्द्धन गर्दै वन पैदावारको संकलनमा दीगोपना र प्रभावकरीता बढाउन विज्ञान र प्रविधिको प्रयोग गर्दै जाने • वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन, विकास र विस्तार गर्दै उद्योगमैत्री वन व्यवस्थापन प्रणाली अवलम्बन गर्ने, • वनमा आधारित सार्वजनिक संस्थानहरू मार्फत समेत हरित उद्योग संचालनमा लगानी बढाउदै रोजगारीका अवसरहरू सृजना गर्ने • वनमा आधारित हरित उद्यम विकासका लागि निजी, समुदाय र सहकारी क्षेत्रको लगानी प्रोत्साहन गर्दै वन उपभोक्ता समुहहरूको सहकारी प्रवर्द्धन गर्ने • पूर्वाधारहरूको विकास गर्दै पर्या पर्यटनको प्रवर्द्धन र विकास गर्ने
२	वन क्षेत्रबाट रोजगारीका अवसरहरूमा गुणात्मक बृध्दि गर्ने	नीतिमा उल्लेख नभएको	
३	वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमका रुपमा विकास गर्ने	नीतिमा उल्लेख नभएको	
४	उद्यममैत्री वन व्यवस्थापन सुदृढ गर्ने	नीतिमा उल्लेख नभएको	
५	वनक्षेत्रको व्यावसायीकरण र उद्यमशीलता विकास गर्ने	नीतिमा उल्लेख नभएको	
	वनक्षेत्रको व्यवसायीकरण र उद्यमशीलता विकास गर्ने	नीतिमा उल्लेख नभएको	

राष्ट्रिय वन नीतिमूलतः वन क्षेत्रको विकास र संरक्षणमा नै केन्द्रित छ । तथापि यस नीतिले वन क्षेत्रको विकास, प्रवर्द्धन र संरक्षणका माध्यमबाट रोजगारी सृजना गर्न सकिन्छ भन्ने विषयलाई स्थापित गरेको छ । यस नीतिमा वन क्षेत्रलाई आय आर्जनको रूपमा विकास गर्ने, वन व्यवस्थापनलाई उद्यमशीलताको विकाससंग संयोजन गरी विकास गर्ने, हरित उद्यमशीलता र रोजगारीका अवसर सृजना गर्ने तथा वनक्षेत्रको व्यवसायीकरणका माध्यमबाट रोजगारी सृजना गर्न सकिन्छ भन्ने तथ्यलाई एकिकृतरूपमा हेर्न सकिन्छ भन्ने कुरालाई आत्मसाथ गरेको छ । यद्यपि यस नीतिले वन क्षेत्र विस्तार र वृद्धिका साथै व्यवसाय वृद्धि विषयलाई उजागर गर्दा कति रोजगारी सृजना हुन्छ भन्ने कुरा यसले स्पष्ट रूपमा निर्धारण गर्न सकेको देखिदैन । यसका अतिरिक्त यस नीतिमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न कार्ययोजना, बजेट, संस्थागत संरचना र अनुगमन र मुल्याङ्कन प्रणाली स्पष्ट नहुँदा त्यसबाट कति रोजगारी सृजना भयो भन्ने कुरा देखिदैन । कति जनताले वनलाई व्यवसायका रूपमा आत्मसात् गरेका छन् र कति संख्यामा मानिसहरू यस क्षेत्रमा संलग्न छन् भन्ने कुरालाई स्पष्टसँग स्थापित गर्न सकेको देखिदैन् । अर्थात नीति निर्माण प्रक्रियाको नीति निर्माण, नीतिको कार्यान्वयन, त्यसका लागि आवश्यक संरचना, तथा अनुगमन र मुल्याङ्कनको सिलसिलेवार सम्बन्ध स्पष्टसँग स्थापित हुन आवश्यक देखिन्छ । यसका साथै वन क्षेत्रको उत्पादन वृद्धि, व्यवसायिकता प्रवर्द्धन र हरित उद्यमशीलता वृद्धि यसले रोजगारी सृजनामा सकरात्मक प्रभाव पारेको छ । आगामी दिनमा वन नीतिमा रोजगारी सम्बद्ध परिमाणात्मक लक्ष्यहरू एकिन गरेर निर्धारण गर्ने र अन्य नीतिहरूसँग यस नीतिको सम्बन्ध स्थापित हुन सकेमा रोजागरी सृजनामा यस नीतिको योगदान तथा प्रभावलाई विश्लेषण गर्ने र राष्ट्रिय स्तरमा कति रोजगारी सृजना भयो भन्ने कुराको विश्लेषण गर्न सहज हुने देखिन्छ ।

यस नीतिमा स्थापित गरिएका वन व्यवस्थापन प्रणालीलाई उद्योगमैत्री बनाउने, जनसहभागिता, सहकार्य र साझेदारीमा अभिवृद्धि गर्ने, अनुसन्धान र प्रविधि विकास, व्यवसायिक र वित्तीय प्रोत्साहन, संस्थागत सहयोग, समन्वय, अनुगमन र मूल्यांकन गर्ने कुरा अत्यन्त महत्वपूर्ण छन् । साथै वन क्षेत्रलाई स्थानीयकरण गर्ने र स्थानीय स्तरमा नै रोजगारीका अवसरहरू सृजना गर्ने कार्यमा यस नीति उपयोगी देखिन्छ ।

ख. वनक्षेत्रको दीर्घकालीन रणनीति (२०७३।७४ देखि २०८२।८३)

राष्ट्रिय वन नीति, २०७५ ले आधारका रूपमा वनक्षेत्रको १० वर्षे दीर्घकालीन रणनीतिलाई लिएको सन्दर्भमा यी दुवैको कार्यान्वयन र उद्देश्य हासिल गर्ने पक्षमा समन्वयात्मक ढङ्गले नै हेर्नुपर्ने हुन्छ । यस रणनीतिले रोजगारी सृजनालाई कसरी सम्बोधन गरेको छ भन्ने कुरा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १३: वनक्षेत्रको दीर्घकालीन रणनीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	वनक्षेत्रको विकास तथा सक्षम व्यवस्थापनका माध्यमबाट समतामूलक रोजगारी सृजना गर्ने र आयआर्जन र जीवन निर्वाहका अवसर उपलब्ध गराउने	नीतिमा उल्लेख नभएको	• उद्योगमैत्री वन व्यवस्थापन प्रणाली • जनसहभागिता, सहकार्य र साझेदारी • अनुसन्धान र प्रविधि विकास • व्यवसायिक र वित्तीय प्रोत्साहन • संस्थागत सहयोग • समन्वय, अनुगमन र मूल्यांकन • स्थानीयकरण
२	वनक्षेत्रमा पूर्णकालिक रोजगारी सृजना गर्ने	बार्षिक रुपमा करीब २ लाख	
३	वनक्षेत्रको आर्थिक आधार चौडा बनाउने	नीतिमा उल्लेख नभएको	
४	सामुदायिक वनको व्यावसायीकरण गरी लगानी, आयआर्जनका क्षेत्र विस्तार गर्ने	नीतिमा उल्लेख नभएको	

रोजगारी सृजनाका दृष्टिले यस रणनीतिले वनक्षेत्रको विकास तथा सक्षम व्यवस्थापनका माध्यमबाट समतामूलक रोजगारी सृजना गर्ने, आयआर्जन र जीवननिर्वाहका अवसर उपलब्ध गराउने, वनक्षेत्रमा पूर्णकालिक रोजगारी सृजना गर्ने, वनक्षेत्रको आर्थिक आधारलाई बिस्तार गर्ने, सामुदायिक वनको व्यावसायीकरण गरी लगानी, आयआर्जनका क्षेत्र विस्तार गर्ने, उद्योगमैत्री वन व्यवस्थापन प्रणाली, स्थानीय जनतालाई वन क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहभागी गराउने उद्देश्यले जनसहभागितामूलक, सहकार्य र साझेदारीमा आधारित व्यवस्थापनलाई बढावा दिने जस्ता क्षेत्रहरूलाई पहिचान गरी कार्यान्वयन संरचनाको व्यवस्था गरेको छ। साथै व्यवसायिक र वित्तीय प्रोत्साहन, संस्थागत सहयोग, समन्वय, अनुगमन र मूल्यांकन, स्थानीयकरण जस्ता व्यवस्थाहरूलाई यस नीतिका सकारात्मक पक्षका रूपमा हेर्न सकिन्छ । यद्यपि रोजगारीका दृष्टिकोणबाट यस रणनीतिमा पनि परिमाणात्मक लक्ष्य निर्धारण हुन सकेको छैन। यी नीति तथा

रणनीतिहरूमा रोजगारी प्रवर्द्धन र संरक्षणलाई अन्योन्याश्रित अवधारणा र अवयवका रूपमा विकास गर्दै नीति तथा रणनीतिमा नै रोजगारी सम्बन्धी परिमाणात्मक लक्ष्यहरू, तिनको कार्यान्वयन संरचनाको स्पष्टता, र चुस्त अनुगमन मूल्याङ्कन संरचना निर्माण जस्ता क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । आगामी दिनमा यी नीति तथा रणनीतिमा देखिएका कमी कमजोरी र सीमितताहरूलाई सम्बोधन गर्न सकेमा रोजगारीलाई सबै नीतिहरूमा मूलप्रवाहीकरण हुने र ती नीतिले रोजगारी सृजनामा के-कस्तो प्रभाव पारे भन्ने बारेमा आगामी दिनमा विश्लेषण गर्न सहज हुन्छ । हाल राष्ट्रिय स्तरका नीति तथा रणनीतिहरूमा रोजगारीलाई मूलप्रवाहीकरण गर्न नसकिएको र त्यसको स्पष्ट परिमाणात्मक लक्ष्य निर्धारण नहुँदा तथ्यगत रूपले रोजगारीको अवस्थाको विश्लेषण गर्न कठिनाई तथा सीमितताहरू रहेका छन् ।

ग. जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१

जडिबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति २०६१ ले दीगो विकासको अवधारणा अनुरूप नै जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको उत्पादन, संरक्षण र उपयोग गरी आय आर्जन, तथा आर्थिक विकासमा महत्वपूर्ण टेवा पुर्याउन सक्छ भन्ने कुरालाई स्थापित गरिदिएको छ । साथै वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी व्यवस्थित तरिकाले तिनको उपयोग एवं संरक्षण गरी वातावरणमा तथा पर्यावरणीय सन्तुलन कायम गर्ने सकिन्छ भन्ने तथ्यलाई आत्मसाथ गरी वन तथा जडिबुटीसँग सम्बन्धीत उद्यमशीलता विकास गरी रोजगारी सृजनाका अवसरहरूलाई उजागर गरेको छ । यस नीतिलाई रोजगारीका दृष्टिकोणबाट तलको तालिकामा रहेका नतिजाका सूचकहरूको आधारमा विश्लेषण गरिएको छ ।

तालिका १४: जडिबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	जडीबुटी एवं गैरकाष्ठ वनको व्यवसायिक उपयोग गरी रोजगारी सृजना गर्ने	नीतिमा उल्लेख नभएको	• जनसहभागिता, सहकार्य र साझेदारी • अनुसन्धान र प्रविधि विकास • व्यवसायिक र वित्तीय प्रोत्साहन • संस्थागत सहयोग • समन्वय, अनुगमन र मूल्यांकन
२	जडीबुटी एवं गैरकाष्ठ वनपैदावारमा आधारित उद्योग र प्रशोधन	नीतिमा उल्लेख नभएको	

	केन्द्रको स्थापना गर्न कार्यक्रम सन्चालन गर्ने		• स्थानीयकरण
३	जडीबुटी एवं गैरकाष्ठ वनपैदावारमा आधारित आधुनिक र ठूला उद्योगको स्थापना र सन्चालनमा वैदेशिक लगानीलाई प्रोत्साहन दिने।	नीतिमा उल्लेख नभएको	
४	जडीबुटी एवं गैरकाष्ठ वनपैदावारको उत्पादकत्व वृद्धिका लागि प्रविधिको विकास गर्ने	नीतिमा उल्लेख नभएको	

यस नीतिमा पनि जडीबुटीको व्यवसायिक खेती गर्ने तथा उद्यमशीलता विकास र प्रवर्द्धन गर्ने, तथा सीप विकास, जडीबुटी एवं गैरकाष्ठ वनको व्यवसायिक उपयोग गरी रोजगारी सृजना गर्ने जस्ता रोजगारी सृजना हुन सक्ने क्षेत्रहरूलाई समावेश गरेको छ । साथै जडीबुटी एवं गैरकाष्ठ वनपैदावारमा आधारित उद्योग र प्रशोधन केन्द्रको स्थापना लगायतका कार्यक्रम सन्चालन गर्ने प्रावधानहरूले रोजगारी सृजनामा सकरात्मक प्रभाव पार्छन् । यस नीतिले जडीबुटी एवं गैरकाष्ठ वनपैदावारमा आधारित आधुनिक र ठूला उद्योगको स्थापनालाई दिशाबोध गरेको छ र लगानीलाई प्रोत्साहन गर्ने नीति स्थापित गरेको छ । यसबाट जडीबुटी एवं गैरकाष्ठ वनपैदावारको उत्पादकत्व वृद्धिका गर्दै थप लगानीका माध्यमबाट रोजगारी सृजना गर्न सकिने तथ्यलाई उजागर गरेको छ । यी नीतिगत व्यवस्था रहेता पनि यस नीतिमा रोजगारी सृजनाको परिमाणात्मक लक्ष्य किटान गरेको पाईदैन । जसले गर्दा रोजगारी सृजना गर्नमा यो नीतिको कस्तो प्रभाव परेको छ र यसले लक्ष्य हाँसिल गर्न सक्यो वा सकेन एकिन गरेर भन्न सकिने स्थिति देखिएन।

यस नीतिमा उल्लेख गरिएका नतिजामूलक क्षेत्रहरूलाई कार्यान्वयन तहमा लैजानका लागि आवश्यक संस्थागत तथा संरचनात्मक व्यवस्थाको आवश्यकता हुन्छ । माथि उल्लेखित मूख्य नतिजाका क्षेत्रहरूको कार्यान्वयनका लागि यस नीतिमा जनसहभागिता अभिवृद्धि गर्ने, सहकार्य र

साझेदारी जस्ता उपायहरूको प्रवर्द्धन गर्ने, प्रविधिको विकास तथा व्यवसायिक सीप र वित्तीय प्रोत्साहन प्रदान गर्ने जस्ता नीतिगत दिशानिर्देश गरेको छ । साथै संस्थागत सहयोग, सरकारी निकायहरू बीच समन्वय र प्रभावकारीअनुगमन र मूल्यांकन प्रणाली निर्माणमा जोड दिएको छ । यस नीतिले दिशानिर्देश गरेका यी नीतिगत व्यवस्थाको कार्यान्वयन र रोजगारीका अवसरहरूको सृजनाका परिमाणात्मक लक्ष्य स्पष्ट निर्धारण गर्न सकेमा यस नीतिले राष्ट्रिय स्तरमा के कति रोजगारी सृजना गर्यो भन्ने कुराको तथ्यगत आधारमा नै विश्लेषण गर्ने वातावरण निर्माण हुनेथियो । तसर्थ आगामी दिनमा यस्ता नीतिहरू निर्माण गर्दा सम्पूर्ण क्षेत्रगत नीतिहरूले स्पष्ट लक्ष्य र तिनको अन्य क्षेत्रगत नीतिहरूसंगको सम्बन्धलाई पनि परिभाषित गर्नु आवश्यक देखिन्छ ।

घ. राष्ट्रिय वातावरण नीति, २०७६

राष्ट्रिय वातावरण नीति खासगरी विकास र वातावरण बीच सन्तुलन स्थापित गर्ने उद्देश्यले निर्माण गरिएको हो । विकास र वातावरणलाई समन्वयात्मक हिसाबले दीगो विकासका लक्ष्य पुरा गर्ने वातावरण सम्बन्धी ऐन नियम, क्षेत्रगत कानुन र तीनै तहका सरकारहरू बीच वातावरण संरक्षण र विकास व्यसवस्थापनमा समन्वय र सहकार्य स्थापित गर्न यो नीति तर्जुमा गरिएको हो । रोजगारी सृजनाका दृष्टिकोणबाट हेर्दा यसले रोजगारी सृजनामा के कस्ता क्षेत्रमा रोजगारी सृजनालाई कसरी सम्बोधन गरेको छ भनी तालिकामा उल्लेख भए बमोजिमका नतिजामूलक सूचकको आधारमा विश्लेषण गरिएको छ । यस नीतिले रोजगारी सृजना गर्न के कस्ता लक्ष्य र व्यवस्थाहरू गरेको छ र ती व्यवस्थाहरूको कार्यान्वयन स्थिति कस्तो छ र कसरी कार्यान्वयन भएका छन् भन्ने कुराहरूलाई तल तालिकामा प्रस्तुत गरिएको छ । सरसर्ती हेर्दा यो नीतिले मूख्यतः वातावरणीय अधिकार र न्याय स्थापनामा विशेष जोड दिएको छ । यसकारण रोजगारी सृजनामा यो नीतिले अप्रतक्ष्य योगदान गर्ने देखिन्छ ।

तालिका १५: वातावरण नीतिको रोजगार सृजनाका दृष्टिबाट समीक्षा

क्र. सं.	रोजगारसम्बद्ध मुख्य नतिजाका क्षेत्र	परिमाणात्मक लक्ष्य	नतिजा हासिल गर्नका लागि गरिएको विशेष व्यवस्था
१	फोहोरमैला प्रशोधनबाट जैविक उर्जा उत्पादन गर्न र हरित रोजगारीका लागि प्रोत्साहन दिने	नीतिमा उल्लेख नभएको	• वातावरणीय विषयको मूलप्रवाहीकरण गर्ने । • राष्ट्रियस्तरमा समन्वय, अनुगमन र मूल्यांकनका लागि संस्थागत संरचना बनाउने । • प्रदेश तथा स्थानीय तहमा
२	वातावरणीय पर्यटनको प्रवर्द्धनमा योगदान गरी	नीतिमा उल्लेख नभएको	

	पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन गर्ने		समन्वयात्मक कार्यान्वयन गराउने । ● वातावरण संरक्षण कोषको स्थापना गर्ने ।

राष्ट्रिय वातावरण नीतिमूलतः वातावरणीय संरक्षण र वातावरणीय न्याय स्थापना गर्न केन्द्रित छ । यस नीतिलाई रोजगारी सृजनाका माथि उल्लेखित तालिकामा रहेका मूख्य नतिजामूलक दृष्टिकोणबाट हेर्दा यस नीतिले फोहोरमैला प्रशोधन तथा जैविक उत्पादन र हरित रोजगारी सृजनाका लागि प्रोत्साहन गर्ने सक्ने देखिन्छ । त्यस्तै वातावरणीय पर्यटन विकासका माध्यमबाट पर्यटन प्रवर्द्धन गरी सोबाट पर्यटन क्षेत्रमा रोजगारी सृजना हुने देखिन्छ । यद्यपि यस नीतिको कार्यान्वयनबाट कति/कुन स्तरको रोजगारी सृजना हुन्छ भन्ने परिमाणात्मक लक्ष्य निर्धारण गरेको देखिदैन ।

यस नीतिमा नतिजा हाँसिल गर्नका लागि वातावरणीय विषयको मूलप्रवाहीकरण, राष्ट्रिय, प्रदेश तथा स्थानीय तहमा समन्वय, अनुगमन र मूल्यांकनका लागि संस्थागत संरचना स्थापना गर्ने र नीति कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहमा समन्वयात्मक सम्बन्ध स्थापित गर्ने जस्ता व्यवस्थाहरू गरेको छ । यसले कार्यान्वयन तहसम्म संरचनात्मक सम्बन्ध स्थापनामा जोड दिएको छ । यस्ता व्यवस्थाहरू यस नीतिका सबल पक्षहरू हुन् ।

यस नीतिमा स्थापित गरिएका वन व्यवस्थापन प्रणालीलाई उद्योगमैत्री बनाउने, जनसहभागिता, सहकार्य र साझेदारीमा अभिवृद्धि गर्ने, अनुसन्धान र प्रविधि विकास, व्यवसायिक र वित्तीय प्रोत्साहन, संस्थागत सहयोग, समन्वय, अनुगमन र मूल्यांकन गर्ने कुरा अत्यन्त महत्वपूर्ण छन् । यद्यपि रोजगारी सृजनाका लागि यस नीतिले परिमाणात्मक लक्ष्य स्पष्टसँग निर्धारण गर्न नसकेको र रोजगारी सृजनालाई नीतिमा मूलप्रवाहीकरण गर्न सकिएको छैन् । वातावरण संरक्षण तथा प्रवर्द्धन गर्दै रोजगारी सृजनामा निर्दिष्ट लक्ष्य र मार्गनिर्देश हुन सकेमा यस नीतिले रोजगारी सृजनामा गरेको योगदान र त्यसको विश्लेषण गर्न सहज हुने थियो । तसर्थ आगामी दिनमा नीति निर्माण गर्दा रोजगारीका क्षेत्र र तिनको परिमाणात्मक लक्ष्यहरू स्पष्टसँग किटान हुन सकेमा रोजगारी राष्ट्रिय स्तरमा रोजगारीका अवसरहरूको आँकलन गर्न सहज हुने देखिन्छ ।

ख. रोजगारसम्बध्द नीतिगत व्यवस्थाको कार्यान्वयनको समीक्षा

१. राष्ट्रिय नीतिहरू तर्जुमाका पक्ष र रोजगारी सम्बन्धी विषयहरू

सार्वजनिक समस्याहरूको पहिचान गरी तिनको समाधान गर्ने विभिन्न विकल्पहरूको लेखाजोखा गर्दै निश्चित विकल्पको छनौट गरेर त्यसको उद्घोष वा घोषणा गरिसके पछि सार्वजनिक नीतिको तर्जुमा भएको हुन्छ। हाम्रा क्षेत्रगत/विषयगत नीतिहरूको अध्ययन गर्दा यी नीतिहरू तर्जुमाका मूलभूत मान्यताका चरणहरू पर नगरिकन तर्जुमा भएका देखिन्छन् । यिनिहरू एक्लै उभिने अवधारणा (Stand alone or Silo Approach) भन्दा बाहिर आएर नीतिका अग्र र पृष्ठ सम्वन्धहरू (Forward and Backward Linkages) लाई समेट्न सकेको नै पाइँदैन । यसैगरी प्रत्येक विषयगतवा क्षेत्रगत नीतिमा उत्तिकै महत्त्वका साथ् समाविष्ट गरिनु पर्ने अन्तरसम्बन्धित विषयहरू (Cross-cutting Issues) लाई समावेश गर्न सकेको पनि देखिएको छैन । सम्बन्धित नीतिको सफल कार्यान्वयन पछि मुलुकको अर्थतन्त्रमा आउनु पर्ने परिवर्तन, लैंगिक सवाल वा समवेशितामा ल्याउने सकारात्मकता, रोजगारीमा दिने योगदान जस्ता पक्षलाई सूक्ष्म दृष्टिबाट विश्लेषण गरी यसका लक्ष्य, सूचक नै नीतिमा समावेश गरिएको पाईएको छैन ।जसले गर्दा नीतिको कार्यान्वयनमा जानु अघि नै यी विषयहरू हराउने हुन्छन, उद्देश्य एकातर्फी हुन पुग्दछन् तथा अन्तर-सम्बन्धित क्षेत्र र विषयहरूलाई समेटेर लैजान सकिदैन । फलस्वरूप अन्तर-सम्बन्धित विषयहरूको उद्देश्य निर्धारणमा कुनै स्थान रहँदैन, प्राथमिकता निर्धारण, साधन स्रोतको अनुमान र संस्थागत-कानूनी तयारी तथा कार्यान्वयनको समष्टिगत प्रारूपलाई नै अपूर्ण बनाउन पुग्दछ ।

तर्जुमा जस्तो नीतिको इन्जिनियरिंग पक्षमा नै अन्तरसम्बन्धित विषयहरूलई उचित र उपयूक्त प्राथमिकता र स्थान दिन नसक्दा नीतिले लक्ष्य हासिल गर्दा पनि नीतिसंग अन्तर-सम्बन्ध राख्ने विषयको लक्ष्य हासिल हुन नसक्ने मात्र होइन, नीति मूल्यांकन (Policy Evaluation) मा त्यस्ता विषयहरू प्रतिविम्बित नै हुन सक्दैनन् । यस अध्ययनमा समावेश गरिएका क्षेत्रगत/विषयगत नीतिहरूले रोजगारसम्बध्द विषयहरूलाई आन्तरिकीकरण (Internalization) गर्न नसकेको पक्ष यस अगाडी गरिएको समीक्षामा प्रस्तुत भएको छ । यसले ती नीतिहरूको मुल्यांकन (Evaluation) मा पनि रोजगारीको वर्तमान अवस्था, सम्बध्द विषयमा परेको प्रभाव, अन्तर-विश्लेषण समेत गर्न कठिन हुने तथ्य उजागर गरेको छ । यस अध्ययनमा समेटिएका नीतिहरूका सम्बन्धमा नीति कार्यान्वयनको आधिकारिक निकाय/मन्त्रालयहरू/निकायहरूबाट यस सम्बन्धी राखिएको तथ्य-तथ्यांक समेत प्राप्त हुन सकेन । व्यक्तिगत अन्तर्वार्ता र छलफलबाट समेत रोजगारसम्बध्द विषयमा पर्याप्त, तथ्यगत तथा व्यवस्थित जानकारी प्राप्त भएन ।

सम्बन्धित नीति (क्षेत्रगत/विषयगत) मा कहीं-कतै रोजगार सम्बध्द विषयलाई मुख्य नतिजाका क्षेत्रको रूपमा अप्रत्यक्ष रूपमा उल्लेख गरिएकोमा समेत परिमाणात्मक लक्ष्य निर्धारण नगरेको

मात्र होइन, उल्लेख समेत गरिएको छैन, रोजगारीको लक्ष्य प्रक्षेपण त टाढाको विषय भयो । अध्ययन गरिएका नीतिहरू सम्बन्धित नीतिको प्रक्रियामा संलग्न रहने निकायहरूकोसकृयता र आवश्यकतामा तयार भएका पाइएका छन्, अन्तर-सम्बन्धित विषयसंग सम्बन्धित निकायहरू बीच सहभागिता र समन्वयको अभाव स्पष्ट, अध्ययनमा समेटिएका नीतिहरूमा रोजगार सम्बध्द विषयको मूलप्रवाहीकरण हुन नसकेको र यो विषयले प्राथमिकताका साथ स्थान पाउन नसकेको देखियो।

अध्ययन गरिएका नीतिहरू तर्जुमामा देहायका कमी-कमजोरी देखिए:-

(१) उद्देश्य निर्धारण, प्राथमिकता निर्धारण, साधन-स्रोतको अनुमान र संस्थागत बन्दोबस्त तथा कार्यान्वयनको समष्टिगत प्रारूप तयार गर्दा नै रोजगरीसम्बध्द विषय छुटेको वा प्राथमिकता नपाएको।

(२) सम्बन्धित नीतिहरूमा अन्तरसम्बन्धित विषयहरू (Cross-cutting Issues) खासगरी रोजगारी सृजना जस्ता विषयहरू नपरेका र नीतिहरू एक्लै उभिने अवधारणा (Stand alone or Silo Approach) मा आधारित भएका।

(३) सम्बन्धितक्षेत्रगत/विषयगत नीति कार्यान्वयनको अग्र र पृष्ठ सम्बन्ध (Forward and Backward Linkages) र त्यसले ती क्षेत्रमा पर्ने सकारात्मक प्रभावको आंकलन वा लेखाजोखा नै नगरिएको।

(४) सम्बन्धितक्षेत्रगत/विषयगत नीतिले रोजगारीसम्बध्द विषयलाई आन्तरिकीकरण (Internalization) गर्न नसकेको, नीतिमा विषयको आन्तरिकीकरण नभएपछि त्यसका वान्छित वा अवान्छित प्रभावहरू मूल्यांकन वा आंकलन गर्ने अवस्था नरहेको ।

(५) रोजगारसम्बन्धी नीतिको तर्जुमाका चरणमा नै नीतिको कार्यान्वयनका लागि प्रतिवद्ध लगानी योजनाको विषय र कार्यान्वयनको तत्परताका लागि कार्ययोजना, संस्थागत पद्धति निर्माण गर्ने विषयमा ध्यान पुगेको देखिएन ।

(६) सम्बन्धित क्षेत्रगत/विषयगत नीतिको तर्जुमा गर्दा रोजगारसम्बध्द विषय सरोकारवाला/जिम्मेवार मन्त्रालय वा निकायको संलग्नता र सहभागिता भएको नपाइनुका साथै सम्बन्धित विषय हेर्ने निकायले समेत चासो राखेको पाइएन ।

२. समीक्षाका मान्यता र आधारहरू

नीतिको प्रभावकारी कार्यान्वयन भनेको कार्यान्वयनमा सक्षमता हासिल गरी नतिजा हासिल गर्नु नै हो । यसका लागि विभिन्न दृष्टिकोण अवलम्वन गरिनु पर्ने हुन्छ । यिनमा खासगरी नीति कार्यान्वयनका लागि रणनीति निर्माण र नतिजामूलक कार्यढांचा सहितको कार्ययोजना निर्माण गर्ने, नीतिका रोजगारीको विषयलाई मूलप्रवाहीकरण गर्ने, कार्यान्वयनका लागि संस्थागत क्षमता

विकास गर्ने, विभिन्न सरोकारवाला बीच सहकार्य र साझेदारीको निर्माण गर्ने र स्थानीयकरण गरी स्थानीयस्तरमा कार्यान्वयनको जिम्मेवारीसहित निरन्तरताको सुनिश्चितता कायम गर्नु हो । नीतिमा उल्लिखित रोजगारीसम्वद्ध प्रावधानको प्रभावकारी कार्यान्वयनको आवश्यक शर्तका रुपमा देहायका पक्षको अपरिहार्यता रहन्छः

(१) नीति कार्यान्वयनका लागि सवल वातावरणको निर्माणका लागि राजनीतिक नेतृत्वको प्रतिवद्धता र समर्थन, नीतिमा उल्लिखित विषयमा सूचना, शिक्षा र संचारका माध्यमबाट अधिवाचन र पैरवी, सरोकारवालाको सकारात्मक पृष्ठपोषण, आदि पर्दछन् ।

(२) नीति कार्यान्वयनको दोस्रो आवश्यक तत्वका रुपमा सक्षम कार्यान्वयन व्यवस्था पर्दछ जसमा नीति कार्यान्वयनका लागि सवल, अधिकारसम्पन्न र कार्यसम्पादन गर्न सक्षम संस्थागत व्यवस्था, नीति कार्यान्वयनका लागि उपयुक्त र पर्याप्त कानुनी संयन्त्र, पर्याप्त कार्यक्रम र बजेट र सोको कार्यान्वयन व्यवस्था, कार्यसम्पादन व्यवस्थापन प्रणाली र नतिजाप्रतिको जवाफदेहिता पद्धति, सक्षम जनशक्ति, व्यवस्थापन सूचना प्रणाली, समन्वय व्यवस्था, आदि पर्दछन् ।

(३) त्यसैगरी नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवधिक रुपमा प्रभावकारी अनुगमन र समीक्षा तथा सोका आधारमा पहिचान गरिएका समस्याको समाधान गर्ने र निरन्तर रुपमा सुधार गर्दै जाने सक्षमता पर्दछन् ।

(४) नीति कार्यान्वयनमा विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्र एवं समुदायका विभिन्न सरोकारवाला बीच अर्थपूर्ण सहभागिताका लागि सहकार्य र साझेदारी महत्वपूर्ण आवश्यकताका रुपमा रहन्छ ।

(५) नीतिको कार्यान्वयनमा संलग्न व्यक्ति तथा संस्थालाई कार्यसम्पादन नतिजाका आधारमा मौद्रिक तथा गैर-मौद्रिक प्रोत्साहनको विधि अवलम्वन गरी उपलब्धि उन्मुख उत्प्रेरणा प्रणालीको अपरिहार्यता रहन्छ ।

अध्ययनका क्रममा समेटिएका सम्बन्धित क्षेत्रगत/विषयगत नीतिको कार्यान्वयनको सांगोपांगो मूल्यांकनको पाटो यस अध्ययनमा समावेश नभएको र ती नीतिहरूको रोजगारसम्बध्द विषयहरू मात्र समाविष्ट गरिएकोले समग्रतामा समीक्षा गर्न आवश्यक पर्ने तथ्य-तथ्यांक, सूचना र दस्तावेजहरू पनि प्राप्त हुन सकेनन् । अध्ययनमा समेटिएका नीतिहरूमा रोजगारसम्बध्द रहेका विषयहरू कार्यान्वयनका लागि सबल वातावरण निर्माणको पक्ष कमजोर रहेको छ । नीतिको कार्यान्वयनबाट रोजगारीमा सकारात्मक परिवर्तन आउने पक्षलाई संचार गर्न मात्र सकेको अवस्था पनि देख्न सकिएन । रोजगारी सृजनाका पक्षमा सक्षम कार्यान्वयन व्यवस्था हुन सकेन, प्रष्ट रोजगारी लक्ष्य निर्धारण नभएकोले त्यसको कार्यान्वयन, अनुगमनर मूल्यांकनमा रोजगारी सम्बन्धी विषय छायाँमा परेको अवस्था छ ।

कतै नीतिले लिएको सोच, लक्ष्य, र उद्देश्य प्राप्त हुँदा रोजगारी वा स्वरोजगारी स्वत: बढ्ने (Tricle-down) मान्यता मात्र अवलम्बन गरिएको त होइन? भन्ने देखिन्छ । आर्थिक गतिविधिको विस्तार वा सम्बध्द नीतिको सफल कार्यान्वयनले रोजगारीमा सकारात्मक प्रभाव त पार्न सक्ला र वान्छित रोजगारी विस्तारको लागि सबल नीतिगत व्यवस्था, त्यसको सवल र सक्षम कार्यान्वयन व्यवस्था आवश्यक पर्छ त्यस्तो हुन सकेको पाइएको छैन । नीति कार्यान्वयनमा विभिन्न सरोकारवाला बीच अर्थपूर्ण सहभागिता र सहकार्य भएको अवस्था पनि देख्न सकिएन । नीति कार्यान्वयन गर्दा यसको लागि आवश्यक प्रोत्साहन प्रणालीको व्यवस्था समेत गरेको पाइएन । अध्ययन गरिएका नीतिहरूमा रोजगारीका विषय आन्तारिकीकरण नगरिएकोले नीतिको प्रभाव मुल्यांकनसंगै रोजगारीका विषयको मूल्यांकन गर्न कठिन भएको छ ।

३. नीति कार्यान्वयनमा देखिएका मुख्य कमजोरीहरू

क्षेत्रगत/विषयगत नीतिहरूमा रोजगारी रोजगारसम्वद्ध विषयहरूलाई मूलप्रवाहीकरण नै नगरिएका कारणले सोको कार्यान्वयनमा पनि प्रभावकारिता आउन सक्ने अवस्था नै भएन, हुदैन । रोजगारीको विषयलाई तोकिएका नीतिहरूले आवश्यक कार्यान्वयनमा लैजाँदा देहायको दृष्टिकोणको अभाव देखियो ।

(क) रोजगारी सृजनाका लागि नीतिगत प्राथमिकता र प्रतिवद्ध एवम् पर्याप्त लगानी,

(ख) रोजगारीका लागि मानव पूँजी र उद्यमशील संस्कारको विकासका लागि रोजगारमूलक शिक्षा र तालिम, उद्यमशीलता तथा सीप अभिवृद्धि,

(ग) रोजगारी सृजनालाई सवल र अनुकूल तुल्याउन व्यवसाय सन्चालन र नवप्रवर्तनी उत्पादनका क्रियाकलापका लागि सहजीकरण, सहयोग र वित्तीय प्रोत्साहन,

(घ) रोजगारी सृजनाका लागि सक्षम र जवाफदेही संस्थागत व्यवस्था,

(ङ) रोजगारमैत्री लगानी र रोजगारी सृजनाका लागि सहकार्य र साझेदारीको दृष्टिकोण,

(च) रोजगारी सृजना र प्रवर्द्धनका लागि श्रमबजार सूचना व्यवस्थापन,

(छ) श्रममैत्री प्रविधिको उपयोगको दृष्टिकोण,

(ज) उत्पादनशील कामको संस्कारको विकास,

(झ) दक्षतामा आधारित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पूँजीको परिचालन गरी उत्पादनशील रोजगारीको दायरा वृद्धि ।

४. नीतिमा रोजगारीसम्बन्धी विषयको अनुगमन, मुल्यांकन र पृष्ठपोषण

नीतिको प्रभावकारी र नतिजामूलक कार्यान्वयनका लागि अनुगमन, मुल्यांकन र पृष्ठपोषण अत्यन्त महत्वपुर्ण कार्यक्षेत्र हो । नीतिमा घोषणा गरिएको रोजगारी सम्बन्धी विषयलाई कसरी कार्यान्वयन गरिएको छ? निरन्तर रूपमा अवलोकन, निरीक्षण, सुपरिवेक्षण गरी पृष्ठपोषण दिने र प्राप्त पृष्ठपोषणको आधारमा निरन्तर सुधार गर्न जरूरी हुन्छ । अनुगमन गर्न स्थापित पद्दतिकोविकासको लागि जिम्मेवार संयन्त्र र सूचकाँकको निर्धारण, निरीक्षण, सुपरिवेक्षण र निर्देशनको लागि संस्थागत र प्रक्रियागत व्यवस्था, नीति कार्यान्वयनमा समस्या देखिएमा समस्या समाधान संयन्त्र विकासका साथै नीतिको लक्ष्य प्राप्तिमा गुणात्मकता हासिल गर्ने संयन्त्रको व्यवस्था गर्नु पर्दछ । अध्ययन गरिएका नीतिहरूमा रोजगारी सम्बन्धी विषयहरू सीमान्तिकृत (Manginalized) भएको हुँदा रोजगारीका विषयहरू र सो सम्बध्द लक्ष्यको अनुगमन हुने, प्रतिवेदन गर्ने, सुधार गर्ने व्यवस्थाहरू कार्यान्वयन भएको पाइएन ।

नीतिको अन्तरवस्तु, कार्यान्वयन र यसका असरहरूको समग्र अध्ययनबाट नीतिको मूल्यांकन गर्न सकिन्छ । अध्ययन गरिएका नीतिको रोजगार सम्बन्धी लक्ष्यहरू वा नीतिबाट प्राप्त गर्न खोजेको कुरा, लक्ष्य हासिल गर्न तय भएका कार्यक्रमहरू नै प्रष्ट ढंगले नीति प्रस्तावमा उल्लेख भएको नपाइएकोले नीतिको कार्यान्वयनबाट के नतिजा वा उपलब्धी हासिल भयो भन्ने एकिन गर्न सकिने अवस्था भएन । सम्बन्धित विषयगत क्षेत्रमा आएको परिवर्तन नीति कार्यान्वयन कै कारणले आएको हो वा अन्य बाह्य कारणहरू (Externalities) बाट आएको हो एकिन गर्ने अवस्था छैन । अध्ययन गरिएका नीतिहरूमा रोजगारसम्बध्द पक्षको मूल्यांकन चारवटै दृष्टिकोण–*नीतिको कार्यान्वयन सम्भाव्यताको मूल्यांकन (Implementability), नीतिको कार्यसम्पादनको मूल्यांकन(Performance), नीतिको प्रभावकारिता मूल्यांकन (Effectiveness)* र *नीतिको रणनीतिक मूल्यांकन (Strategic Evaluation)*—बाट गर्ने गरिएको पाइएन । तसर्थ नीतिको कार्यान्वयनको प्रभावकारी अनुगमन र मूल्यांकन हुन नसकेको वा गर्ने नगरिएको निष्कर्षमा पुगिएको छ।

अध्ययनमा समेटिएको राष्ट्रिय रोजगार नीति, २०७१ र बिषयगत/क्षेत्रगत नीतिहरूको रोजगारसम्बध्द पक्षको कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका कामहरू हुन नसकेबाट नीति सफलताको लागि पृष्ठपोषण प्राप्त हुने र पृष्ठपोषणको आधारमा सुधार र समायोजन गर्दै अगाडी बढ्ने कामहरू शुन्यप्राय: देखिएको छ ।

५. कार्यान्वयन र उपलब्धिको लेखाजोखा

माथि उल्लिखित नीतिको प्रभावकारी कार्यान्वयनका दृष्टिकोण र आवश्यक शर्तका आधारमा रोजगारसम्वद्ध विभिन्न नीतिमा उल्लिखित रोजगारी सृजनाका लागि गरिएको व्यवस्थाको कार्यान्वयन स्थितिको लेखाजोखाको नतिजा देहाय बमोजिम रहेका छन्:

तालिका१६: रोजगारी सृजनाका लागि गरिएको नीतिगत व्यवस्था कार्यान्वयन स्थितिको लेखाजोखा

क्र.सं.	नीतिमा उल्लिखित रोजगारीसम्वद्ध नतिजामूलक सूचक	नीति कार्यान्वयन र सोको उपलब्धिको अवस्था					
		नीति कार्यान्वयनको सवल वातावरण	सक्षम कार्यान्वयन व्यवस्था	प्रभावकारी अनुगमन र मूल्यांकन	सहकार्य र साझेदारी	प्रोत्साहन	रोजगारीको सृजना कति भयो?
१. राष्ट्रिय रोजगार नीति, २०७१							
१	अनौपचारिक रोजगार पद्धतिलाई औपचारिक पद्धतिमा रुपान्तरण गर्ने र रोजगारीको गुणस्तरमा सुधार ल्याउने	प्राथमिकता र मूलप्रवाहीकरणको कमजोर स्थिति	प्रतिवद्ध र जवाफदेही संगठनको अभाव, कानुनी अपर्याप्तता जवाफदेहिताको अभाव, रोजगारी सृजनाको गहनताका	कमजोर अनुगमन समस्या समाधानको कमजोर क्षमता नीतिगत स्पष्टता भएको तर कार्यान्वयनमा जटीलता रहेको	नीतिगत स्पष्टता भएको तर कार्यान्वयनमा जटीलता रहेको	भरपर्दो, व्यवस्थित र विश्वसनीय नभएको	रोजगार सूचना प्रणाली क्रियाशील नभएको आधाररेखा तथ्यांक नरहेको
३	आप्रवासी र प्रवासी कामदारको उपयुक्त व्यवस्थापन गर्ने						

४	युवालाित रोजगारीका अवसर सृजना गर्न प्राथमिकता दिने		आधारमा कार्यक्रम र बजेट अपर्याप्त				
५	श्रमबजारलाई सूचना प्रणालीको माध्यमबाट सवल बनाउने						
६	सुमधुर औद्योगिक सम्बन्धका माध्यमबाट रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्ने						
२. वैदेशिक रोजगार नीति, २०६८							
१	अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारीका अवसरको पहिचान र प्रवर्द्धन गर्ने ।	रोजगारी सृजनालाई मूल प्राथमिकता	संस्थागत, कानूनी र कार्यक्रमिक उपकरण र उपायहरूमा समन्वय गरी नीतिको लक्ष्य	नियमित, वैज्ञानिक र सूचकमा आधारित अनुगमन पद्दति नरहेको, अप्रभावकारी संयन्त्र, मूल्यांकनको समय	नीतिमा व्यवस्था भएको तर स्पष्ट खाका नरहेको	सबै सरोकारवाला नसमेटिएको	तथ्यांक व्यवस्थापन, आधारमानको स्पष्टता नरहेको
२	वैदेशिक रोजगारीलाई प्रतिस्पर्धात्मक						

	बनाउनका लागि सीपयुक्त जनशक्तिको विकास र लाभयुक्त रोजगारी वृद्धि गर्ने ।		हासिल गर्ने स्पष्टता नरहेको	र पद्तिमा स्पष्टता नरहेको			
३	वैदेशिक रोजगारीलाई मर्यादित र सुरीात बनाउने						
४	वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई व्यावसायिक रोजगारीमा संलग्न गराउने ।						
३. औद्योगिक नीति, २०६७							
२.	औद्योगिक सीपयुक्त जनशक्ति विकास	रोजगारी सृजना मुख्य प्रथामकिता नभएको,	रोजगारी सृजना मुख्य प्राथमिकता नभएको,	कमजोर अनुगमन समस्या समाधानको कमजोर क्षमता	नीतिगत स्पष्टता भएको तर कार्यान्वयनमा जटीलता रहेको	भरपर्दो, व्यवस्थित र विश्वसनीय नभएको	रोजगार सूचना प्रणाली क्रियाशील नभएको आधाररेखा (Baseline)
२	उद्यमशीलता प्रवर्द्धन र व्यवसाय						

	विकासका माध्यमबाट रोजगारी						तथ्यांक नरहेको
३	लघुउद्यम, घरेलु तथा साना उद्योगको विकास गरी रोजगारी सृजना						
४	महिला उद्यम को।ाको परिचालन						
५	रोजगारीमूलक उद्योगलाई प्राथमिकता र प्रोत्साहन						
६	रोजगारी सृजना र उपलब्धताका आधारमा आर्थिक सहुलियतको व्यवस्था						
७	विशेष आर्थिक क्षेत्रको विकास र औद्योगिक						

	उत्पादन क्षमता वृद्धिको माध्यमबाट रोजगारी सृजना						
४. राष्ट्रिय कृषि नीति २०६१							
१	कृषिको व्यवसायीकरण र विविधीकरणमा जोड दिँदै उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गरी आयआर्जन र रोजगारी बढाउने।	कृषि उत्पादकत्व केन्द्रित, बृहत उत्पादन लक्षित क्षेत्र विकास, सहकारी परिचालन गरी सबल वातावरण निर्माण गर्ने आकांक्षा राखिएको	मूलत: स्वरोजगारी, उद्यमशीलता, व्यवसायिक कृषिका लागि कार्यक्रम र स्रोत परिचालनको व्यवस्था	तल्लो तहसम्म जोडिएको अनुगमन संयत्र र सहभागितात्मक पद्दति राखिए पनि रोजगार लक्षित अनुगमन स्पस्ट नरहेको, मूल्यांकनको व्यवस्था उल्लेख नरहेको	बहुपक्षीय सहकार्य र साझेदारीको अवलम्वन, रोजगारीमा यसको उपादेयता र प्रभाव नखुलेको	लक्षित वर्गका लागि विशेष व्यवस्था, कार्यक्रम र बिमा लगायत वित्तीय प्रोत्साहनको व्यवस्था, यसबाट खासगरी स्वरोजगारी प्रोत्साहित हुने	स्पस्ट संयन्त्र, तथ्यांक स्रोत वा उपाय उल्लेख नरहेको
२	कृषि प्रणालीको व्यवसायीकता तथा प्रतिस्पर्धात्मकता विकास गरी विश्व वजारमा प्रतिस्पर्धी बनाउने।						
५. सूचना तथा संचार प्रविधि नीति, २०७२							

१	सूचना तथा संचार प्रविधिको पहुँच बढाउदै दिगो, फराकिलो र समावेशी आर्थिक विकास गर्ने।	रोजगार केन्द्रित वा लक्षित व्यवस्था नरहेको	स्पस्ट कार्यक्रम, बजेट वा कानूनी उपाय उल्लेख नभएको	रोजगारी सूचक समेटिएको अनुगमन पद्दति नरहेको	रोजगारीसँग जोडेर साझेदारी वा सहकार्य गर्ने उपाय उल्लेख नभएको	सूचना तथा संचार प्रविधिको पहुँच बढाउन आर्थिक, कानूनी र विकासात्मक प्रोत्साहन मात्र उल्लेख रहेको	रोजगारीको तथ्यांक प्राप्ति र व्यवस्थापनको संयन्त्र वा उपाय स्पस्ट नरहेको
२	सूचना तथा संचार प्रविधि मार्फत मानव संसाधन विकासका अवसरहरु सृजना गर्न।						
६. पर्यटन नीति २०६५							
१	पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकका लागि स्वरोजगारका अवसर सृजनागर्ने।	खासगरी स्वरोजगारी लक्षित व्यवस्थाहरू र प्राथमिकता रहेको	ग्रामीण पर्यटन, पर्या पर्यटन प्रवर्द्धन गर्ने र आन्तरिक पर्यटन समेत विकास गर्ने कार्यक्रम समेटिएको निजी र समुदाय क्षेत्रसंग साझेदारी/सहकार्यका लागि कार्यक्रम र स्रोत परिचालन गर्ने	रोजगारी/स्वरोजगारी मापन गर्ने सूचक समेटिएको अनुगमन पद्दति नरहेको	स्वरोजगारी प्रवर्द्धन र रोजगारी सृजनासंग जोडेर साझेदारी वा सहकार्य गर्ने उपाय उल्लेख नभएको	आर्थिक र अन्य प्रोत्साहन गर्दै स्वरोजगारी प्रवर्द्धनमा बढी लक्षित उपाय राखेको	रोजगारीको तथ्यांक प्राप्ति र व्यवस्थापनको संयन्त्र वा उपाय स्पस्ट नरहेको
२	पर्यटन उद्योगको प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख						

	आधारका रूपमा विकास गर्ने।		व्यवस्था				
७. गरिबी निवारण नीति २०७६							
१	गरिब व्यक्ति तथा परिवारका लागि मुलुकमा उत्पादनशील रोजगारी एवं स्वरोजगारी सृजना गर्ने	रोजगारी/स्वरोजगारी नै गरिबी निवारणको प्रमुख उपाय रहने मान्यता बलियो रहेकोले प्राथमिकताका साथ् हेरिएको	रणनीतिक उपायहरू, कार्यक्रमहरू र जिम्मेवारी सहितकोसंघ, प्रदेश र स्थानीय तहको भूमिका र समन्वयकारी निकाय रहेको	नतिजामूलक सूचक विकास गर्दे बहुपक्षीय अनुगमन गर्ने व्यवस्था रहेको	समुदाय,तहगत सरकार, निजी क्षेत्र, गैर सरकारी क्षेत्र, विकास साझेदारसंग सहकार्य	वित्तीय, कानूनीर संरक्षणात्मक प्रोत्साहनको अवलम्वन	क्षेत्रगत नीतिहरूको कार्यान्वयन बाट पनितथ्यांक प्राप्त गरी समग्रतामा सूचना पद्दति विकास गर्ने
२	उपलब्ध प्राकृतिक स्रोत साधनको उपयोगमा गरिब तथा विपन्न वर्गको न्यायपूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने						
८. सिंचाइ नीति, २०७०							
१	सिंचाइ प्रणालीका माध्यमबाट कृषिक्षेत्रको उत्पादकत्व वृद्धि गर्ने	मूलत: सिचाइ पूर्वाधार विकासमा केन्द्रित, रोजगारी सृजना निर्दिष्ट	Trlckle-down बाट मात्र रोजगारीमा प्रभाव हुने,	रोजगार लक्षित सूचकका आधारमा नियमित अनुगमन गर्ने व्यवस्था	समुदायसंग सहकार्य गर्ने व्यवस्था गरिएपनि	रोजगारीमा योगदान र प्रोत्साहनको सम्वन्ध नरहेको	समग्रतामा सिचाइको प्रलेख तथा सूचना केन्द्र

२	सिंचाइ उपभोक्ताको व्यावसायिक सीप अभिवृद्धि गरी रोजगारी सृजना गर्ने	नरहेको	संस्थागत, कानूनी र कार्यक्रमका उपकरण रोजगारी सृजनामा लक्षित नरहेको	नरहेको, प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी अध्यावधिक गर्ने व्यवस्था रहेको	परिमाणात्मक लक्ष्य नरहेको		व्यवस्था भएपनि रोजगारी लक्षित तथ्यांकको स्पष्टता नरहेको
३	सिंचाइसम्वद्ध महिला कृषकको रोजगारी वृद्धि गर्नका लागि सीप र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने						
९. जलविद्युत विकास नीति, २०५८							
१	जलविद्युत आयोजनामा श्रम र सीपको उपयोग गर्न प्राथमिकता दिने ।	रोजगार प्राथमिकताको विषयका रूपमा लक्षित व्यवस्था नरहेको	Trickle-down बाट मात्र रोजगारीमा प्रभाव हुने, संस्थागत, कानूनी र कार्यक्रमका उपकरण रोजगारी सृजनामा लक्षित नरहेको	रोजगारी सूचक समेटिएको अनुगमन पद्दति नरहेको	रोजगारीसँग जोडेर साझेदारी वा सहकार्य गर्ने उपाय उल्लेख नभएको	रोजगारीको सृजनामा अभिबृध्दि गर्न प्रोत्साहन व्यवस्था नरहेको	रोजगारीको तथ्यांक प्राप्ति र व्यवस्थापनको संयन्त्र वा उपाय स्पस्ट नरहेको
१०. राष्ट्रिय यातायात नीति, २०५८							
१	भरपर्दो र आधुनिक	रोजगार केन्द्रित	स्पस्ट कार्यक्रम,	रोजगारी सूचक	रोजगारीसँग	सूचना तथा	रोजगारीको

	यातायात पूर्वाधार प्रणालीको विकास गरि समग्र आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय आदि क्षेत्रको विकासमा योगदान पुर्याउने	वा लक्षित व्यवस्था नरहेको	बजेट वा कानूनी उपाय उल्लेख नभएको	समेटिएको अनुगमन पद्दति नरहेको	जोडेर साझेदारी वा सहकार्य गर्ने उपाय उल्लेख नभएको	संचार प्रविधिको पहुँच बढाउन आर्थिक, कानूनी र विकासात्मक प्रोत्साहन मात्र उल्लेख रहेको	तथ्यांक प्राप्ति र व्यवस्थापनको संयन्त्र वा उपाय स्पस्ट नरहेको
११.	**राष्ट्रिय वन नीति, २०७५**						
१	वन पैदावारमा आत्मनिर्भर हुँदै मूल्य अभिबृध्दि सहित निर्यात प्रवर्द्धन गर्ने	रोजगारी सृजनामा मध्यमस्तरको प्राथमिकता	निजी र समुदाय क्षेत्रसंग साझेदारी/सहकार्यका लागि कार्यक्रम र स्रोत परिचालन गर्ने व्यवस्था	रोजगारी/स्वरोजगारी मापन गर्ने सूचक समेटिएको अनुगमन पद्दति नरहेको	स्वरोजगारी प्रवर्द्धन र रोजगारी सृजनासंग जोडेर साझेदारी वा सहकार्य गर्ने उपाय उल्लेख नभएको	आर्थिक र अन्य प्रोत्साहन गर्दै स्वरोजगारी प्रवर्दनमा बढी लक्षित उपाय राखेको	रोजगारीको तथ्यांक प्राप्ति र व्यवस्थापनको संयन्त्र वा उपाय स्पस्ट नरहेको
२	वन क्षेत्रबाट रोजगारीका अवसरहरूमा गुणात्मक बृध्दि गर्ने	क्षेत्रगत् हिसाबले पर्यावरणीय सेवाको अवधारणाबाट आर्थिक विकास र व्यवसायिक प्रयोग गर्ने					
३	वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमका रुपमा विकास गर्ने						

४	उद्यममैत्री वन व्यवस्थापन सुदृढ गर्ने	नीतिगत फड्को					
५	वनक्षेत्रको व्यावसायीकरण र उद्यमशीलता विकास गर्ने						
६	वनक्षेत्रको व्यावसायीकरण र उद्यमशीलता विकास गर्ने						
१२.	**वनक्षेत्रको दीर्घकालीन रणनीति**						
१	वनक्षेत्रको विकास तथा सामुदायिक व्यवस्थापनका माध्यमबाट समतामूलक रोजगारी सृजना गर्ने र आयआर्जन र जीवन निर्वाहका अवसर उपलब्ध गराउने	उल्लेख्य प्राथमकिता सहित मूल प्रवाह गर्ने पहल रहेको	निजी र समुदाय क्षेत्रसंग साझेदारी/सहकार्यका लागि कार्यक्रम र स्रोत परिचालन को रणनीति आगाडी सारिएको	स्पष्ट र परिमाणात्मक सूचक सहित रोजगारी/स्वरोजगारी मापन पद्दति नरहेको	रोजगारी प्रवर्द्धनका लागि लक्षित साझेदारी वा सहकार्य व्यवस्था नभएको	आर्थिक र अन्य प्रोत्साहन गर्दै स्वरोजगारी प्रवर्दनमा बढी लक्षित उपाय राखेको	रोजगारीको तथ्यांक प्राप्ति र व्यवस्थापनको संयन्त्र वा उपाय स्पस्ट नरहेको
२	वनक्षेत्रमा						

	पूर्णकालिक रोजगारी सृजना गर्ने						
३	वनक्षेत्रको आर्थिक आधार चौडा बनाउने						
४	सामुदायिक वनको व्यवसायीकरण गरी लगानी, आयआर्जनका क्षेत्र विस्तार गर्ने						
१३.	**राष्ट्रिय वातावरण नीति, २०७६**						
१	फोहोरमैला प्रशोधनबाट जैविक उर्जा उत्पादन गर्न र हरित रोजगारीका लागि प्रोत्साहन दिने	रोजगार केन्द्रित वा लक्षित व्यवस्था नरहेको	स्पस्ट कार्यक्रम, बजेट वा कानूनी उपाय उल्लेख नभएको	रोजगारी सूचक समेटिएको अनुगमन पद्दति नरहेको	रोजगारीसँग जोडेर साझेदारी वा सहकार्य गर्ने उपाय उल्लेख नभएको	नीतिगत वा कार्यक्रमिक स्पष्टता नरहेको	सूचना प्रणालीको व्यवस्था नरहेको
२	वातावरणीय पर्यटनको प्रवर्द्धन गरी पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन गर्ने						
१४.	**जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१**						
१	जडीबुटीको	स्वरोजगार	स्पस्ट कार्यक्रम,	रोजगारी सूचक	रोजगारीसँग	आर्थिक,	रोजगारीको

	व्यावसायिक खेती गर्न उद्यमशीलता प्रवर्द्धन, सीप विकास, सहयोग र प्रोत्साहन दिने	केन्द्रित वा लक्षित व्यवस्था मात्ररहेको	बजेट वा कानूनी उपाय उल्लेख नभएको	समेटिएको अनुगमन पद्दति नरहेको	जोडेर साझेदारी वा सहकार्य गर्ने उल्लेख नभएको	प्राविधिक र विकासात्मक प्रोत्साहन खासगरी स्वरोजगारी प्रवर्द्धनमा लक्षित	तथ्यांक प्राप्ति र व्यवस्थापनको संयन्त्र वा उपाय स्पस्ट नरहेको
२	जडीबुटी एवं गैरकाष्ठ वनको व्यावसायिक उपयोग गरी रोजगारी सृजना गर्ने						
३	जडीबुटी एवं गैरका।ठ वनपैदावारमा आधारित उद्योग र प्रशोधन केन्द्रको स्थापना गर्न कार्यक्रम सन्चालन गर्ने						
४	जडीबुटी एवं गैरकाष्ठ वन पैदावारमा आधारित आधुनिक र ठूला उद्योगको स्थापना र						

	सञ्चालनमा वैदेशिक लगानीलाई प्रोत्साहन दिने ।						
५	जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको उत्पादकत्व वृद्धिका लागि प्रविधिको विकास गर्ने						

यसरी यस परिच्छेदमा उल्लिखित नीतिहरूमा रोजगारी सृजनाका लागि गरिएको नीतिगत व्यवस्था कार्यान्वयन स्थितिको लेखाजोखाबाट देहायका वास्तविकता उजागर भएका छन् ।

(१) क्षेत्रगत/विषयगत नीतिहरूमा रोजगारी सृजना, व्यवस्थापन र कार्यान्वयनको विषयलाईपर्याप्त रूपमा समावेश / मूलप्रवाहीकरण नगरिएकाले नीति कार्यान्वयनका लागि नतिजामूलक सूचकहरू तयार भएको पाइएन ।

(२) नीतिमा विषयलाई प्राथमिकता दिने र मूलप्रवाहीकरणको कमजोर स्थिति देखिएकोले नीतिको सम्बध्द रोजगारीसम्बन्धी विषयको कार्यान्वयनमा सवल वातावरण बन्न नसकेको यथार्थता छर्लङ्ग देखिन्छ।

(३) अध्ययन गरिएका नीतिमा भएको रोजगारीसम्बन्धी व्यवस्थाको कार्यान्वयन भए-नभएको सम्बन्धमा हेर्दा प्रतिवद्ध र जवाफदेही, सक्षम संगठनको अभाव, कानूनीअपर्याप्तता, विषयको गहनताको आधारमा कार्यक्रम र बजेट व्यवस्था समेत हुन सकेको देखिएन ।

(४) नीतिमा समावेश भएको रोजगारसम्बन्धी व्यवस्थाको कार्यान्वयनको अनुगमन र मूल्यांकनको अवस्था पनि सून्यप्राय: देखिन्छ। कार्यक्रमको प्रभावकारिता, दक्षता, समानता, पर्याप्तता, उपयूक्तता र जवाफदेहिताका आधारमा मूल्यांकन कहीं कतै हुने गरेको पाइएन । यसले नीतिको परिपालनको स्तर र अवस्था पनि सन्तोषजनक पाउन सकिएन ।

(५) नीतिको रोजगारसम्बन्धी व्यवस्थाहरूको कार्यान्वयनको लागि सहकार्य र साझेदारीको अवस्था पनि कमजोर पाइन्छ भने नीति कार्यान्वयनमा प्रोत्साहन प्रणाली पनि रहेको छैन । रोजगार सूचना प्रणाली स्थापित गर्न नसकिएको कारणले नीतिको कार्यान्वयनको कारणले के-कति रोजगारी सृजना भयो भन्न सकिने स्थिति रहेन ।

(६) रोजगारीको विषयलाई प्राथमिकता अनुसार रोजगारी सृजनाको परिमाणात्मकताका आधारमा सबै सम्भाव्य क्षेत्रमा प्रतिवद्ध लगानीको अवस्था कमजोर देखिएको छ ।

(७) रोजगारीको सृजना, उपयोग र प्रवर्द्धनका लागि नीतिगत समन्वय, सक्षम नेतृत्व लिनसक्ने प्रतिवद्ध र जवाफदेही संगठनको अभाव, रोजगारी सम्बन्धी नीतिको कार्यान्वयनका लागि रोजगारी सृजनाको गहनताका आधारमा पर्याप्त कार्यक्रम र बजेटको उपलव्धतामा समस्या देखिएको छ ।

(८) रोजगारीका लागि आवश्यक पर्ने सीप र दक्षताको विकास तथा उद्यमशीलता प्रवर्द्धनका लागि विभिन्न क्षेत्रगत निकायबाट तालिम सन्चालन गरिए तापनि सीप र दक्षता हासिल गरेका व्यक्तिले के-कति मात्रामा रोजगारी प्राप्त गरे, स्वरोजगारमूलक व्यवसायको अवस्था के-कस्तो रहेको छ, ज्याला रोजगारीमा संलग्नताको अवस्था, श्रमबजारको उपयोग, रोजगारीसम्बन्धी समस्या र

समाधान, आदिका बारेमा प्रभावकारी रुपमा अनुगमन गरी सहजता प्रदान गर्ने पद्धतिको कमजोरी रहेको देखिन्छ।

(९) रोजगारीको विषयलाई पद्धतिगत तुल्याउने रोजगार सूचना प्रणालीको विश्वसनीयता र क्रियाशीलता कमजोर रहेको र रोजगारीसम्बन्धी आधाररेखा तथ्यांकको उपलव्धता र व्यवस्थापनमा समस्या रहेको छ।

(१०) रोजगारीका विषयमा सरकारी क्षेत्र र निजी व्यवसायिक क्षेत्रबीच सहकार्य र साझेदारी गर्ने नीतिगत स्पष्टता भएतापनि यसको कार्यान्वयनमा जटीलता रहेको पाइएको छ। साथै रोजगारी उपलब्धताका आधारमा राज्यबाट दिइने प्रोत्साहन प्रणाली भरपर्दो, व्यवस्थित र विश्वसनीय रहेको देखिएन र रोजगारी सृजनामा यसको उपयोग प्रभावकारी रहेको पाइएन।

परिच्छेद चार: नीतिगत व्यवस्था कार्यान्वनको विश्लेषण र तथ्यांकीय मापन

अध्ययन गरिएका क्षेत्रगत/विषयगत नीतिहरूलेरोजगार सिर्जनागर्ने नीतिगत व्यवस्था र मूख्य नतिजाका क्षेत्र निर्धारण गरेको पाइन्छ तर ती नतिजाका क्षेत्रको परिमाणात्मक लक्ष्य र ती लक्ष्य हासिल गर्न आवश्यक पर्ने संरचनागत व्यवस्थाबीच समन्वयात्मक सम्बन्ध स्थापित हुन नसकेको देखिन्छ । परिमाणात्मक लक्ष्य स्पष्ट किटान नहुँदा रोजगारसम्वद्ध मुख्य नतिजाका क्षेत्र र ती नतिजा हासिल गर्न गरिएका व्यवस्थाहरु आदर्शात्मक देखिने र वस्तुगत रुपमा नतिजामूखी लक्ष्यनहुँदा कार्यान्वयन गर्ने सवालमा अलमल र चुनौतीपूर्ण देखिन्छन् । साथै नियमित रुपमा अनुगमन गर्दै मूल्यांकन गर्ने पद्धति नीतिमा नै व्यवस्था नगरिँदा नीति कार्यान्वयनको पक्ष फितलो हुन पुगेको देखिन्छ । यसै परिप्रेक्ष्यमा अध्ययनका लागि लिईएका नीतिहरूमा रोजगारी सृजनामा व्यवस्था गरिएका प्रावधानहरू, तिनीहरूको कार्यान्वयनको समीक्षात्मक विश्लेषण र रोजगारीमा योगदान गर्न सक्ने क्षेत्रको तथ्यांकीय मापन निम्नानुसार प्रस्तुत गरिएको छ ।

४.१ रोजगारीसम्बन्धी समष्टिगत दिशा

क. नेपाल श्रमशक्ति सर्वेक्षण २०१७।१८ ले गरेको नेपालको रोजगार स्थितिको समीक्षा गर्दै महत्वपूर्ण पक्षमा प्रकाश पारेको छ । यिनमा १५ बर्षको उमेरमाथिका श्रमयोग्य जनसंख्या ७१.५ प्रतिशत रहेको, ७१ लाख व्यक्ति रोजगारीमा संलग्न रहेको र ९ लाखभन्दा बढी व्यक्ति वेरोजगारीको मारमा परेका, कृषिक्षेत्र रोजगारी दिने सबैभन्दा ठूलो क्षेत्रका रुपमा २० प्रतिशतभन्दा बढी अंश ओगटेको, उद्योग व्यापार क्षेत्रमा १७.५ प्रतिशतले रोजगारी प्राप्त गरेका, निर्माण क्षेत्रमा १३.८ प्रतिशतले रोजगारी प्राप्त गरेको, अनौपचारिक क्षेत्रमा ६२.२ प्रतिशत रोजगारी रहेको कुरा उल्लेख गरिएको छ । त्यसैगरी रोजगारीका लागि उद्यमशीलता र औद्योगिक उत्पादन दक्षताको कमी, श्रमशक्तिको उपयोगसम्बन्धी तथ्यांकको अभाव रहेको र २० प्रतिशतमा मात्रै माध्यमिक र सोभन्दा माथिको शिक्षा प्राप्त भएको र श्रम उत्पादकत्वको अवस्था सन्तोषजनक नभएको कुरा प्रष्ट पारेको छ ।

ख. आर्थिक बर्ष २०७५।७६ को आर्थिक सर्वेक्षणले नेपालमा प्रतिबर्ष ५ लाख व्यक्ति श्रमबजारमा प्रवेश गर्ने कारणले गर्दा उत्पादनमूलक रोजगारी सृजनाका माध्यमबाट युवा जनशक्तिको उपयोग गर्नु आर्थिक विकासका दृष्टिले अपरिहार्य रहेको र कृषिमा संलग्न अनुत्पादक जनशक्तिलाई उद्यमशीलता र रोजगारमूलक सीपका आधारमा व्यवसायिकरण गर्दै लैजानुपर्ने र कृषिको व्यवसायीकरणका माध्यमबाट रोजगारी सृजना गर्नु अपरिहार्य भएको तथ्य उजागर गरेको छ ।

ग. नेपालको संविधानले रोजगारीलाई नागरिकको मौलिकहकका रुपमा व्यवस्था गरेको र सोको कार्यान्वयनका लागि रोजगारीको हकसम्बन्धी विशेष कानुन कार्यान्वयनमा ल्याई नागरिकलाई उत्पादनशील रोजगारीमा पहुंचको सुनिश्चितता गरेको छ। पन्ध्रौं योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउनका लागि रोजगारीको अवसर विस्तार गर्ने, असल औद्योगिक श्रम सम्बन्धको विकास गरी निजी व्यवसायिक क्षेत्रको लगानीका लागि वातावरण सृजना गर्ने, वैदेशिक रोजगारीलाई गुणस्तरीय र मर्यादित बनाउने लक्ष्य राखेको छ। अदक्ष कामदारको वैदेशिक रोजगारीमा सहभागिता झण्डै तीन चौथाइ रहेकाले वैदैशिक रोजगारीलाई मर्यादित र सुरक्षित तुल्याउन समस्या देखिएको छ।

घ. पन्ध्रौं योजनाले नेपालको श्रम तथा रोजगार क्षेत्रको मुख्य समस्याका रुपमा श्रम, सीप र उत्पादनबीच तादात्म्यता कायम हुन नसकेको, श्रमप्रतिको सम्मान हुन नसकेको, उद्यमशील संस्कार र क्षमताको विकास हुन नसकेको, स्वरोजगारी र उत्पादनशील रोजगारी सृजना हुन नसकेको, वैदेशिक रोजगारीलाई गुणस्तरीय र पूँजी निर्माणका लागि परिचालन गर्न नसकिएको, रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसकिएको तथा श्रमबजारको उपयोग सक्षम रुपमा गर्न नसकिएको कुरा उल्लेख गरेका छन्।

ङ. कोविड १९ को विश्वव्यापी महासंकटपूर्ण महाव्याधिले नेपालको सेवा क्षेत्र,उद्योग व्यवसाय र वैदेशिक रोजगारीमा सबैभन्दा बढी प्रभाव पारेको छ। यसले गर्दा मुलुकमा नै पर्यटन,साना उद्योग व्यवसाय र सिंचाइ सुविधा तथा उत्पादन वृद्धिको प्रविधि र मानवीय सीप अभिवृद्धि गरी राष्ट्रिय उत्पादनका क्षेत्र विस्तारका आधारमा रोजगारी सृजनालाई व्यापकता प्रदान गर्नुपर्ने देखिएको छ। साथै वैदेशिक रोजगारीलाई दक्षतामा आधारित तुल्याउंदै अदक्ष र अर्धदक्ष सीपयुक्त जनशक्तिलाई दक्ष बनाई गुणस्तरीय बनाउंदै लैजानु पर्ने र वैदेशिक रोजगारी प्रतिको निर्भरता कम गर्दै स्वदेशी रोजगारीमा निर्भरता बढाउंदै जानु पर्ने अपरिहार्यता रहेको छ। आगामी दिनको रोजगारीसम्बन्धी नीतिगत व्यवस्थामा आमूल संरचनागत सुधार गरी स्वदेशी रोजगारीमा निर्भरता बढाउने दिशातर्फ निर्देशित गर्नुपर्ने देखिएको छ।

रोजगारसम्वद्ध नीतिगत व्यवस्थाका आधारमा रोजगारी सृजनाका लागि मुख्य सवल पक्षका रुपमा नेपालका आवधिक योजनाहरुका साथै हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजनाले रोजगारी र आयआर्जनको विषयलाई मुलुकको समृद्धिको आधारका रुपमा स्थापित गरेको छ। त्यसैगरी मुलुकको गरिबी निवारणको मुख्य रणनीति र समष्टीगत आर्थिक नीतिको महत्वपूर्ण पक्ष र प्राथमिकताको क्षेत्रका

रुपमा योजनाले समावेश गरेको छ। नीतिगत व्यवस्थाको अध्ययनका क्रममा मुलुकमा रोजगारी सृजनामा प्रभाव पार्ने मुख्यतया देहायका तत्व निर्धारक रहेको देखिएको छः

क. समष्टीगत आर्थिक नीति तथा क्षेत्रगत नीतिले रोजगारी सृजनामा प्रदान गरेको प्राथमिकताका आधारमा नीतिको रोजगारयोग्यता अनुकूल हुने गरी पर्याप्त र प्रतिवद्ध साधनको लगानी गर्ने क्षमता,

ख. उत्पादनशील क्षेत्रमा रोजगारी सृजनाका लागि लगानी गर्न निजी व्यवसायिक क्षेत्रलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहनको व्यवस्था तथा सुमधुर श्रम सम्बन्ध कायम गर्न सामन्जस्यका साथै त्यस्तो व्यवस्थाको सहज र नतिजामूलक कार्यान्वयन क्षमता,

ग. रोजगारीको विषय सर्वसम्बन्धित र सबै क्षेत्रको जिम्मेवारीको विषय भएकाले मूलप्रवाहीकरण गर्ने पद्धति र क्षमता,

घ. उत्पादनशील रोजगारीको आवश्यकता पूरा गर्ने गरी रोजगारमूलक सीप र दक्षताको विकास, उत्पादकत्व बढाउने गरी सीप अभिवृद्धि, उद्यमशीलता प्रवर्द्धन, व्यवसाय सन्चालन सहयोग सेवा तथा उपलब्ध सीप र दक्षताको उपयोग गर्ने गरी अवसरको वृद्धि,

ङ. रोजगारीको सृजना र उपयोगका लागि श्रमबजारको गतिशील उपयोग र व्यवस्थापन गर्नका लागि सक्षम, जवाफदेही र निजी व्यवसायिक क्षेत्रसंग अर्थपूर्ण रुपमा सहकार्य र साझेदारी गर्न सक्ने संस्थागत व्यवस्था,

च. वैदेशिक रोजगारीबाट भएको आयबाट पूंजीनिर्माण र प्राप्त सीप र दक्षता तथा अनुभवको व्यवसायिक उपयोगका लागि उद्योग व्यवसाय सन्चालन गर्न सहयोग र प्रोत्साहन।

४.२ रोजगारीको सृजना, उपयोग र प्रवर्द्धनका विषयमा सम्भावना र अवसर

क. नेपालको संवैधानिक व्यवस्था र रोजगारीको हकसम्बन्धी ऐनले सबै नागरिकका लागि उत्पादनशील रोजगारीको अवसर प्रदान गर्नेगरी कानुनी रुपमा प्रत्याभूत गरेको हुंदा मुलुकमा पर्याप्त मात्रामा आयमूलक रोजगारीको व्यवस्था सुनिश्चित गर्न राज्यलाई जवाफदेही तुल्याएको छ।

ख. मुलुकको आवधिक योजना, समष्टिगत आर्थिक नीति तथा क्षेत्रगत नीतिहरुले गरिबी निवारण र आर्थिक समृद्धिको मुख्य आधारका रुपमा रोजगारीलाई मान्यता दिएका छन् जसका आधारमा रोजगारी सृजनाको विषय पहिलो प्राथमिकताका रुपमा रहेको छ।

ग. संघीय शासकीय व्यवस्थाले मुलुकको आर्थिक समृद्धिको केन्द्रका रुपमा प्रदेश तथा स्थानीय तहलाई स्थापित गरी अधिकार सम्पन्न र जिम्मेवार बनाइसकेको हुंदा रोजगारीको विषयको स्थानीयकरण गर्ने सम्भावना र अवसर प्रदान गरेको छ।

घ. ठूलो संख्यामा वैदेशिक रोजगारीबाट फर्केका नेपालीको पूंजी र रोजगारसम्वद्ध सीप र कार्य अनुभवको उपयोग गरी पूंजीको परिचालन र रोजगारमूलक व्यवसाय सन्चालन गर्ने अवसर प्राप्त भएको छ।

ङ. निजीक्षेत्रसंग उत्पादनशील क्षेत्रमा लगानीयोग्य पूँजीको पर्याप्तता रहेको सन्दर्भमा श्रम तथा वित्तीय सुशासनका माध्यमबाट रोजगारी सृजना गर्न प्रशस्त सम्भावना रहेको छ।

४.३ रोजगारसम्वद्ध विभिन्न नीतिहरुको अध्ययनबाट देखिएका समस्या र कमजोरीहरू

४.३.१ नीतिको रोजगारयोग्यता (पद्धति निर्माण, आकर्षण, उपयोग र नतिजा हासिल गर्ने सक्षमता) सम्बन्धमा:

क. नीतिगत व्यवस्थाको रोजगारी प्रतिको सम्वेदनशीलता र जवाफदेहिता तथा रोजगारी सृजनाका लागि प्रदान गरेको रणनीतिक तथा वित्तीय प्राथमिकता एवं रोजगारी विषयको मूलप्रवाहीकरणको अवस्था कमजोर रहेको।

ख. नीतिमा रोजगारी सृजनाका लागि सरकारी तथा निजी व्यवसायिक क्षेत्रको प्रतिवद्ध लगानी आकर्षित गर्न सवल वातावरण सृजना गर्ने विषय कमजोर देखिनुका साथै सम्भाव्य क्षेत्रमा रोजगारी सृजनाका लागि उपयुक्त कार्यक्रम र पर्याप्त बजेटको व्यवस्था गरिएको पाइएन।

ग. रोजगारीको सृजना र रोजगारीका अवसर बढाउनका लागि बजारको माग र सम्भाव्यताका आधारमा आवश्यक उद्यमशीलता प्रवर्द्धन र रोजगारमूलक सीपको विकास र अभिवृद्धि (Reskilling and Upskilling) गर्ने क्षमता कमजोर रहेको देखिन्छ।

घ. क्षेत्रगत आधारमा रोजगारी र आयआर्जनका लागि उपलब्ध उद्यमशीलता र सीपको लेखांकनका साथै उपयोग गर्ने क्षमता नरहेको स्थिति छ। साथै सीपयुक्त र उद्यमशीलता भएका व्यक्तिका लागि व्यवसाय सन्चालन र स्वरोजगारीको अवसरमा पहुंचका लागि प्रोत्साहनात्मक सहयोग प्रदान गर्ने सुदृढ र सक्षम पद्धतिको अभाव देखिन्छ पाइन्छ।

ङ. रोजगारीको सृजना तथा रोजगारका लागि उपलब्ध सीप र दक्षताको योजनावद्ध उपयोग गर्ने प्रतिवद्ध, सक्षम र जवाफदेही संस्थागत व्यवस्थाको कमी रहेको पाइयो।

च. रोजगारी सृजना र उपयोगका लागि श्रमको माग र आपूर्तिबीच तादात्म्यता कायम हुनेगरी श्रम बजारको सन्चालन र उपयोग गरिएको देखिएन तथा रोजगार सूचना प्रणालीको उपयोगसमेत भएको देखिन्न । त्यसैगरी रोजगारसम्वद्ध नीतिको कार्यान्वयनमा निजी व्यवसायिक क्षेत्रको सहभागिता र लगानीका सम्बन्धमा कुनैपनि जानकारीमूलक तथ्यांक उपलब्ध हुन सकेन।

छ. रोजगारीको सृजना र प्रवर्द्धनका लागि निजी व्यवसायिक क्षेत्र एवं विभिन्न क्षेत्रगत निकायसंगको सामन्जस्य, सहकार्य र साझेदारीको अवस्था सन्तोषजनक रहेको पाइएन।

ज. समग्रमा रोजगारी सृजनाको विषय मुलुकको आर्थिक समृद्धि र गरिबी निवारणको मूलभूत लक्ष्यसंग आवद्ध गरिएको देखिएतापनि नीतिगत व्यवस्थाको सार्थकता र उपयुक्तताका लागि आवश्यक रोजगारीयोग्यताको स्थिति कमजोर र चुनौतीयुक्त देखिन्छ।

४.३.२ नीतिमा भएकारोजगारी सृजनासम्बन्धी व्यवस्थाको कार्यान्वयनको स्थितिको सम्बन्धमा:

क. रोजगारीको विषयलाई अन्तरसम्बन्धित/सर्वसम्बन्धित विषयका रुपमा लिने गरिएको देखिए तापनि विभिन्न क्षेत्रगत तहमा यसलाई प्राथमिकता दिई सही रुपमा मूलप्रवाहीकृत हुन सकेको छैन। यस अर्थमा रोजगारी सृजना र उपयोगको विषयलाई समन्वयात्मक रुपमा कार्यान्वयनमा लैजानका लागि संघीय छाता नीतिको निर्माण भै प्रदेश तथा स्थानीय तहका लागि मार्गदर्शन बन्न सकेको देखिएन। यस आधारमा रोजगारी सृजनाको विषय ओठेभक्ति (Lip Service) का रुपमा मात्र रहेको देखिन्छ। साथै रोजगारी सृजनाको परिमाणात्मक लक्ष्य निर्धारण गरी सोही आधारमा सबै सम्भाव्य क्षेत्रमा रोजगारी सृजनाका लागि प्रतिवद्ध लगानीको अवस्था समेत कमजोर देखिएको छ।

ख. रोजगारीको सृजना, उपयोग र प्रवर्द्धनका लागि नीतिगत समन्वय, सक्षम नेतृत्व लिनसक्ने प्रतिवद्ध र जवाफदेही संगठनको अभाव, रोजगारीसम्बन्धी नीतिको कार्यान्वयनका लागि रोजगारी सृजनाको गहनताका आधारमा पर्याप्त कार्यक्रम र बजेटको उपलव्धता तथा कार्यान्वयन क्षमतामा कमिकमजोरी देखिएको छ।

ग. रोजगारीका लागि आवश्यक पर्ने सीप र दक्षताको विकास तथा उद्यमशीलता प्रवर्द्धनका लागि विभिन्न क्षेत्रगत निकायबाट तालिम सन्चाल गर्ने गरिएका छन्। यद्यपि त्यसरी प्रदान गरिएका सीप र दक्षता हासिल गरेका व्यक्तिले के-कति मात्रामा रोजगारी प्राप्त गरे, स्वरोजगारमूलक व्यवसायको अवस्था के कस्तो रहेको छ, ज्याला रोजगारीमा संलग्नताको अवस्था, श्रमबजारको उपयोग, रोजगारीसम्बन्धी समस्या र समाधान, आदिका बारेमा प्रभावकारी रुपमा अनुगमन गरी सहजता प्रदान गर्ने पद्धतिको कमजोरी रहेको देखिन्छ। साथै सबै क्षेत्रगत निकाय तथा राष्ट्रिय योजना आयोगबाट सन्चालन गरिने आवधिक तथा बार्षिक समीक्षा रोजगारीसम्बन्धी नीतिको उपलब्धि र प्रभावकारिता भन्दा पनि स्वीकृत कार्यक्रम कार्यान्वयनको भौतिक प्रगतिमा आधारित हुने गरेको देखिन्छ। त्यसैगरी विभिन्न नीति परीक्षणमा रोजगारी सृजनाको विषयले प्राथमिकता पाउन सकेको देखिएन।

घ. रोजगारीको विषयलाई पद्धतिगत क्षमतामा आधारित तुल्याउनका लागि आवश्यक रोजगार सूचना प्रणालीको चर्चा हुने गरेको भएतापनि यसको विश्वसनीयता र क्रियाशीलता एकदमै कमजोर रहेको छ । त्यसैगरी श्रम तथा रोजगार सूचना बैंकको संचालन र उपयोगका साथै विभिन्न सरोकारवाला निकायबीच रोजगार सूचना सन्जालको उपयोग गर्न सकिएको छैन र रोजगारीका माग र आपूर्तिबीच तादात्म्यता कायम हुन नसकी रोजगारी सृजना र उपयोगमा समस्या देखिएको छ । त्यसैगरी रोजगारीसम्बन्धी आधाररेखा तथ्यांकको उपलव्धता र व्यवस्थापनमा समेत समस्या रहेको छ र रोजगारीसम्बन्धी सक्षम प्रलेख स्रोत केन्द्रको समेत अभाव रहेको देखिन्छ ।

ङ. रोजगारीका विषयमा सरकारी क्षेत्र र निजी व्यवसायिक क्षेत्रबीच सहकार्य र साझेदारी गर्ने नीतिगत स्पष्टता भएतापनि यसको कार्यान्वयनमा जटीलता रहेको पाइएको छ । साथै रोजगारी उपलब्धताका आधारमा राज्यबाट निजी व्यवसायिक क्षेत्रका लागि दिइने प्रोत्साहन प्रणाली भरपर्दो, व्यवस्थित र विश्वसनीय रहेको देखिएन जसका कारण रोजगारी सृजना गर्ने वहुपक्षीय प्रयासमा यसको उपयोग प्रभावकारी रहेको पाइएन ।

च. मुलुकको शिक्षा प्रणाली र उत्पादनशील रोजगारीबीच तादात्म्यता कायम गर्ने विषय प्राथमिकतामा परेको देखिन्न । औपचारिक शिक्षा हासिल गर्ने व्यक्तिले उच्च शिक्षा हासिल गर्नु अघि रोजगारमूलक सीप हासिल गरी रोजगारीमा अनिवार्य रुपमा संलग्न हुनुपर्ने व्यवस्था रहेको छैन । कामको सम्मान र उत्पादनशील कामको संस्कृतिसमेत युवावर्गमा नरहेको हुंदा श्रमबजारमा मागपक्ष कमजोर रहेको र आपूर्ति पक्ष जवाफदेही हुनुपर्ने अवस्था रहेन । यसले गर्दा श्रमबजारको गतिशीलता कमजोर हुन गै रोजगारी सृजनामा प्रतिकूलता हुन गएको छ ।

छ. नेपालमा प्रकृतिक वैशिष्ठ्यतामा आधारित पर्यटन उद्योग, कृषिको व्यावसायीकरण, जडीबुटी प्रशोधन तथा उत्पादन उद्योग, उच्च हिमाली क्षेत्रको स्रोतमा आधारित स्वच्छ खानेपानी उत्पादन गर्ने उद्योग यस्ता क्षेत्र हुन जसमा पर्याप्त रोजगारी सृजना हुने सम्भावना रहेको छ, यसलाई प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक फाइदाको रुपमा रोजगारी सृजनाका लागि उपयोग गर्न सकिन्छ । सम्वद्ध क्षेत्रका नीतिले यस विषयलाई रोजगारी सृजना र व्यवसायिक आयआर्जनका दृष्टिले उपायेग गर्न सकिनेमा सो गर्न सकिएको छैन ।

ज. नेपालको वैदेशिक रोजगारी अल्पकालीन र तात्कालीन रणनीतिमा आधारित रहेको छ । यो क्षेत्र आर्थिक उपार्जन र मर्यादित कामको सिद्धान्त अनुसार गुणस्तरीय, व्यवस्थित, सहजीकृत र सुरक्षित नरहेको विषय आधिकारिक निकायको प्रतिवेदनमा नै स्पष्ट रुपमा उल्लेख गरिएको छ । यो क्षेत्र पारदर्शिता र जवाफदेहिताका दृष्टिले समेत सम्वेदनशील रहेको छ । करीब ७५ प्रतिशत

नेपाली आप्रवासी कामदार अदक्ष छन् र जसका कारण यो क्षेत्र संधै नै असुरक्षित र संकटापन्न अवस्थामा रहेको छ । यस क्षेत्रको सामाजिक लगानी र लागत निकैनै ठूलो रहेको छ जुन विश्लेषणमा कम नै आउंछ र यसबाट प्राप्त हुने आयको स्थानको तुलना गर्दा सन्तोष लिने ठाउं देखिंदैन । साथै वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आय र अनुभवजन्य सीपको परिचालन गरी पूँजी निर्माण र व्यवसाय सन्चालनको प्रभावकारिता नगन्य नै रहेको छ । यसमा वैदेशिक रोजगारीबाट प्राप्त व्यवसायिक सीपजन्य अनुभवलाई प्रमाणीकरण गर्ने औपचारिक पद्धति नरहनुलाई मुख्य कारणका रुपमा लिइएको छ ।

कोभिड-१९ को अप्रत्यासित महामारी पश्चातको यस परिप्रेक्ष्यमा नेपाल सरकारले वैदेशिक रोजगारी गुमाएर नेपाल फर्कने करीब १० लाख, नेपालमा रोजगारी गुमाउने अनुमानित ११ लाख र प्रत्येक बर्ष श्रम बजारमा प्रवेश गर्ने ५ लाख गरी झण्डै २६ लाख व्यक्तिलाई रोजगारी उपलब्ध गराउनु पर्ने चुनौती रहेको कुरा सरकारले नै व्यक्त गरिसेकेको सन्दर्भमा सो संख्याका व्यक्तिका लागि रोजगारी उपलब्ध गराउने विषय निकैनै चुनौतीपूर्ण देखिएको छ ।

४.४ रोजगारी सृजनामा योगदान गर्नसक्ने क्षेत्रको तथ्यांकीय मापन

४.४.१ रोजगारी सृजनाका लागि तथ्यांकीय मापनका आधारहरू

मुलुकमा रोजगारी सृजनाका लागि नीतिगत रुपमा परिमाणात्मक लक्ष्य निर्धारण गरी प्रक्षेपण देहाय बमोजिम गरिएको छ:

पन्ध्रौं योजनाका प्रमुख लक्ष्य (वि.सं. २१०० सम्ममा)

- आर्थिक वृद्धिदर ६.८ बाट १०.५ प्रतिशत पुर्याउने,
- कृषि तथा वनक्षेत्रको आर्थिक योगदानलाई हालको बाट एकतिहाइमा ल्याउने,
- उद्योग क्षेत्रको योगदानलाई दोब्बर पार्ने,
- आर्थिक रुपमा सक्रिय जनसंख्याको श्रम सहभागिता दर ३८.५ बाट ७२ प्रतिशत पुर्याउने,
- वेरोजगारी दर ११.४ बाट ३ प्रतिशतमा झार्ने,
- औपचारिक क्षेत्रको हिस्सा ३६.५ बाट ७० प्रतिशत पुर्याउने ।

४.४.२ रोजगारी सृजनामा योगदान गर्न सक्ने क्षेत्रको तथ्यांकीय मापन

रोजगारी सृजना अन्तरसम्बन्धित विषय हो । अर्थतन्त्रका सबै क्षेत्रले रोजगारीमा प्रत्यक्ष वा परोक्ष योगदान गर्दै आएका हुन्छन् । आर्थिक क्रियाकलापमा हुने अग्र तथा पृष्ठ सम्बन्ध र अन्तरसम्बन्धका कारण रोजगारी सृजनामा कुन क्षेत्रको योगदान कति रह्यो भन्ने सवाल प्रायः अनुत्तरित नै छ । रोजगारी जस्तो पेचिलो मुद्धामा बहुपक्षको योगदान बढाउदै लैजानका लागि विभिन्न क्षेत्रले गरेको वा गर्न सक्ने योगदान निक्र्यौल गर्न सकेमा सबैलाई जवाफदेही बनाउन पनि सजिलो हुने र कुन क्षेत्रको लगानी रोजगारी सिर्जनाको दृष्टिबाट बढी प्रतिफलयुक्त हुन सक्छ भन्ने तथ्य पहिचान भई राष्ट्रिय प्राथमिकता तय गर्न र स्रोत साधनको बाँडफाँडमा प्रभावकारिता ल्याउन सकिन्छ । नेपालमा विगतमा गरिएका प्रयास एवं उपलब्ध सूचना तथा जानकारीको आधारमा क्षेत्रगत नीतिहरुको रोजगारयोग्यता र आगामी दिनमा देशमा रोजगारी सिर्जनाका लागि के कस्ता सुधार गर्नु आवश्यक छ साथै कुन क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ भन्ने कोणबाट समीक्षा वृहद् रुपमा गरिएको छ तर यो समीक्षा बढी मात्रामा गुणात्मक (Qualitative) बन्न गएको सन्दर्भमा उपलब्ध तथ्यांक तथा विवरणहरुलाई अर्थशास्त्रीय तथा गणितिय विधिको माध्यमबाट परिमाणात्मक (Quantitative) विश्लेषण समेत गरी गुणात्मक (Qualitative) निचोडको परीक्षण तथा त्यसलाई थप पुष्ट्याई गर्न उपयुक्त हुने महसुस गरी केही साङ्ख्यिकीय विधि प्रयोग गर्ने प्रयत्न गरिएको छ अर्थात निष्कर्षको प्रमाणिकता (Valitidy of Conclusion) का लागि पनि यो विधि अबलम्वन गरिएको छ ।

नेपालमा रोजगारी सिर्जनामा मुख्य भूमिका निर्वाह गर्न सक्ने क्षेत्रहरु कृषि, उद्योग, पर्यटन, वन, शिक्षा, स्वास्थ्य, वाणिज्य तथा वित्तीय क्षेत्र हुन् । विगतमा उक्त क्षेत्रहरुमा गरिएको लगानीले के कति रोजगारी सृजना गर्न सकेको छ त्यसलाई गणितिय विधिबाट परिक्षण गरी आगामी दिनमा उल्लेखित क्षेत्रहरुमध्ये कुन क्षेत्रको लगानीबाट बढी रोजगारी सृजनागर्न सकिन्छ त्यसको पहिचान उपयोगी हुन सक्छ । तसर्थ कुन क्षेत्रमा कति लगानी वृद्धि गर्दा रोजगारी कति सृजनाहुन सक्छ र सरकारले कस्तो नीति बनाई त्यस क्षेत्रलाई प्राथमिकता दिनु उपयुक्त हुन्छ भन्ने सुझाव प्रस्तुत गर्नका लागि विभिन्न तथ्यांककीय विधिका माध्यमबाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

यसका लागि विभिन्न चरहरु छनौट गर्नुपर्ने हुन्छ । सबैभन्दा प्रमुख र आश्रित (Dependant Variable) चर रोजगारी हो । रोजगारीलाई प्रतिनिधित्व गर्ने सवालमा अर्थतन्त्रमा उपलब्ध विभिन्न चरहरु मध्ये श्रम सहभागितादरलाई यस विश्लेषणको आश्रित चरको रुपमा लिइएको छ । यसलाई कुनै पनि कार्य वा हस्तक्षेपको परिणाम अथवा असर पनि भनिन्छ । त्यसपछि विभिन्न क्षेत्रगत लगानीलाई स्वतन्त्र चर (Independent Variable) वा इच्छ्याइएको चर (Interest Variable) को रुपमा लिएर विश्लेषण गरिएको छ । यस्ता चरलाई अनाश्रित चर तथा कारणका रुपमा लिइन्छ । स्वतन्त्र चरलाई आवश्यकता

बमोजिम नियन्त्रित समूहको रुपमा समेत लिइएको छ । यसको लागि विभिन्न मोडललाई प्रयोग गरी आवश्यक सबै तथ्यांककीय परिक्षणहरु पूरा गरेर निचोड राखिएको छ । यस अध्ययनका क्रममा गत चालिस वर्षमा उल्लेखित क्षेत्रमा गरिएको लगानीलाई समावेश गरी विश्लेषण गरिएको छ ।

विश्लेषणमा धेरै चरहरु प्रयोग गर्नुपर्ने भएता पनि तथ्यांकको अभाव, तथ्यांककीय विधिका शर्त एवं विशेषताहरु पूर्ण रुपमा पालना गर्नु पर्ने हुँदा कतिपय चरहरुलाई अध्ययनको क्रममा लिईएको छैन । साथै इच्छाइएको क्षेत्रको सही अर्थमा प्रतिनिधित्व गर्ने वास्तविक चरको अभावमा निकटतम अथवा सबैभन्दा बढी प्रतिनिधित्व गर्न सक्ने चरलाई अध्ययनमा समावेश गरिएको छ । यसका साथै क्षेत्रगत नीति लागू भएका वर्षको आधारमा नमूना चर (Dummy Variable) समेतको प्रयोग गरिएको छ ।

Multivariate Regression Analysis बाट विश्लेषण गर्ने क्रममा केहि महत्वपूर्ण नतिजाहरु प्राप्त भएका छन् । साथै आश्रित चर (Dependant Variable) र स्वतन्त्र चर (Independant Var|able) हरुको दीर्घकालीन सम्बन्ध कस्तो रहन्छ भन्ने हेर्नका लागि Error Correction Mechanism समेत प्रयोगमा ल्याइएको छ । यसबाट प्राप्त नतिजाहरुले चरहरुबीचको दीर्घकालीन सम्बन्धलाई पुष्टि गरेको छ ।

कृषि क्षेत्रमा विद्यमान लगानीलाई दोब्बर बनाउने हो भने मुलुकमा उपलब्ध श्रम शक्ति मध्ये वार्षिक करिब थप एक प्रतिशतले रोजगारी पाउने देखिन्छ । त्यस्तै सूचना तथा संचार प्रविधिको क्षेत्रमा लगानी दोब्बर बनाउदा त्यसले कुल श्रमशक्तिको ०.२५ प्रतिशत श्रम शक्तिको लागि वर्षेनी थप रोजगारी सृजनागर्ने सम्भावना देखियो । यसै गरी मानव संसाधन वा सामाजिक विकासको सूचकको रुपमा लिइएको शिक्षा र स्वास्थ्यमा गरिएको लगानी दोब्वर बनाउँदा यसले वर्षेनी ०.५४ प्रतिशत थप श्रम शक्तिलाई रोजगारी दिने देखिन्छ । विश्लेषणले उद्योगमा गरिएको लगानीको रोजगारी सृजनासँग सकारात्मक सम्बन्ध देखाउँदछ जुन सामान्य परिकल्पनासँग मिल्दछ । कतिपय क्षेत्रमा गरिएको लगानीको रोजगारी सिर्जनामा प्रत्यक्ष एवं प्रभावकारी (Significant) असर देखिएको छैन ।

तर आश्रित चर (Dependant Variable) र स्वतन्त्र चर (Independant Variable) का बीचमा दीर्घकालमा रहने सम्बन्धको परिक्षण गर्न Cointegration को प्रयोग र यसका माध्यमबाट Error Correction Term तथा त्यसको समेत प्रयोग गरी Error Correction Mechanism प्रयोगमा ल्याउँदा आश्रित चर (Dependant Variable) र स्वतन्त्र चर (Independant Variable) का बीचमा दीर्घकालीन सम्बन्ध रहेको देखिन्छ । यसले यदि विभिन्न क्षेत्रमा गरिएको लगानी प्रभावकारी रुपमा परिचालन गर्न सकेमा दीर्घकालमा त्यसको रोजगारी सिर्जनामा सकारात्मक सम्बन्ध रहने पुष्टि गर्दछ ।

यसबाट मुलत सरकारले कृषि, सूचना तथा संचार प्रविधि, शिक्षा र स्वास्थ्य तथा उद्योगमा लगानी वृद्धि गर्दा रोजगारीमा तत्काल सकारात्मक प्रभाव पर्नेछ भने अन्य आर्थिक क्षेत्रमा पनि आवश्यक तयारीका साथ लगानी गरेमा दीर्घकालमा त्यसले सकारात्मक प्रभाव पार्ने देखाउँदछ।

४.४.३ रोजगारी सृजनामा क्षेत्रगत सम्भावना

केही क्षेत्रगत नीतिहरूमा रोजगारी सृजनाका दृष्टिकोणले सम्भावनाका साथै उपायहरू उदाहरणका रूपमा निम्नानुसार उल्लेख गरिएको छ।

अ. कृषि तथा सिंचाइ

कृषि र सिंचाइ क्षेत्रबीच योजना तर्जुमा, जल व्यवस्थापन कार्यक्रम र उत्पादन वृद्धिको कार्यक्रममा संयुक्त सहभागिताको प्रणाली अवलम्वन गर्ने, लगानीको रणनीति तय गर्ने र सिंचाइ सुविधाको उपयोग एवं कृषि उत्पादनबीचको तादात्म्यता सुनिश्चित गर्ने सम्बन्धमा संयुक्त रुपमा आवधिक तथा बार्षिक समीक्षा गरी कृषि क्षेत्रको रोजगारीमा केन्द्रित भै कृषि कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी तुल्याउन सकिएमा यस क्षेत्रको रोजगारी सृजनामा उल्लेख्य योगदान गर्न सकिन्छ।

सिंचाइ र कृषि क्षेत्रमा रोजगारी प्रवर्द्धन (सृजना र विकास) का लागि सिंचाइ सुविधा उपयोग क्षमता विकासका साथै कृषकलक्षित कार्यक्रम संयुक्त रुपमा कार्यान्वयन गर्न सकिएमा रोजगारी अभिवृद्धिमा योगदान पुग्ने देखिन्छ। यसका लागि नीतिगत स्पष्टता र प्रयास जरुरी छ।

कृषि क्षेत्रको उत्पादन र रोजगारी सृजनासम्बन्धी विषयबीच तथ्यगत स्पष्टता कायम हुने गरी एकीकृत सूचना व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याई सोही आधारमा रोजगारी सृजनासम्बन्धी कार्यसम्पादनको स्थिति स्पष्ट देखिने गरी प्रतिवेदन प्रणाली र सोही अनुसार अनुगमन र मूल्यांकन पद्धतिको अवलम्वन गर्ने प्रणाली निर्माण गरिएमा रोजगारी सूचना प्रणाली क्रियाशील भै यथार्थ तथ्यांक प्राप्त गर्न सकिने हुन्छ।

आ. ऊर्जा

ऊर्जा उत्पादनको प्रभाव आर्थिक उद्यममा पर्ने भएता पनि सोका कारणले रोजगारी के-कति सृजना भएको छ भन्ने अद्यावधिक तथ्यांकको अभाव रहेको देखिन्छ । उर्जा क्षेत्रको विद्युत उत्पादन र रोजगारी सृजनासम्बन्धी विषयबीच तथ्यगत अन्तरसम्बन्ध कायम हुने गरी एकीकृत सूचना व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याई सोही आधारमा रोजगारी सृजनासम्बन्धी कार्यसम्पादनको स्थिति स्पष्ट देखिने गरी प्रतिवेदन प्रणाली र सोही अनुसार अनुगमन र मूल्यांकन पद्धतिको अवलम्वन

गर्ने पद्धति निर्माण गरिएमा उर्जा क्षेत्रमा रोजगारी सूचना प्रणाली क्रियाशील भै यथार्थ तथ्यांक प्राप्त गर्न सकिने हुन्छ ।

उर्जा क्षेत्र रोजगारी सृजनाका दृष्टिले धेरै सम्भाव्यता भएको सन्दर्भमा प्रत्येक उर्जा आयोजना (निर्माण तह, सञ्चालन तह र वितरण तह) मा प्रत्यक्ष रोजगारीसम्बन्धी प्राथमिकता र आधार (Benchmark) (संख्यात्मक र गुणात्मक), जस्तै रोजगारी प्रति मेघावाट विद्युत उत्पादन, कायम गरी रोजगारी सृजनासम्बन्धी विषयलाई एकाकार गर्न सकिन्छ र यसबाट रोजगारीको यकीन तथ्यांक प्राप्त गर्न सकिन्छ । विद्युत तथा नवीकरणीय उर्जा क्षेत्रमा रोजगारी सृजना (Energy Sector Job) सम्बन्धी उत्प्रेरक कार्यक्रम (Stimulus Programme) कार्यान्वयन गरी रोजगारी सृजनाका आधारमा मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन दिने प्रणालीले यस प्रयासमा सकारात्मक प्रभाव पर्न सक्दछ ।

इ. उद्योग क्षेत्र

खासगरी घरेलु तथा साना उद्योगका लागि प्रविधि विकास र उत्पादकत्व अभिवृद्धिका लागि रोजगारमूलक सीप, उद्यमशीलता विकास र व्यवसाय सन्चालन सहयोग सम्बन्धी एकीकृत टेवा प्रणालीलाई रणनीतिक योजनाका आधारमा कार्यान्वयनमा ल्याउन सकिएमा यो क्षेत्रमा रोजगारी सृजनामा उल्लेख्य बृध्दि गर्न सकिने संभावना छ ।

खानीजन्य उद्योग, विशेष आर्थिक क्षेत्रको निर्माण र सन्चालनलाई लगानीको प्राथमिकतामा राखी त्यस्ता आर्थिक उपक्रममा रोजगारीसम्बन्धी Benchmark कायम गर्ने आवश्यकता रहेको छ ।

औद्योगिक व्यवसाय र सोबाट हुने उत्पादनको प्रभाव आर्थिक उद्यम र रोजगारीमा पर्ने भएतापनि उद्यम सन्चालनका कारणले रोजगारी के कति सृजना भएको छ भन्ने यकीन तथ्यांक उद्योग क्षेत्रसंग छैन । उद्योग क्षेत्रको उत्पादन, उत्पादकत्व र रोजगारी सृजनासम्बन्धी विषयबीच तथ्यगत स्पष्टता कायम हुने गरी एकीकृत सूचना व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याई सोही आधारमा रोजगारी सृजनासम्बन्धी कार्यसम्पादनको स्थिति स्पष्ट देखिने गरी प्रतिवेदन प्रणाली र सोही अनुसार अनुगमन र मूल्यांकन पद्धतिको अवलम्वन गर्ने पद्धति निर्माण गरिएमा उद्योग क्षेत्रमा रोजगारी सूचना प्रणाली क्रियाशील भै यथार्थ तथ्यांक प्राप्त गर्न सकिने हुन्छ ।

उद्योग, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सबैलाई रोजगारी सृजना, उत्पादन र उत्पादकत्वका आधारमा आर्थिक उपार्जन गर्ने सुनिश्चितता कायम हुने गरी मात्र कार्यक्रम सन्चालन गर्ने विधि

अवलम्वन गर्ने र यस क्षेत्रमा गरिने लगानीलाई रोजगारीका आधारमा अनुगमन र मूल्यांकन गर्ने परिपाटीलाई कार्यान्वयनमा ल्याउन सकिन्छ।

४.४.४ रोजगारी सृजनाका लागि आउंदो ५ बर्षका लागि क्षेत्रगत प्रक्षेपण

संघीय तहमा रोजगारी सृजनाको आउँदो पाँच वर्षको प्रक्षेपणका लागि निम्नानुसारको तालिका प्रस्तुत गरिएको छ।

तालिका १७: रोजगारी सृजना प्रक्षेपण खाका

क्र.सं.	नीतिगत क्षेत्र	रोजगारी सृजनाको आधाररेखा तथ्यांक(हजारमा) २०७६।७७	पाँचबर्षको रोजगारी सृजनाको प्रक्षेपण (हजारमा)					सरदर बार्षिक वृद्धि प्रतिशतम
			आर्थिक बर्ष २०७७।७८	आर्थिक बर्ष २०७८/७९	आर्थिक बर्ष २०७९।८०	आर्थिक बर्ष २०८०।८१	आर्थिक बर्ष २०८१।८२	
१.	कृषि							
२.	उद्योग							
३.	पर्यटन							
४.	वन र वातावरण							
५.	सिंचाइ तथा जलस्रोत							
६.	जलविद्युत							
७.	यातायात/भौतिक पूर्वाधार							
८.	आन्तरिक रोजगारी							
	वैदशिक रोजगारी							
९.	गरिबी							

	निवारणका लागि संरचनागत सुधार							
१०.	सूचना तथा संचार प्रविधि							

परिच्छेद पाँच: रोजगारी सृजनाका लागि गरिनुपर्ने सुधार

क. संघीय तहमा रोजगारी सृजनासम्बन्धी नीतिगत प्राथमिकता निर्धारण

रोजगारसम्वद्ध विभिन्न नीतिको रोजगारयोग्यता तथा नीतिगत व्यवस्थाको उपयुक्तता, पर्याप्तता र कार्यान्वयनयोग्यता एवं कार्यान्वयनको स्थितिको विश्लेषण र समीक्षा गर्दा संघीय तहमा रोजगारी सृजनाको कार्यलाई योजनावद्ध, सामन्जस्ययुक्त, कार्यान्वयन गर्न सकिने र अपेक्षित नतिजा हासिल गर्न नीतिगत व्यवस्था तथा क्षेत्रगत सुधारका लागि प्राथमिकताका आधारमा देहाय अनुसारका सुझाव प्रस्तुत गरिएको छ:

- रोजगारसम्बद्ध विषयलाई रणनीतिक महत्वको विषयका रुपमा समष्टीगत आर्थिक नीति, मौद्रिक तथा वित्तीय नीति एवं विभिन्न क्षेत्रगत तहमा प्राथमिकतासहित मूलप्रवाहीकरण गर्ने,
- गरिबी निवारणसम्बन्धी रणनीतिगत एवं कार्यक्रमिक व्यवस्थामा रोजगारी सृजना र रोजगारीका आधारमा हुने आय अभिवृद्धिलाई नै आधारभूत मान्यताका रुपमा स्थापित गर्ने र यसैअनुसार लगानी र कार्यक्रम कार्यान्वयन गर्ने पद्धति अवलम्वन गर्ने,
- रोजगारीसम्बन्धी विषयलाई संघ तहमा मार्गदर्शक नीति निर्माण, संघीय लक्ष्य प्राप्ती, सबै तहका सरकारका लागि मापदण्ड र स्तर निर्धारण, रणनीतिक अनुगमन र मूल्यांकन क्षमताको सुदृढीकरण, तहगत र क्षेत्रगत अन्तरसम्बन्ध, समन्वय र सामन्जस्य कायम गर्ने, आदि विषयमा आधारित भै रोजगारी सृजना, उपयोग र प्रवर्द्धनका लागि दीर्घकालीन योजना (संघीय छाता नीति) निर्माण गर्ने,
- प्रदेश तथा स्थानीय तहमा आर्थिक तथा सामाजिक समृद्धिको आधारका रुपमा रोजगारीसम्बन्धी विषयलाई संस्थागत गर्ने गरी स्थानीयकरणको रणनीति अंगीकार गर्ने तथा रोजगारी सृजनाका आधारमा प्रदेश र स्थानीय तहलाई प्रोत्साहन गर्ने,
- मुलुकको शिक्षा प्रणालीलाई उत्पादनशील रोजगारीका लागि आवश्यक पर्ने सीप र दक्षताका साथै रोजगारीको उत्पादकत्व अभिवृद्धि हासिल गर्ने गरी रुपान्तरण गर्ने,
- वैदेशिक रोजगारीलाई मर्यादित तुल्याउन दक्षता/सीपमा आधारित बनाउदै लैजाने र यसप्रतिको निर्भरता कम गर्दै जाने, साथै आन्तरिक रोजगारीले प्रतिस्थापन गर्नेगरी वैदेशिक रोजगारीबाट फर्केकालाई रोजगारमूलक व्यवसायमा संलग्न गराई पूजी निर्माण र रोजगारी सृजनाको आधार निर्माण गर्ने,

- आन्तरिक तथा स्वदेशी कच्चा पदार्थमा आधारित मौलिक/हरित उद्यमको प्रवर्द्धन गर्ने तथा मौलिक/स्थानीय विशिष्टतामा आधारित उद्योगलाई रोजगारी सृजनाका आधारका रूपमा प्रोत्साहित गर्ने,
- रोजगारी सृजनाका लागि प्रभावकारी नेतृत्व, समन्वय, नियमन तथा अनुगमन गर्न उच्चस्तरमा सक्षम निकाय/संस्था आवश्यक रहेको सन्दर्भमा मौजुदा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आवश्यक संस्थागत सुधार/क्षमता अभिबृध्दि तथा आधिकार सहित थप जिम्मेवार बनाउने,
- सबै तहका सरकार तथा रोजगारी सृजनामा सम्बध्द पक्षबीच सहकार्य र साझेदारी निर्माण गर्ने र रोजगारी सृजनाका आधारमा प्रोत्साहन गर्ने,
- श्रम तथा रोजगार सूचना बैंकको सवलीकरण गर्दै श्रम शक्ति र श्रम बजार/रोजगारदाताक बीच सेतुको रूपमा सवल र प्रभावकारी संयन्त्रका रुपमा उपयोग गर्ने,
- सहकारीक्षेत्रको पूँजी र संस्थागत क्षमतालाई आन्तरिक उत्पादनशील क्षेत्रमा परिचालन गर्दै रोजगारी सृजनाको मुख्य स्रोत र आधारका रुपमा प्रवर्द्धन गर्ने,
- श्रम र रोजगारीलाई सम्मान गर्ने र उद्यमशील संस्कारको विकास हुने गरी अभियान सन्चालन गर्ने ।

ख. नीतिगत सुधारका पक्षहरू

संघीय तहमा रोजगार सम्बन्धी नीतिहरूको समीक्षा तथा विश्लेषण गर्दा राष्ट्रिय रोजगार नीति तथा अन्य क्षेत्रगत नीतिहरूले रोजगारी सृजनालाई थप प्रभावकारी बनाउन निम्नानुसारका पक्षमा बिशेष ध्यान दिनु पर्ने देखिन्छ ।

अ. नीति तर्जुमामा ध्यान दिनुपर्ने विषयहरु

देशको अर्थतन्त्रको बिस्तार गर्न र उच्च बृध्दिका लागि मुख्य रुपमा 'कुल गार्हस्थ उत्पादन, मुद्रास्फीति र रोजगारी' जस्ता समष्टिगत आर्थिक परिसूचकहरु महत्वपूर्ण हुन्छन् । यी पक्षहरुलाई मध्यनजर गर्दै नेपाली जनताको जीवनस्तर उकास्न वर्तमान सरकारले लिएको दीर्घकालीन सोंच समृध्द नेपाल र सुखी नेपाली हासिल गर्न रोजगारीका अवसरहरु सृजनागर्ने नीति अख्तियार गर्नु जरुरी छ । विगतमा नेपालले कुल गार्हस्थ उत्पादन बढाउने र मुद्रास्फीति नियन्त्रणमा जोड दिंदै आएता पनि रोजगारी सिर्जनामा यथोचित पहल हुन सकेको थिएन । आर्थिक बृध्दिलाई ध्यान दिंदा देशमा उच्च आर्थिक बृध्दि त हुन सक्ला तर त्यो रोजगारबिहीन बृध्दि (Jobless Growth) पनि हुन सक्दछ । यसबाट न त गरिबी निबारण हुन सक्दछ न त

समृध्द नेपाल र सुखी नेपालीको दीर्घकालीन लक्ष्य हासिल हुन सक्दछ। हाल नेपालमा आन्तरिक रोजगार भन्दा बैदेशिक रोजगारीमा जानेको संख्या प्रत्येक वर्ष बढदै गएको छ। देशको श्रम बजारमा प्रत्येक वर्ष करीब ५ लाख भन्दा बढी युवाहरु प्रबेश गर्ने र त्यसमध्ये करीब ४ लाख बैदेशिक रोजगारमा जाने र आन्तरिक रोजगार वार्षिक १ लाख पनि सृजनागर्न नसकिरहेको अबस्था देखिन्छ।

विकसित देशहरु खासगरी बेलायतले European Unlon (EU) बाट बहिर्गमन गर्दा र अमेरीकामा वर्तमान राष्टपतिले पनि पछिल्ला दिनहरूमा आन्तरिक रोजगारी सिर्जनामा जोड दिएको देखिन्छ। हाल विश्व र नेपालमा समेत देखिएको कोभिड (१९) को महामारीले धेरै नेपालीहरुको रोजगारी गुम्ने अवस्था सृजना भएको छ। यस अवस्थामा बेरोजगारीको समस्या थप जटिल हुने हुँदा थप रोजगारीका अवसरहरु सृजना गर्नु पर्ने दवाव छ। तसर्थ आगामी दिनमा रोजगारीका थप अवसरहरुको सृजना गर्न राष्ट्रिय रोजगार नीतिका साथै अन्य क्षेत्रगत नीतिहरु तर्जुमा गर्दा निम्न लिखित विषयहरुमा विशेष ध्यान दिनु आवश्यक देखिएको छ।

१. रोजगारीसम्बन्धी विषय प्राय: सबै राष्ट्रिय नीतिहरूमा आन्तरिकीकरण गर्नु पर्ने भएकोले क्षेत्रगत/विषयगत नीति तर्जुमा गर्दा रोजगारीको विषयलाई प्राथमिकताका साथ् समावेश गर्नुका साथै लक्ष्य, उद्देश्य र परिमाणात्मक उपलब्धि तोकिनु जरुरी हुने,
२. नीति तर्जुमा गर्दा आवश्यकताको पहिचान, अध्ययन विश्लेषण र गृहकार्य गरिनुका साथै तथ्य, तथ्यांक र सूचनाको सुदृढिकरण गरी तथ्यमा आधारित/सूचित नीति (Evidence based/informed policy) तर्जुमा गर्नुपर्ने,
३. राष्ट्रिय नीतिहरू कुनै एक विषयलाई सम्वोधन गर्ने गरी तर्जुमा गरिने भएता पनि यो एक्लै उभिने (Stand alone) दस्तावेज नभएकाले नीतिले सम्बोधन गर्नुपर्ने अन्तरसम्बन्धित विषयहरू (Cross-cuttting Issues) लाई सम्बोधन गर्ने गरी अन्तरसम्बन्ध पहिचान गर्न उचित हुने,
४. तर्जुमा गरिएको नीतिको राष्ट्रका अन्य नीतिहरुसंगको अग्र र पृष्ठ सम्बन्ध (Forward and Backward Linkage) कायम गरेर तर्जुमा गर्नु पर्ने र दोहोरोपन नआउने (Duplication Avoid) व्यवस्था गर्नुपर्ने,
५. राष्ट्रिय (क्षेत्रगत/विषयगत) नीतिहरू तर्जुमा गर्दा रोजगारी सृजना गर्ने सम्बन्धी राष्ट्रिय जिम्मेवार निकाय (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय) संग पर्याप्त छलफल गर्ने, त्यस्तो निकायको विज्ञताको सहयोग लिने र नीति स्वीकृत हुनु अघि त्यस्तो निकायसंगको समन्वय र सहकार्यमा गर्नु उपयुक्त हुने,

६. आन्तरिक रोजगारी सृजनागर्न देशभित्र भएका र अरु देशहरुले गरेका राम्रा प्रयास र लिएका नीतिहरुको अध्ययन विश्लेषण गर्दै प्राप्त निचोडका आधारमा नीतिमा आवश्यक परिमार्जन गरी लागू गर्नुपर्ने,

७. देशका विभिन्न क्षेत्रहरुले प्रदान गरिरहेका रोजगारीका अवसरहरु तथा ती लगायत अन्य नयाँ क्षेत्रमा सृजना गर्न सकिने रोजगारीको तथ्यगत आँकलनका लागि भरपर्दो तथ्यांकको अभाव रहेको पाईएकोले एकिकृत रोजगार तथ्यांक व्यवस्थापन प्रणाली (Integrated Employment Data Management System) विकास गर्नु अनिवार्य हुने, यसका लागि केन्द्रीय तहमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आवश्यक संस्थागत संयन्त्रको विकास र आवश्यक कानूनी प्रावधान अवलम्बन गरी क्षेत्रगत नीति कार्यान्वयन गर्ने निकायहरु तथा प्रदेश र स्थानीय तहसंग समेत समन्वयको ढाँचा तयार पारी कार्यान्वयन गर्नुपर्ने, साथै त्यस्तो संयन्त्र वा प्रणाली क्षेत्रगत नीतिहरुमा अवलम्वन गरिएका रोजगारीसम्वन्धी प्रावधानअनुरुपका कार्यक्रमहरु, ती कार्यक्रमका लागि श्रोत (बजेट) व्यवस्थापन, कार्यक्रमको कार्यान्वयन र सोबाट सृजना भएका रोजगारीका अवसरहरुको सूचना तथा तथ्यांकहरु दुरुस्त राख्नु पर्ने र ती सूचना तथा तथ्यांकहरुको तीनै तहका सरकारको समन्वयमा नियमित रुपमा अद्यावधिक गर्ने व्यवस्था गरिनु आवश्यक हुने,

८. जनसंख्या वृद्धि (उत्पादनशील र आर्थिक रुपमा सक्रिय समूह) र रोजगारी बीचको सम्बन्धमा सन्तुलन कायम हुने गरी बार्षिक रुपमा रोजगारीको खोजीमा श्रम बजारमा प्रवेश गर्ने श्रमशक्ति र रोजगारीका अवसरहरुको वृद्धिबीच सामञ्यस्यता कायम गर्ने नीति अंगीकार गर्नु आवश्यक छ। सोका लागि नीतिमा नै संस्थागत, कार्यक्रमीक र प्रवर्द्धनात्मक उपायहरु अवलम्बन गर्नु पर्ने,

९. अनौपचारिक क्षेत्र (Informal Sector) मा रहेको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्र (Formal Sector) मा रुपान्तरण गर्ने नीति लिनुपर्छ। यसबाट श्रमिकको हक सुनिश्चित गर्न मद्दत मिल्नुका साथै नेपाली जनताले रोजगारी पाउने अवसर पाउने स्थिति सृजना हुने,

१०. आन्तरिक रोजगारीको अवसर अभिवृद्धि गर्न तीनै तहमा आवधिक योजना तर्जुमा गर्दा योजना अवधिमा सृजना गरिने कुल र क्षेत्रगत रोजगारीका लक्ष्य तोक्ने र सो को आवश्यक परिसूचकहरु निर्धारण गरी अनुगमन र मुल्यांकन संयन्त्र र ढाँचा/विधिको व्यवस्था गर्ने। यसैगरी प्रदेश र स्थानीय तहको आवधिक र वार्षिक योजना र बजेटका साथै मध्यमकालीन खर्च संरचनाको दिग्दर्शनमा समेत रोजगारी सिर्जनाको विषय समावेश गर्नु उपयुक्त हुने,

११. बिशेषगरी धेरै रोजगारीका अवसर सृजनागर्न कृषि, भौतिक पूर्वाधार, पर्यटन, र उद्योग जस्ता क्षेत्रहरुलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम र योजना तर्जुमा गर्नुका साथै श्रमप्रधान क्षेत्रमा श्रममूलक प्रविधि अपनाउन जोड दिने,

१२. योजना तथा नीति निर्माण गर्दा क्षेत्रगत अन्तर सम्बन्धलाई ध्यान दिँदै एक क्षेत्रमा सृजना गरिएको रोजगारले अन्य क्षेत्रको रोजगारलाई पार्ने असर वा प्रभावको आँकलन गरी रोजगार तथा अन्य नीतिहरु तर्जुमा गर्नु पर्ने हुँदा क्षेत्रगत अन्तर सम्बन्ध र समन्वयका पक्षलाई राष्ट्रिय योजना आयोग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलगायत सम्बन्धित सबै मन्त्रालय, निकाय र तहगत सरकारहरुले ध्यान दिनु पर्ने,

१३. योजनामा कुल गार्हस्थ उत्पादनको लक्ष्य निर्धारण गर्दा उत्पादनशील रोजगारीको अवसर र आर्थिक बृद्धिलाई संगसंगै प्राप्त गर्ने नीति लिईनु पर्ने, यसका लागि राष्ट्रिय योजना आयोगले वार्षिक र मध्यमकालीन खर्च संरचनाको बजेट सीमा निर्धारण गर्दा सबै तहका सरकारले अवलम्वन गरेका रोजगारी सिर्जनाको लक्ष्य, कार्यक्रम, लगानी र खर्चसम्बद्ध अद्यावधिक सूचनाको विश्लेषण गरी थप रोजगारी सिर्जनाका लागि अवलम्बन गर्नु पर्ने नीति तथा रणनीति तर्जुमा गर्न आवश्यक सहजीकरण गर्नु पर्ने तथा नियमित रुपमा (चौमासिक तथा वार्षिक) रोजगारी सिर्जनाका दृष्टिले कार्यक्रम, लगानी र खर्चको प्रगति समीक्षा गर्ने परिपाटि बसाल्नु आवश्यक हुने,

१४. हाल नीति निर्माण गर्दा सो नीति कार्यान्वयनका लागि लाग्ने लागतबारे त्यत्ति ख्याल गरेको देखिंदैन । यसबाट नीति कायान्वयन गर्दा बजेटको अभाव भै राम्रा नीति पनि कार्यान्वयन हुन सकिरहेका छैनन् । तसर्थ नीति तर्जुमा गर्दा नै त्यसलाई कार्यान्वयन गर्दा लाग्ने लागत (Policy Costing) अनुमान र स्रोत सुनिश्चितता गर्नुपर्ने,

१५. कतिपय नीति निर्माणमा अन्य सरोकारवालाहरुसंग समन्वय र छलफल नभएका कारणले नीतिको कार्यान्वयनमा सहकार्य तथा स्वामित्व/अपनत्वको अभावबाट समस्या सृजनाभएका छन् । तसर्थ, रोजगार नीति धेरै क्षेत्रसंग सम्बन्धित भएकोले सरोकारवालाहरुको सक्रिय सहभागितामा यस्ता नीति तर्जुमा गर्नुपर्ने,

१६. सरकारले अवलम्वन गर्ने बृहत् आर्थिक नीतिहरु (Macro Economic Policy) मा रोजगारी सिर्जनामा जोड दिनुपर्ने, रोजगारी सिर्जनाका दृष्टिकोणले महत्वपूर्ण हुने उद्योगहरुलाई आर्थिक सहुलियत विशेषतः राजश्व छुट र सरल कर्जा सुविधा जस्ता नीतिगत व्यवस्थाबाट रोजगारी सृजनागर्न प्रोत्साहन दिनु उपयुक्त हुने,

१७. रोजगारी सिर्जनामा भौतिक पूर्वाधार क्षेत्र खासगरी सडक पूर्वाधार निर्माण महत्वपूर्ण रही आएको यथार्थता र तीनै तहको सरकारको प्राथमिकताको क्षेत्र समेत रहेको सन्दर्भमा यस क्षेत्रमा बढी बजेट विनियोजन हुने गरेको छ । साथै यस क्षेत्रले सृजनागर्न सक्ने रोजगारीका अवसर अपेक्षाकृत रुपमा बढी रहने मान्दा पनि वास्तविक रोजगारी सृजना कम रहेको छ । नीतिगत खुलापन तथा आन्तरिक श्रम शक्तिमा यस क्षेत्रका लागि आवश्यक प्राविधिक ज्ञान तथा सीपको

सीमितताका कारणले रोजगारीका अवसरहरूमा आन्तरिक श्रम शक्तिको भन्दा पनि बाह्य श्रम शक्तिको आधिक उपयोग भएको देखिन्छ । यसर्थ भौतिक पूर्वाधारसम्बन्धी परियोजनाहरु सञ्चालनमा आवश्यक श्रम शक्तिको क्षमता अभिवृद्धि गर्नुका साथै प्रविधिमा आधारित तथा श्रममा आधारित ढाँचाहरु बीच उपयुक्त सामञ्जस्यता कायम गरी रोजगारी सृजना गर्न जोड दिनुपर्ने।

आ. रोजगार नीति कार्यान्वयन तयारी, कार्यान्वयन र अनुगमनमा ध्यान दिनु पर्ने विषयहरू

१. रोजगार सम्बन्धी नीति र रोजगारीलाई योगदान गर्ने नीतिहरू कार्यान्वयनका लागि नीति कार्यान्वयनका आवश्यकताहरू पूरा गरिनु पर्दछ।

- नीतिको प्रभावकारी संचार/सम्प्रेषण
- सूचनाको स्पष्टता
- कार्यान्वयन आदेशहरूमा प्रस्टता र एकरूपता
- आवश्यक स्रोत-साधनहरूको व्यवस्था,
- कार्यान्वयन कार्ययोजनाको खाका,
- कार्यान्वयनको लागि आवश्यक उत्प्रेरक,
- नियमित अनुगमन, सूचनाको व्यवस्थापन र सुधारका उपायहरूको अवलम्बन

२. रोजगारी सम्बन्धी विषयहरू कार्यान्वयन नीतिको मूल विषय (Main Thrust) संग नै गरिनु पर्दछ । अलग ढंगले (In Issolation) रोजगारीका विषयहरू कार्यान्वयन हुन सक्दैनन् । नीति अन्तर्गतका रोजगारीका लक्ष्य तथा सम्बध्द विषयको लागि आवश्यक स्रोत-साधन, कार्यान्वयन र अनुगमन संयन्त्र, नियमित सूचनाको प्रवाह जस्ता विषयलाई नीति कार्यान्वयन कार्ययोजनाको अभिन्न अंगको रूपमा आन्तरिकीकरण गरिनु पर्छ।

३. नीति कार्यान्वयनको अवस्थाको विश्लेषण गरिने सूचना प्रणालीमा रोजगारीसम्बन्धी विषय स्थापित (Inbuilt or Integrated) हुनु पर्दछ।

४. प्रभावकारी र नतिजामूलक नीति कार्यान्वयनका लागि आवश्यक संयन्त्र र सूचक, सुपरिवेक्षण र निर्देशनसम्बन्धी व्यवस्था, समस्या समाधान गर्ने संयन्त्रलाई क्रियाशील बनाउनु पर्छ ।यी कामका लागि नीति कार्यान्वयन गर्ने सम्बध्द मन्त्रालय वा निकायले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सहयोग लिने र समन्वय गर्ने व्यवस्था हुनुपर्छ।

५. प्रत्येक वर्षको वार्षिक विनियोजन गर्दा सम्बध्द नीति कार्यान्वयनका लागि छुट्याइएको बजेट कार्यान्वयनबाट प्राप्त गरिने रोजगारी सृजनाको लक्ष्य निर्धारण गरिनु पर्छ। सो लक्ष्य अनुसार काम भए-नभएको निरन्तर अनुगमन गर्नु आवश्यक देखिन्छ।

६. नीति कर्यान्वयनमा भएको खर्चलाई नै प्रगतिको रुपमा हेरिने परिपाटी अन्त्य गरी सोबाट अन्तरसम्बन्धित विषयगत क्षेत्र समेत भएको परिमाणात्मक तथ्यांकमा प्रगतिलाई हेर्ने परिपाटी विकास गर्नुपर्छ।

७. रोजगारी सम्बध्द विषयको कार्यान्वयन र त्यसबाट प्राप्त उपलब्धी तुलना गर्ने र बढी रोजगारी सृजना गर्ने क्षेत्र, निकाय, वा अधिकारीलाई प्रोत्साहित गर्ने प्रणाली स्थापित गर्नु पर्दछ।

८. राज्यका नीति कार्यान्वयन गर्ने क्रममा रोजगारीसृजनामा उच्च योगदान गर्ने निजी क्षेत्र, सहकारीर गैह्र-सरकारी क्षेत्रलाई वित्तीयवा आर्थिक पारितोषिक, छुट वा सहुलियतको व्यवस्था गरी प्रोत्साहन गरिनु पर्छ।

९. नीति कार्यान्वयनको नियमित रूपमा प्रगति समीक्षा गर्नु पर्छ र नीतिको कार्यान्वयनबाट रोजगारी सृजनामा भएको योगदान वा प्रगतिको विषयलाई नीति समीक्षाको अभिन्न आधारको रूपमा आन्तरिकीकरण गरिनु पर्छ।

१०. सम्बध्द नीति कार्यान्वयनमा रोजगार सूचना प्रणालीलाई आवद्ध गर्ने र नीति कार्यान्वयनका लागि मानव संशाधनको सीप पक्ष, माग पक्ष र आपूर्ति पक्षलाई ध्यान दिनु पर्दछ।

११. रोजगारी जस्तो अन्तरसम्बन्धित विषयको लेखाजोखा, योजना र त्यसको कार्यान्वयन तथा अनुगमन पक्षलाई संस्थागत गर्न सम्वद्ध नीति कार्यान्वयन गर्ने निकायका अतिरिक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा छुट्टै महाशाखा/शाखा/प्रशाखा (Unit) को व्यवस्था गर्न सकिन्छ।

इ. संस्थागत भूमिकाः

नेपाल सरकारको प्रमुख प्राथमिकता गरिबी निवारण भएको र सोका लागि रोजगारी सृजना, उपयोग र आयआर्जन नै मुख्य आधार भएकाले सबै क्षेत्रगत तहमा रोजगारीको विषयलाई मूलप्रवाहीकरण गरी नीतिगत आधार निर्माण गर्न ***श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय***ले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

१. सबै क्षेत्रगत तहका लागि रोजगारी सृजनासम्बन्धी नीतिगत मानक र मापदण्ड तयार गरी कार्यान्वयन गराउन सकिएमा रोजगारी सृजनामा अनुकूल प्रभाव पर्न जाने हुन्छ र यसका लागि मन्त्रालयले नेतृत्वदायी र समन्वयकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

२. सबै नीतिको विश्लेषण र समीक्षा गर्दा, संघीय तहमा विकास समस्या समाधानको बैठक आयोजना गर्दा, नीतिगत अनुगमन र मूल्यांकन गर्दा, नीतिगत सुधार गर्दा रोजगारीको विषयलाई केन्द्रविन्दुमा राखी रोजगारीको क्षेत्रमा भएका प्रयास, उपलब्धि, पालना गरिएका मापदण्ड, आदिको निष्पक्ष परीक्षण हुने गरी सबै सम्वद्ध रोजगारी जवाफदेही र संवेदनशील नीतिको परीक्षण (Employment-Responsive Policy Audit) गर्ने प्रणाली कार्यान्वयनमा ल्याउने र यसका लागि अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई मार्गदर्शन गर्ने प्रणाली स्थापना गर्नु पर्ने हुन्छ।

३. अर्थ मन्त्रालयले Line Ministry Budget Information System (LMBIS) मा रोजगारीसम्बन्धी सूचक समावेश गरी कार्यक्रम र बजेट प्रणालीलाई रोजगारी सृजनाको आधारका रुपमा परिमार्जन गर्ने उपाय अवलम्वन गर्न सकिन्छ र यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समन्वय तथा निर्देशन गर्न आवश्यक देखिन्छ।

ग. अनुगमन संयन्त्र

संघीय तहमा एकीकृत रोजगार व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयनका आधारमा रोजगारीसम्बन्धी उपलब्धिको अनुगमन र मूल्यांकन गर्ने र यसको अनिवार्य आवधिक तथा बार्षिक समीक्षा सबै मन्त्रालय र निकायले गर्न निर्देशिन तथा सहजीकरण गर्ने । यस कार्यका लागि उच्चतहको पदाधिकारीलाई विशेष जिम्मेवारी र अधिकार दिई कार्यसम्पादन गर्ने व्यवस्था गर्न आवश्यक हुन्छ।

घ. संघीय तहमा रोजगारी सृजनाका लागि सुझाव र सिफारिस

नीतिगत व्यवस्था र सोको कार्यान्वयनसम्बध्द आयामहरू (सवलता,कमजोर पक्ष/समस्या,सम्भावना र चुनौती) काक्षेत्रको विश्लेषण र समीक्षाका आधारमा रोजगारीको क्षेत्रलाई मूलप्रवाहीकृत र रणनीतिक प्राथमिकताको क्षेत्रका रुपमा स्थापित गर्न देहायबमोजिम नीतिगत, संस्थागत र पद्धतिगत तथा विशेष कार्यक्रमगत र अभियानमूलक तहमा सुधारका लागि देहाय बमोजिम सुझाव र सिफारिस प्रस्तुत गरिएका छन्ः

तालिका १८: आगामी नीतिगत पहलका लागि सुझावहरू

क्र.सं.	सुधारको विषय	सुझाव र सिफारिस
१	नीतिगत सुधार	१.१ संघीय तहमा मानव पूँजी निर्माण र रोजगारीको विषय रणनीतिक महत्वको भएकाले यसलाई दीर्घकालिक रुपमा सम्वोधन गर्न दशबर्षे रणनीतिक योजना र छाता नीति तर्जुमा गर्ने।

		१.२ सबै नीतिमा रोजगारी सृजनाका लागि लगानीको न्यूनतम मापदण्ड र थ्रेशहोल्ड निर्धारण गर्ने। १.३ रोजगारीको विषय सबै क्षेत्रगत नीतिसंग सम्बन्धित भएकाले मूलप्रवाहीकरण गर्ने विधि अवलम्वन गर्ने। १.४ रोजगारी सृजनाका लागि वैदेशिक लगानी र निजी क्षेत्रको विकासका लागि प्रोत्साहनात्मक वातावरणको सृजना गर्ने, १.५ घरेलु तथा साना उद्योगमा रोजगारी सृजना गर्ने क्रियाकलापलाई वित्तीय प्रोत्साहन प्रदान गर्ने, १.६ आन्तरिक पर्यटनको माध्यमबाट रोजगारी सृजनाको विस्तार गर्न पूर्वाधार विकास र प्रोत्साहन वृद्धि गर्ने, १.७ रोजगारीको विषयलाई उत्पादनशील क्षेत्रका रुपमा समावेश गर्ने। १.८ शिक्षा प्रणालीलाई रोजगारमूलक सीप र दक्षतामा आधारित हुने गरी रुपान्तरण गर्ने गरी नीतिगत सुधार गर्ने र विद्यालय तहदेखि नै उद्यमशीलता र व्यवसाय सन्चालन सीप विषयलाई अनिवार्य विषयका रुपमा समावेश गर्ने। १.९ वैदेशिक रोजगारीलाई दक्षतामा आधारित तुल्याई वैदेशिक रोजगारीमा रोजगारमूलक सीप भएकालाई मात्र पठाउने नीतिगत व्यवस्था गर्ने। १.१० रोजगारसम्वद्ध सबै नीतिमा रोजगारी सृजनासम्बन्धी परिमाणात्मक लक्ष्य अनिवार्य रुपमा निर्धारण गर्ने गरी नीतिगत संरचनामा परिवर्तन गर्ने। १.११ रोजगारीका दृष्टिले सम्भाव्य क्षेत्रगत आधारमा रोजगारीको सम्भावनाको लेखाजोखा गरी नीतिको रोजगारयोग्यताको उपयोग गर्ने। १.१२ आर्थिक क्रियाकलापका लागि लगानीको केन्द्र स्थानीय तह भएकाले रोजगारी सृजनाको विषयमा स्थानीयकरणको रणनीति निर्माण गरी प्रदेश तथा स्थानीय तहलाई समन्वयात्मक रुपमा परिचालन र सहजीकरण गर्ने। १.१३ यस अन्तर्गत संघीय योगदान र प्रदेश तथा स्थानीय तहको कुल वित्तीय स्रोतको बाँडफाँटमा रोजगारी सृजनाका लागि लगानीको न्यूनतम मापदण्ड निर्धारण गर्ने,
२	संस्थागत तथा पद्धतिगत सुधार	२.१ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई रोजगारीको क्षेत्रमा सक्षम र अधिकारसम्पन्न जवाफदेही संघीय संगठनका रुपमा सुदृढ गर्ने गरी संस्थागत सुधार गर्ने। २.२ क्षेत्रगत/विषयगत नीति तर्जुमा गर्दाका बखतमा नै सबै तहमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समन्वयात्मक र परामर्शदायी भूमिका

		सुनिश्चित गर्ने। २.३ सबै विषयगत मन्त्रालयका नीति समन्वय महाशाखा/योजना अनुगमन मनाशाखाको जिम्मेवारीमा सम्वध्द नीति तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा रोजगारी सम्बन्धी सूचकसहितको सूचना प्रणालीका लागि आवश्यक व्यवस्था मिलाउने। २.४ नीतिको स्वीकृतिसंगै नीति कार्यान्वयनका लागि आवश्यक पर्ने पूर्वाधार, नेतृत्व/जिम्मेवारी, श्रोत साधनको व्यवस्था, कार्य-योजना, प्रतिवेदन प्रणाली, अनुगमन-मूल्यांकन, सुधार र समायोजन जस्ता पक्ष पहिचान/विकास गर्दै कार्यान्वयनको सुनिश्चितता गर्ने। २.५ उत्पादनशील रोजगारी र औपचारिक शिक्षा प्रणालीबीच सामन्जस्य कायम गर्न शिक्षा मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बीच स्थायी संयन्त्र निर्माण गरी कार्यान्वयनमा ल्याउने। २.६ आवधिक रूपमा रोजगारसम्बध्द अन्तर-सम्बन्धित निकायहरू र विभिन्न निकायबाट रोजगारीका दृष्टिले आवश्यक पर्ने सीपमूलक तालिम र उद्यमशीलता विकास प्रशिक्षण प्रदान गरिसकेपछि रोजगारीमा संलग्न भएनभएको अनिवार्य रुपमा रोजगारी स्थापनको अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था गर्ने। २.७ प्रदेश तथा स्थानीय तहमा व्यवसायिक सहभागितामूलक रोजगार परिषदको गठन गरी क्रियाशील तुल्याउने गरी प्रदेश तथा स्थानीय सरकारसंग समन्वय र सामन्जस्य कायम गर्ने। २.८ उद्योग व्यवसायको आवश्यकता र व्यवसायिक शिक्षा प्रणालीबीचको तादात्म्यता कायम गर्ने गरी एकीकृत व्यवसायिक जनशक्ति उत्पादन र उपयोगको कार्ययोजना निर्माण गर्ने। २.९ श्रम बजारको गतिशीलता र उद्योग व्यवसायको दक्ष व्यक्तिको आवश्यकताबीच तादात्म्यता कायम गरी हुने सुदृढ व्यवस्थाका लागि श्रम तथा रोजगार बैंक कोष खडा गर्ने र यस पद्धतिसंग प्रधानमन्त्री रोजगार कार्यक्रम, सहकारी बैंक, कृषि आधुनिकीकरण कार्यक्रम, विभिन्न क्षेत्रगत रोजगार कार्यक्रम तथा निजी व्यवसायिक क्षेत्रसंग आवद्ध गर्ने। २.१० रोजगारीका आधारमा निजी व्यवसायिक क्षेत्रलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन दिने भरपर्दो र दिगो व्यवस्था गर्ने। २.११ रोजगारी सृजना गर्न आवश्यक पर्ने वित्तीय लगानी बढाउनका लागि निजी क्षेत्रका लगानीकर्तालाई अभिप्रेरित गर्न श्रमिकको अधिकार र

		लगानीकर्ताको अधिकारबीच सन्तुलन कायम हुने गरी कानुनी सुत्रमर गर्ने। २.१२ रोजगारीको सृजना र उपयोगमा गरेको उपलब्धिका आधारमा प्रदेश तथा स्थानीय तहका सरकारलाई संस्थागत तथा वित्तीय रुपमा प्रोत्साहन गर्ने। २.१३ रोजगारसंग सम्बन्धित सबै नीतिको कार्यक्रम र बजेट कार्यान्वयनको आवधिक तथा बार्षिक समीक्षा एवं विभिन्न तहमा गरिने विकास समस्या समाधान समितिको बैठकमा रोजगारीको विषयको समेत एकीकृत रुपमा समीक्षा गर्ने पद्धति अवलम्वन गर्ने। रोजगारी सृजनाका दृष्टिले महत्वपूर्ण सबै क्षेत्रको रोजगारी सम्वेदनशील लेखाजोखा तथा विश्लेषण गरी क्षेत्रगत आधाररेखा तथ्यांक प्रणाली सुदृढ गर्ने र रोजगारी सृजना सूचकांक प्रणालीको (Employment Creation Indicators System) विकास गर्ने। २.१४ सबै रोजगारसम्वद्ध नीतिको रोजगारी परीक्षणका साथै न्यूनतम रोजगारीका लागि मापदण्ड र स्तरको परिपालनाको परीक्षण गर्ने विधि अवलम्वन गर्ने। २.१५ निजी क्षेत्रका उद्योग व्यवसायको उत्पादकत्व अभिवृद्धि गरी रोजगारी सृजनामा योगदान पुग्ने गरी उत्पादकत्व विकास सहयोगलाई व्यापक बनाउने। यसका लागि प्रविधिगत तथा व्यवस्थापकीय नवप्रवर्तनका लागि अनुसन्धान प्रोत्साहन उपलब्ध गराउने पद्धति अवलम्वन गर्ने। २.१६ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको दक्षता र अनुभवलाई निश्चित मापदण्ड बनाई सीप प्रमाणीकरण तथा स्तरीकरण गर्ने प्रणाली लागू गर्ने।
३	विशेष कार्यक्रममा आधारित सुधार	३.१ नेपालमा प्रकृतिक वैशिष्ट्यतामा आधारित पर्यटन उद्योग, कृषिको व्यावसायीकरण, जडीबुटी प्रशोधन तथा उत्पादन उद्योग, उच्च हिमाली क्षेत्रको स्रोतमा आधारित स्वच्छ खानेपानी उत्पादन गर्ने उद्योग यस्ता क्षेत्र हुन जसमा पर्याप्त रोजगारी सृजना हुने सम्भावना रहेको छ, यसलाई प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक फाइदाको रुपमा रोजगारी सृजनाका लागि उपयोग गर्ने र सघन रुपमा प्रोत्साहन दिनेगरी विशेष कार्यक्रम कार्यान्वयन गर्ने। ३.२ रोजगारीको विषयलाई राजनीतिक अर्थप्रणाली र समाजवाद उन्मुख अर्थव्यवस्थाको आधारभूत पक्षका रुपमा मान्य हुने वातावरण सृजना गर्न संघ तथा प्रदेशका सांसद तथा स्थानीय तहका प्रमुखहरुलाई अधिवाचन र सचेतनाका कार्यक्रम सन्चालन गर्ने।

		३.३ रोजगारी सृजनाको केन्द्रका रुपमा स्थानीय अर्थव्यवस्था नै हुने भएकाले स्थानीय तहलाई परम्परागत अर्थराजनीतिबाट उद्यमशील राजनीति उन्मुख तुल्याउन रुपान्तरणीय उपाय अवलम्वन गर्ने। ३.४ स्थानीय तहलाई रोजगारी सृजना गर्ने एजेन्सीका रुपमा स्थापित गर्न उद्योग व्यवसायमा लगानी गर्न अभिप्रेरित गर्ने। ३.५ रोजगारीको विषयलाई राजनीतिक अर्थप्रणाली र समाजवाद उन्मुख अर्थव्यवस्थाको आधारभूत पक्षका रुपमा मान्य हुने वातावरण सृजना गर्न संघ तथा प्रदेशका सांसद तथा स्थानीय तहका प्रमुखहरुलाई अधिवाचन र सचेतनाका कार्यक्रम सन्चालन गर्ने। ३.६ रोजगारी सृजनाको केन्द्रका रुपमा स्थानीय अर्थव्यवस्था नै हुने भएकाले स्थानीय तहलाई परम्परागत अर्थराजनीतिबाट उद्यमशील राजनीति उन्मुख तुल्याउन रुपान्तरणीय उपाय अवलम्वन गर्ने। ३.७ स्थानीय तहलाई रोजगारी सृजना गर्ने एजेन्सीका रुपमा स्थापित गर्न उद्योग व्यवसायमा लगानी गर्न अभिप्रेरित गर्ने। ३.८ नेपालमा फोहोरमैलाजन्य स्रोतको व्यावसायीकरण गरी रोजगारी सृजना गर्न विशेष कार्यक्रम सन्चालन गर्ने। ३.९ अनौपचारिक क्षेत्रको श्रम र रोजगारीलाई मर्यादित कामको सिद्धान्तका आधारमा औपचारिक र संगठित क्षेत्रको रोजगारीमा रुपान्तरण गर्न निजी व्यवसायिक क्षेत्रसंग सहकार्य र साझेदारी गर्ने। ३.१० नेपालमा कामको सम्मान र उद्यमशील संस्कारको विकास गर्नका लागि समुदायस्तरमा विशेष अभियानमूलक कार्यक्रम सन्चालन गर्न प्रदेश तथा स्थानीय तहलाई परिचालन गर्ने। यसका लागि माध्यमिक शिक्षा देखि नै श्रम र रोजगारीको विषयलाई पठनपाठनका लागि अनिवार्य विषयका रुपमा समावेश गर्ने। ३.११ ठूलो संख्यामा रोजगारी दिनसक्ने उद्योगको स्थापना र सन्चालन गर्न सरकारले निजी व्यवसायिक क्षेत्रलाई प्रोत्साहित गर्ने गरी विशेष कार्यक्रम सन्चालन गर्ने। ३.१२ स्थानीय तहबाट सन्चालन हुने पूर्वाधारको विकास निर्माणका कार्यमा अनिवार्य रुपमा मानव श्रमको उपयोग गर्ने श्रममूलक पद्धति लागू गर्ने। ३.१३ रोजगारीमा रहेका (औपचारिक/संगठित तथा अनौपचारिक/असंगठित क्षेत्रका समेत) कामदार तथा कर्मचारीहरुको श्रम उत्पादकत्व अभिवृद्धि गर्न

		पुनर्सीप, बहुसीप तथा उच्चसीप अभिवृद्धि (Reskilling, Multi-skilling and Upskilling) गर्ने कार्यका लागि निजी व्यवसायीक क्षेत्रलाई विकास कार्यक्रममार्फत् लगानीको योजनासहित कार्यान्वयनमा वित्तीय, प्राविधिक तथा व्यवस्थापकीय सहयोग र प्रोत्साहन गर्ने।
४	मानव संसाधन विकास योजना	४.१ राष्ट्रिय स्तरमा मानव संसाधनको तथ्यगत विवरणमा आधारित रहेर तत्कालिन (५ वर्षका लागि), मध्यकालीन (६ देखि १० बर्षका लागि) र दीर्घकालीन (आगामी २०-२५ वर्षका लागि) मानव संसाधन विकास योजना (Human Resource Development Plan) र रणनीतिक कार्ययोजना अवलम्वन गर्ने । ४.२ तत्कालिन (५ वर्ष भित्र), मध्यकालीन (६ देखि १० बर्षसम्म) र दीर्घकालीन (आगामी २०-२५ वर्षसम्म) सृजना हुन सक्ने आन्तरिक रोजगारीका अवसरहरूको क्षेत्रगत प्रक्षेपण गर्दै ती रोजगारीका लागि आवश्यक पर्ने प्राविधिक क्षमता, ज्ञान र सीप आंकलन गरी तत् बमोजिमको क्षमता विकास कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने।
५	लगानी योजना	५.१ सरकार, निजीक्षेत्र तथा सहकारी/सामुदायिक क्षेत्र र विकास साझेदारहरूका बीचमा रोजगारी सृजनाका लागि क्षेत्रगत लगानीको आंकलन गर्दै सहकार्यको प्रारूप तयार गरी लगानी सुनिश्चितता गर्ने। ५.२ क्षेत्रगत रूपमा सृजना हुने रोजगारीका अवसरका लागि आवश्यक प्राविधिक ज्ञान तथा सीप विकास गर्ने उद्देश्यका साथ मानव संसाधन विकास योजनाअनुरुपका कार्यक्रमहरू कार्यान्वयनका लागि लगानी सुनिश्चित गर्ने। ५.३ रोजगारी सृजना तथा तदनुरूपको मानव संसाधन विकास योजनाअनुरुपका कार्यक्रमहरू कार्यान्वयन गर्न कुन क्षेत्रमा, कसले, कति र कसरी लगानी गर्ने भन्नेबारे सहकार्य एवं समन्वयका आधार सहितको तत्कालिन (५ वर्षका लागि), मध्यकालीन (६ देखि १० बर्षका लागि) र दीर्घकालीन (आगामी २०-२५ वर्षका लागि) लगानी संरचनाको ढाँचा (Investment Arrangement Framework) तयार गरी कार्यान्वयन गर्ने।

ङ. नतिजामूलक कार्ययोजना

संघीय तहमा रोजगारी सृजनाका लागि नीतिगत सुधारका लागि नतिजामूलक कार्ययोजना देहाय बमोजिम प्रस्तुत गरिएको छ।

तालिका१९:संघीय तहमा रोजगारी सृजनाका लागि नीतिगत सुधारका लागि नतिजामूलक कार्ययोजनाको खाका

क्र.सं.	सुधारका लागि सुझाव र सिफारिस	जिम्मेवार निकाय	कार्यान्वयनको समयतालिका (पांच बर्षको)					नतिजा अनुगमनको सूचक
			पहिलो बर्ष	दोस्रो बर्ष	तेस्रो बर्ष	चौथो बर्ष	पांचौं बर्ष	
१. नीतिगत सुधार								
१.१	संघीय तहमा रोजगारीको विषय रणनीतिक महत्वको भएकाले यसलाई दीर्घकालिक रुपमा सम्वोधन गर्न दशबर्षे रणनीतिक योजना र छाता नीति तर्जुमा गर्ने।	राष्ट्रिय योजना आयोग श्रम सम्वद्ध मन्त्रालय/ निकाय						रणनीतिक योजना र छाता नीति स्वीकृत भै कार्यान्वयनमा आउने
१.२	सबै नीतिमा रोजगारी सृजनाका लागि लगानीको न्यूनतम मापदण्ड र थ्रेशहोल्ड निर्धारण गर्ने।	राष्ट्रिय योजना आयोग श्रम सम्वद्ध मन्त्रालय/ निकाय अर्थ मन्त्रालय						लगानीको न्यूनतम मापदण्ड र थ्रेशहोल्ड निर्धारण भै लागू
१.३	रोजगारीको विषय सबै क्षेत्रगत नीतिसंग सम्बन्धित भएकाले	राष्ट्रिय योजना आयोग						मूलप्रवाहीकरण गर्ने विधि स्वीकृत भै

	मूलप्रवाहीकरण गर्ने विधि अवलम्वन गर्ने।	श्रम सम्वद्ध मन्त्रालय/ निकाय अर्थ मन्त्रालय						कार्यान्वयनमा आउने
१.४	रोजगारीको विषयलाई उत्पादनशील क्षेत्रका रुपमा समावेश गर्ने।	राष्ट्रिय योजना आयोग श्रम सम्वद्ध मन्त्रालय निकाय अर्थ मन्त्रालय						विधि कार्यान्वयनमा आउने
१.५	शिक्षा प्रणालीलाई रोजगारमूलक सीप र दक्षतामा आधारित हुने गरी रुपान्तरण गर्ने गरी नीतिगत सुधार गर्ने र विद्यालय तहदेखि नै उद्यमशीलता र व्यवसाय सन्चालन सीप विषयलाई अनिवार्य विषयका रुपमा समावेश गर्ने।	श्रम र उद्योग व्यवसाय सम्वद्ध मन्त्रालय/निकाय						नीतिगत सुधार भै कार्यान्वयनमा आउने
१.६	वैदेशिक रोजगारीलाई दक्षतामा आधारित तुल्याई वैदेशिक रोजगारीमा रोजगारमूलक सीप	श्रम सम्वद्ध मन्त्रालय/निकाय						नीति स्वीकृत भै कार्यान्वयनमा आउने

	भएकालाई मात्र पठाउने नीतिगत व्यवस्था गर्ने।							
१.७	रोजगारसम्वद्ध सबै नीतिमा रोजगारी सृजनासम्बन्धी परिमाणात्मक लक्ष्य अनिवार्य रुपमा निर्धारण गर्ने गरी नीतिगत संरचनामा परिवर्तन गर्ने।	राष्ट्रिय योजना आयोग श्रम सम्वद्ध मन्त्रालय/ निकाय अर्थ मन्त्रालय						रोजगारी सृजनासम्बन्धी परिमाणात्मक लक्ष्य निर्धारण गर्ने पद्धति लागू हुने
१.८	रोजगारीका दृष्टिले सम्भाव्य क्षेत्रगत आधारमा रोजगारीको सम्भावनाको लेखाजोखा गरी नीतिको रोजगारयोग्यताको उपयोग गर्ने।	राष्ट्रिय योजना आयोग श्रम सम्वद्ध मन्त्रालय/ निकाय अर्थ मन्त्रालय						सम्भाव्य क्षेत्रगत आधारमा रोजगारीको सम्भावनाको लेखाजोखा गरी नीतिको रोजगारयोग्यताको उपयोग गर्ने
१.९	आर्थिक क्रियाकलापका लागि लगानीको केन्द्र स्थानीय तह भएकाले रोजगारी सृजनाको विषयमा स्थानीयकरणको रणनीति निर्माण गरी प्रदेश तथा स्थानीय तहलाई समन्वयात्मक रुपमा परिचालन र सहजीकरण	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय						रोजगारी सृजनाको विषयमा स्थानीयकरणको रणनीति निर्माण भै कार्यान्वयनमा आउने

	गर्ने।	श्रम सम्वद्ध मन्त्रालय/ निकाय						
२. संस्थागत र पद्धतिगत सुधार								
२.१	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई रोजगारीको क्षेत्रमा सक्षम र अधिकारसम्पन्न जवाफदेही संघीय संगठनका रुपमा सुदृढ गर्ने गरी संस्थागत सुधार गर्ने।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय श्रम सम्वद्ध मन्त्रालय/निकाय						सक्षम र अधिकारसम्पन्न जवाफदेही संघीय संगठनका रुपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सुदृढीकरण
२.२	माध्यमिक विद्यालय पछि कम्तीमा २ बर्ष रोजगारीमा संलग्न नभइकन उच्च शिक्षामा प्रवेश नदिने गरी उत्पादनशील रोजगारी र औपचारिक शिक्षा प्रणालीबीच सामन्जस्य कायम गर्ने । यसका लागि अनिवार्य रुपमा इन्टर्नशीप गर्नु पर्ने	श्रम सम्वद्ध मन्त्रालय । निकाय उद्योगसम्बद्ध मन्त्रालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय						अनिवार्य रुपमा इन्टर्नशीप पद्धति लागू हुने

	व्यवस्था गर्ने।							
२.३	विभिन्न निकायबाट रोजगारीका दृष्टिले आवश्यक पर्ने सीपमूलक तालिम र उद्यमशीलता विकास प्रशिक्षण प्रदान गरिसकेपछि रोजगारीमा संलग्न भएनभएको अनिवार्य रुपमा रोजगारी स्थापनको अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था गर्ने।	श्रम सम्वद्ध मन्त्रालय/निकाय उद्योगसम्बद्ध मन्त्रालय						रोजगारी स्थापनको अनुगमन प्रणाली कार्यान्वयनमा आउने
२.४	प्रदेश तथा स्थानीय तहमा व्यवसायिक सहभागितामूलक रोजगार परिषदको गठन गरी क्रियाशील तुल्याउने गरी प्रदेश तथा स्थानीय सरकारसंग समन्वय र सामन्जस्य कायम गर्ने।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय श्रम सम्वद्ध मन्त्रालय/निकाय						प्रदेश तथा स्थानीय तहमा रोजगार परिषद गठन भै क्रियाशील हुने
२.५	श्रम बजारको गतिशीलता र उद्योग व्यवसायको दक्ष व्यक्तिको आवश्यकताबीच	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय						श्रम तथा रोजगार बैंक गठन भै क्रियाशील हुने

	तादात्म्यता कायम गरी हुने सुदृढ व्यवस्थाका लागि श्रम तथा रोजगार बैंक खडा गर्ने र यस पद्धतिसंग प्रधानमन्त्री रोजगार कार्यक्रम, सहकारी बैंक, कृषि आधुनिकीकरण कार्यक्रम, विभिन्न क्षेत्रगत रोजगार कार्यक्रम तथा निजी व्यवसायिक क्षेत्रसंग आवद्ध गर्ने ।	श्रम सम्वद्ध मन्त्रालय/ निकाय उद्योगसम्बद्ध मन्त्रालय						
२.६	रोजगारीका आधारमा निजी व्यवसायिक क्षेत्रलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन दिने भरपर्दो र दिगो व्यवस्था गर्ने ।	अर्थ मन्त्रालय श्रम सम्वद्ध मन्त्रालय/ निकाय उद्योगसम्बद्ध मन्त्रालय						निजी व्यवसायिक क्षेत्र प्रोत्साहित हुने
२.७	रोजगारीको सृजना र उपयोगमा गरेको उपलब्धिका आधारमा प्रदेश तथा स्थानीय तहका सरकारलाई संस्थागत तथा वित्तीय रुपमा प्रोत्साहन गर्ने ।	अर्थ मन्त्रालय श्रम सम्वद्ध मन्त्रालय/ निकाय संघीय मामिला तथा सामान्य प्रशासन						प्रदेश तथा स्थानीय तह प्रोत्साहित हुने

		मन्त्रालय						
२.८	रोजगारसंग सम्बन्धित सबै नीतिको कार्यक्रम र बजेट कार्यान्वयनको आवधिक तथा बार्षिक समीक्षा एवं विभिन्न तहमा गरिने विकास समस्या समाधान समितिको बैठकमा रोजगारीको विषयको समेत एकीकृत रुपमा समीक्षा गर्ने पद्धति अवलम्वन गर्ने।	/राष्ट्रिय योजना आयोग श्रम सम्वद्ध मन्त्रालय/ निकाय अर्थ मन्त्रालय						रोजगारी सृजनाको उपलब्धिको समीक्षा हुने
२.९	सबै रोजगारसम्वद्ध नीतिको रोजगारी परीक्षणका साथै न्यूनतम रोजगारीका लागि मापदण्ड र स्तरको परिपालनाको परीक्षण गर्ने विधि अवलम्वन गर्ने।	राष्ट्रिय योजना आयोग श्रम सम्वद्ध मन्त्रालय/ निकाय अर्थ मन्त्रालय						रोजगारसम्वद्ध नीतिको रोजगारी परीक्षण प्रणाली लागू हुने न्यूनतम रोजगारीका लागि मापदण्ड र स्तरको परिपालनाको परीक्षण हुने
२.१०	वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको दक्षता र अनुभवलाई निश्चित मापदण्ड बनाई सीप प्रमाणीकरण तथा स्तरीकरण गर्ने	श्रम सम्वद्ध मन्त्रालय/ निकाय शिक्षा, विज्ञान						सीप प्रमाणीकरण तथा स्तरीकरण हुन]

	प्रणाली लागू गर्ने।	तथा प्रविधि मन्त्रालय						
२.११	सबै स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्र रहेका सबै प्रकारका रोजगारमूलक सीप हासिल गरेका व्यक्तिको एकीकृत अभिलेख तथा सूचना व्यवस्थापन प्रणालीको विकास गरी सन्चालन गर्ने र अनिवार्य रोजगारीको अवसर उपलब्ध गराउंदा यसै प्रणालीलाई आधार बनाउने पद्धति अवलम्वन गर्ने।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय श्रम सम्वद्ध मन्त्रालय/ निकाय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय						स्थानीय तहमा सीप हासिल गरेका व्यक्तिको एकीकृत सूचना प्रणाली क्रियाशील हुने
३. विशेष कार्यक्रममा आधारित सुधार								
३.१	नेपालमा प्रकृतिक वैशिष्ट्यतामा आधारित पर्यटन उद्योग, कृषिको व्यावसायीकरण, जडीबुटी प्रशोधन तथा उत्पादन उद्योग, उच्च हिमाली क्षेत्रको स्रोतमा आधारित स्वच्छ खानेपानी उत्पादन गर्ने उद्योग यस्ता क्षेत्र हुन जसमा पर्याप्त	श्रम सम्वद्ध मन्त्रालय /निकाय विषय सम्बन्धित अन्य मन्त्रालय						रोजगारीका सम्भाव्य क्षेत्रको व्यावसायीकरण भै रोजगारी सृजना हुन]

	रोजगारी सृजना हुने सम्भावना रहेको छ, यसलाई प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक फाइदाको रुपमा रोजगारी सृजनाका लागि उपयोग गर्ने र सघन रुपमा प्रोत्साहन दिनेगरी विशेष कार्यक्रम कार्यान्वयन गर्ने।							
३.२	नेपालमा फोहोरमैलाजन्य स्रोतको व्यावसायीकरण गरी रोजगारी सृजना गर्न विशेष कार्यक्रम सन्चालन गर्ने।	वन तथा वातावरण मन्त्रालय उद्योगसम्बद्ध मन्त्रालय						फोहोरमैलाजन्य स्रोतको व्यावसायीकरण भै रोजगारी सृजना हुने
३.३	अनौपचारिक क्षेत्रको श्रम र रोजगारीलाई मर्यादित कामको सिद्धान्तका आधारमा औपचारिक र संगठित क्षेत्रको रोजगारीमा रुपान्तरण गर्न निजी व्यवसायिक क्षेत्रसंग सहकार्य र साझेदारी गर्ने।	उद्योगसम्बद्ध मन्त्रालय श्रम सम्वद्ध मन्त्रालय/ निकाय						अनौपचारिक क्षेत्रका श्रमिक मर्यादित काममा संलग्न हुने
३.४	नेपालमा कामको सम्मान र उद्यमशील संस्कारको विकास	श्रम सम्वद्ध मन्त्रालय/						कामको सम्मान र उद्यमशीलताको

	गर्नका लागि समुदायस्तरमा विशेष अभियानमूलक कार्यक्रम सन्चालन गर्न प्रदेश तथा स्थानीय तहलाई परिचालन गर्ने ।	निकाय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय						संस्कार विकास हुने
३.५	ठूलो संख्यामा रोजगारी दिनसक्ने उद्योगको स्थापना र सन्चालन गर्न सरकारले निजी व्यवसायिक क्षेत्रलाई प्रोत्साहित गर्ने गरी विशेष कार्यक्रम सन्चालन गर्ने।	उद्योगसम्बद्ध मन्त्रालय श्रम सम्वद्ध मन्त्रालय/ निकाय						कामको सम्मान र उद्यमशीलताको संस्कार विकास हुने
३.६	स्थानीय तहबाट सन्चालन हुने पूर्वाधारको विकास निर्माणका कार्यमा अनिवार्य रुपमा मानव श्रमको उपयोग गर्ने पद्धति लागू गर्ने।	स्थानीय तहबाट सन्चालन हुने पूर्वाधारको विकास निर्माणका कार्यमा अनिवार्य रुपमा मानव श्रमको उपयोग गर्ने पद्धति लागू गर्ने।						अनिवार्य रुपमा मानव श्रमको उपयोग गर्ने पद्धति लागू हुने
३.७	रोजगारीमा रहेका (औपचारिक।	उद्योगसम्बद्ध						सबै श्रमिकको श्रम

	संगठित तथा अनौपचारिक । असंगठित क्षेत्रका समेत) कामदार तथा कर्मचारीहरुको श्रम उत्पादकत्व अभिवृद्धि गर्न सीप अभिवृद्धि गर्ने कार्यका लागि निजी व्यवसायिक क्षेत्रलाई विकास कार्यक्रम मार्फत लगानीको योजनासहित कार्यान्वयनमा वित्तीय, प्रविधिगत तथा व्यवस्थापकीय सहयोग गर्ने उद्योगसम्बद्ध मन्त्रालय श्रम सम्वद्ध मन्त्रालय निकाय	मन्त्रालय श्रम सम्वद्ध मन्त्रालय निकाय						उत्पादकत्व वृद्धि हुने र रोजगारीका अवसरमा वृद्धि हुने

सन्दर्भ सामग्री सूची

- आर्थिक सर्वेक्षण, २०७५/७६, नेपाल सरकार, अर्थ मन्त्रालय
- औद्योगिक नीति, २०६७, , नेपाल कानून आयोग
- गरिबी निवारण नीति, २०७६, नेपाल कानून आयोग
- जडिबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय
- जलविद्युत विकास नीति, २०५८, नेपाल कानून आयोग
- नेपाल दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०१७
- नेपाल बहुआयामिक गरिबी सूचकांक (एम.पि.आई.), राष्ट्रिय योजना आयोग, २०१८
- नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०, नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
- नेपाल सरकारका राष्ट्रिय नीतिहरूको वर्गीकरण (अध्ययन प्रतिवेदन) २०७५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
- नेपालको संविधान, २०७२, नेपाल कानून आयोग
- पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), राष्ट्रिय योजना आयोग, २०७६
- पर्यटन नीति, २०६५, नेपाल कानून आयोग
- पौडेल, कृष्ण, टीका भट्टराई र युवराज सुवेदी,२०७२, कृषि विकास विवेचनाः कृषि विकास रणनीति २०७१– २०९१ को भाषान्तरित सारांश र नागरिक विश्लेषण, खाद्यका लागि कृषि अभियान, सचिवालय, फरेष्टएक्सन नेपाल, काठमाण्डौ।
- राष्ट्रिय कृषि २०६१, नेपाल कानून आयोग
- राष्ट्रिय यातायात नीति, २०५८, नेपाल कानून आयोग
- राष्ट्रिय रोजगार नीति, २०७१, नेपाल कानून आयोग
- राष्ट्रिय वन नीति, २०७५, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय
- राष्ट्रिय वातावरण नीति, २०७६, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय
- रोजगारीको हक सम्बन्धी ऐन, २०७५, नेपाल कानून आयोग
- वनक्षेत्रको दीर्घकालीन रणनीति, २०७३/७४-२०८२-८३), नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय
- वैदेशिक रोजगार नीति, २०६८, नेपाल कानून आयोग
- सिंचाई नीति ,२०७०, नेपाल कानून आयोग
- सूचना तथा संचार प्रविधि नीति, २०७२, नेपाल कानून आयोग
- Bennett J. and Phelps M. 1983. A model of employment creation in an open developing economy. In Oxford Economic Papers 35 (1983), 373-398

- Burgos S. et.al. 2016. Policy Evaluation Framework. FUSIONS, European Union.
- EEA. 2016. Environment and climate policy evaluation, European Environment Agency, Luxembourg.
- European Training Foundation. 2018. Guide to Policy Analysis. European Training Foundation.
- Frank F. et.al. (ed.). 2007. Handbook of public policy analysis: theory, politics, and methods CRC Press Taylor & Francis Group.
- Habanabakize T. & Muzindutsi P. 2018. Analysis of the keynesian theory of employment and sectoral job creation: the case of the south african manufacturing sector. In Folia Oeconomica Stetinensia, Volume 18 (2018) Issue 1 DOI: 10.2478/foli-2018-0010.
- Hellström T. & Jacob M. 2017. Policy instrument affordances: a framework for analysis. In Policy Studies VOL. 38, NO. 6, 604–621 https://doi.org/10.1080/01442872.2017.1386442 Routledge Taylor and Francis Group.
- Institute of Health Economics. 2012. Frameworks for post-policy implementation review. Edmonton AB: Institute of Health Economics.
- Kaboub F. 2007. Employment Guarantee Programs: A Survey of Theories and Policy Experiences. The Levy Economics Institute, New York.
- Malhotra R. 2014. India Public Policy Report: tackling poverty, hunger and malnutrition. Oxford University Press, New Delhi, India.
- Mickwitz P. 2003. A Framework for Evaluating Environmental Policy Instruments Context and Key Concepts. Sage Publications.
- Report on the Nepal Labour Force Survey 2017/18. Government of Nepal National Planning Commission Central Bureau of Statistics.
- Sabatier, Paul A. nd. The implementation of public policy: a framework of analysis University of California.
- Sabatier, Paul A. Regulatory Policy-Making: Toward a Framework of Analysis, 17 Nat. Resources J. 415 (1977). Available at: https://digitalrepository.unm.edu/nrj/vol17/iss3/5
- Schouten M.A.H. et.al. 2012. A resilience-based policy evaluation framework: Application to European rural development policies. In Ecological Economics Vol. 81. http://dx.doi.org/10.1016/j.ecolecon.2012.07.004